# समाजसापेक्षताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तक

समाजसापेक्षताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तक - मिना भुसाल २०८१

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

स्नातकोत्तर तह चौथो सत्रको नेपाली शिक्षा (नेपा.शि ५४४)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

शोधपत्र

शोधकर्ता

मिना भुसाल

महेन्द्ररत्न क्याम्पस

नेपाली शिक्षा विभाग,

ताहाचल, काठमाडौँ

२०८१

# समाजसापेक्षताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तक

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

स्नातकोत्तर तह चौथो सत्रको नेपाली शिक्षा (नेपा.शि ५४४)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


शोधकर्ता

मिना भुसाल

क्याम्पस क्रमाङ्क : २६/०७६

त्रि.वि परीक्षा क्रमाङ्क : ७६२९०६३

त्रिवि दर्ता क्रमाङ्क : ९-२-२९-१०१-२०१५

महेन्द्ररत्न क्याम्पस

नेपाली शिक्षा विभाग,

ताहाचल, काठमाडौँ


२०८१

| | |
|---|---|
| बुझाएको मिति | मौखिक परीक्षा मिति |
| वि.सं : २०८०/१२/०९ | वि.सं : २०८१/०१/०४ |
| सन् : मार्च २२, २०२४ | सन् : अप्रिल १६, २०२४ |

© २०८१
मिना भुसाल
सर्वाधिकार शोधार्थीमा

## प्रतिबद्धता पत्र

प्रस्तुत शोधप्रत्रमा संलग्न सामग्रीहरू कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । यसर्थ यो शोधपत्र सम्पूर्णत: मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

.....................

मिना भुसाल

शोधार्थी

वि.सं. २०८०/१२/०९

TRIBHUVAN UNIVERSITY
महेन्द्ररत्न क्याम्पस
MAHENDRA RATNA CAMPUS
4-271709
4-271728
P.O.Box: 1048
Tahachal, Kathmandu.
Ref No.:-

## सिफारिस पत्र

महेन्द्ररत्न क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह, चौथो सेमेस्टरको नेपाली शिक्षा (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत *समाजसापेक्षताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तक* शीर्षकको शोधपत्र शोधार्थी मिना भुसालले मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक गरिएको यस शोधकार्यबाट म सन्तुष्ट छु । यसर्थ प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा विभागमा सिफारिस गर्दछु ।

..................................

(सहप्रा.डा. दावा शेर्पा)

शोधनिर्देशक

मिति : २०८०/१२/०९

सन् : मार्च २२, २०२४

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र तयार पार्नका लागि आफ्नो व्यस्तताका बिचबाट समय बचाएर सुरु चरणदेखि नै आवश्यक सरसल्लाह र सुझाव दिई अमूल्य सहयोग प्रदान गर्नुहुने शोधनिर्देशक सहप्रा.डा. दावा शेर्पाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै शोधप्रस्ताव लेखनदेखि शोधपत्र तयारीको यस चरणसम्म आइपुग्दा आवश्यक संरचना निर्माण, लेखन, संशोधन, परिमार्जन, मूल्याङ्कन आदि विविध विषयमा निरन्तर सहयोग, सल्लाह र सुझाव प्रदान गर्नुहुने महेन्द्ररत्न क्याम्पस ताहाचल, नेपाली शिक्षा विभागका विभागीय प्रमुख सहप्रा.डा.नेत्रप्रसाद पौडेलप्रति हृदयतः आभार प्रकट गर्दछु ।

शोधपत्रको शीर्षक छनोट देखि लेखनका क्रममा अमूल्य सुझाव दिने आदरणीय गुरुहरू उपप्रा.डा. दुर्गाप्रसाद दाहाल, उपप्रा.डा. रामकुमार राई, उपप्रा. टीका जिरेल, सहप्रा. डा. जीवलाल बस्याल र श्री हेरम्बराज बास्तोलाप्रति म आभारी छु । यस क्याम्पसका क्याम्पस प्रमुख सहप्रा. गेहेन्द्रप्रसाद दाहाल र सहायक क्याम्पस प्रमुख डा. गोविन्द देवकोटाप्रति आभार व्यक्त गर्दछु । विविध स्रोतका सन्दर्भ सामग्री उपलब्ध गराई सहयोग गर्ने महेन्द्ररत्न क्याम्पस पुस्तकालय परिवारप्रति पनि म कृतज्ञ छु । यस सन्दर्भमा जन्म दिने बुबाआमा, कर्म दिने सासूससुरा र समय उपलब्ध गराई बौद्धिक रूपमा सहयोग पुऱ्याउने श्रीमान्प्रति आभार प्रकट गर्नु म आफ्नो कर्तव्य ठान्दछु ।

प्रस्तुत शोधपत्रलाई सरल, सुबोध्य, विश्वसनीय र वस्तुनिष्ठ बनाउन अथक प्रयत्न गर्दा गर्दै पनि त्रुटि एवम् कमीकमजोरीहरू अनेकौं रहेका हुन सक्छन् । म तिनलाई आत्मसात् गर्दछु । यसमा जेजस्ता उपलब्धिहरू प्राप्त भएका छन् ती सबै मलाई हौसला र प्रेरणाका साथमा मूल्याङ्कन गरी सल्लाह र सुझाब दिनुहुने गुरुहरूका कारण सम्भव भएका हुन् भन्ने ठान्दछु । शोधपत्र पूरा गर्नका लागि तिमी सक्छ्यौ थाल भनेर सधैं हौसला प्रदान गर्ने दिदीहरू भगवती शिवाकोटी, लक्ष्मी भुसाल र साथी सन्तोषी खड्कालाई धन्यवाद दिन्छु । शोधपत्रको प्राविधिक पक्ष मिलाउनका लागि अमूल्य सहयोग पुऱ्याउने वृष रावललाई धन्यवाद दिन्छु ।

अन्त्यमा यसमा जे जति कमीकमजोरी भएका छन् ती सबै मेरा आफ्नै सिकारुपन र असावधानीका उपज हुन् भन्ने कुरा स्वीकार गर्दछु र सबै विज्ञ तथा साथीहरूबाट आवश्यक सुझाव र सहयोगको अपेक्षा गर्दछु ।

मिति : २०८०/१२/०९

........................

(मिना भुसाल)

शोधार्थी

## शोधसार

प्रस्तुत शोध अध्ययन *समाजसापेक्षताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रस्तुत समाजको लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्गको विश्लेषण गर्नु, भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको पहिचान* गर्नु गरी दुई उद्देश्यमा आधारित भएर पूरा गरिएको छ । प्रस्तुत शोधकार्यलाई व्यवस्थित, वस्तुपरक र वैज्ञानिक ढङ्गले अगाडि बढाउन र अपेक्षित उद्देश्यहरू हासिल गर्न गुणात्मक ढाँचाभित्र वर्णनात्मक-विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । शोधपत्रमा पहिलो उद्देश्यअन्तर्गत कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रस्तुत समाजको लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति र वर्गको अध्ययन गरिएको छ । दोस्रो उद्देश्यअन्तर्गत पाठ्यपुस्तकमा प्रस्तुत भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको अध्ययन विश्लेषण गरिएको छ ।

पाठ्यपुस्तकमा पहाडी, तराई, हिमाली, उपत्यका, अर्न्तराष्ट्रिय र विविध परिवेशको चित्रण गरेको पाइयो । विज्ञानप्रविधिको प्रयोग र लोकतान्त्रिक मूल्यमान्यताका आधारमा पनि पाठ्यपुस्तक समाजसापेक्ष नै देखियो । समावेशिताका दृष्टिले पाठ्यपुस्तक समाजसापेक्ष रहेको पाइयो । साइबर अपराध, पैसाको मोहमा परेर विदेशिनु वर्तमान समाजका जल्दाबल्दा समस्या र त्यसको समाधानार्थ चेतनामूलक शिक्षामा जोड दिएर पाठ्यपुस्तकलाई समाजसापेक्ष बनाएको देखियो । विधाका आधारमा हेर्दा पुरानो पाठ्यपुस्तक र नयाँ पाठ्यपुस्तक समान देखिए पनि पुरानो पाठ्यपुस्तकमा भन्दा नयाँ पाठ्यपुस्तकमा वर्तमान समयका समस्या र तिनको समाधानार्थ चेतनामूलक शिक्षा, बढी व्यावहारिक, प्रयोगशील, विद्यार्थीपरक, शिक्षण सिकाइका दृष्टिले उपयुक्त र समाजसापेक्ष रहेको पाइयो ।

समाजसापेक्षताका आधारमा कक्षा दशको पाठ्यपुस्तकलाई हेर्दा पाठका विषयगत प्रसङ्गबाट सामाजिकता झल्किने भएको हुँदा पाठ समाजसापेक्ष देखिन्छन् । केटाकेटी र वृद्धलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्गको कमी भए पनि कक्षा दशमा पढ्ने विद्यार्थी किशोर समूहमा पर्ने र विस्तारै युवा तथा वयस्क अवस्थामा प्रवेश गर्ने भएकाले युवा तथा वयस्कका क्रियाकलापका प्रसङ्ग बढी पाइएको हुनाले उमेरगत आधारमा हेर्दा पाठ्यपुस्तक समाजसापेक्ष देखिन्छ । शिक्षाका आधारमा पाठ्यपुस्तक शिक्षित समुदायमा लक्षित भएकाले समाजसापेक्ष नै देखिन्छ । यस पाठ्यपुस्तकले कुनै जातिलाई माथि उठाउने र कुनैलाई तल झार्ने काम नगरी सामान रूपमा हेरेकाले जातका आधारमा उपयुक्त नै देखिन्छ । पाठ्यपुस्तकले तीनवटै वर्ग (निम्न, मध्यम र उच्च) भेदलाई समान रूपमा हेरेको छ ।

## विषयसूची


| शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| प्रतिबद्धता पत्र | क |
| सिफारिसपत्र | ख |
| स्वीकृतिपत्र | ग |
| कृतज्ञता ज्ञापन | घ |
| शोधसार | च |
| विषयसूची | छ |
| तालिकासूची | झ |
| चित्रसूची | ट |
| **अध्याय एक : शोधपरिचय** | **१–६** |
| विषयप्रवेश | १ |
| समस्याकथन | ३ |
| शोधप्रश्न | ४ |
| अध्ययनका उद्देश्य | ४ |
| अध्ययनको औचित्य | ४ |
| अध्ययनको परिसीमा | ५ |
| शोधपत्रको रूपरेखा | ६ |
| **अध्याय दुई : सम्बन्धित कार्यहरूको पर्यावलोकन** | **७–२९** |
| अवधारणाको विकास | ७ |
| सैद्धान्तिक कार्यहरूको पर्यावलोकन | १० |
| प्रायोगिक कार्यहरूको पर्यावलोकन | २१ |
| पूर्वकार्य पर्यावलोकनको उपयोगिता | २६ |
| अध्ययनको अवधारणात्मक ढाँचा | २८ |
| **अध्याय तीन : विधि तथा प्रक्रिया** | **३०–३१** |
| अध्ययनको ढाँचा | ३० |
| सामग्रीको स्रोत | ३० |
| अध्ययनको क्षेत्र र नमुना | ३० |

सामग्री निर्माण र कार्यान्वयन ३०
सूचना सङ्कलन प्रक्रिया ३१
सूचनाको व्याख्या तथा विश्लेषण ३१

**अध्याय चार : व्याख्या तथा विश्लेषण** ३२-९४
भाषा पाठ्यपुस्तकको परिचयात्मक विश्लेषण ३२
पाठ्यपुस्तकको समाजसापेक्ष विश्लेषण ३७
- लिङ्ग ३७
- उमेर ४४
- पेसा ५५
- जातजाति ६१
- धर्मसंस्कृति ६४
- वर्ग ७०
- भूगोल ७७
- विज्ञान र प्रविधि ८८
- लोकतान्त्रिक मूल्यमान्यता ९२

**अध्याय पाँच : उपसंहार** ९५-१००
प्राप्ति ९५
निष्कर्ष ९८
अध्ययनको शैक्षणिक उपादेयता ९९
भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू १००

**सन्दर्भ सामग्री सूची** १०१-१०२
**परिशिष्टहरू** क-ख
**व्यक्तिगत विवरण**

## तालिकासूची


तालिका १ : पाठ, विधा, क्षेत्र र पृष्ठसङ्ख्या १०

तालिका २ : पाठ्यपुस्तक निर्माणका आधारहरू १२

तालिका ३ : लिङ्ग र लिङ्ग बुझाउने नाम शब्दहरू १३

तालिका ४ : उमेर र उमेर बुझाउने नाम शब्दहरू १४

तालिका ५ : जाति र जाति बुझाउने शब्दहरू १६

तालिका ६ : धर्म र धर्म बुझाउने शब्दहरू १७

तालिका ७ : संस्कृति र संस्कृति बुझाउने शब्दहरू १८

तालिका ८ : वर्ग र वर्ग बुझाउने शब्दहरू १८

तालिका ९ : भूगोल र भूगोल जनाउने शब्दहरू १९

तालिका १० : विज्ञानप्रविधि र विज्ञानप्रविधिलाई प्रयुक्त गर्ने नाम शब्दहरू २०

तालिका ११ : लोकतान्त्रिक मूल्यमान्यता जनाउने नामशब्दरू २१

तालिका १२ : पाठसङ्ख्या र शीर्षक ३३

तालिका १३ : पाठसङ्ख्या र विधाहरू ३४

तालिका १४ : विधा र विधाले समेट्ने क्षेत्र ३५

तालिका १५ : विधागत पाठअन्तर्गत भाषातत्वको व्यवस्था र क्षेत्र ३६

तालिका १६ : कविता विधामा लैङ्गिक अवस्था ३७

तालिका १७ : कथा विधामा लैङ्गिक अवस्था ३८

तालिका १८ : निबन्ध विधामा लैङ्गिक अवस्था ४०

तालिका १९ : रूपक विधामा लैङ्गिक अवस्था ४१

तालिका २० : जीवनी विधामा लैङ्गिक अवस्था ४२

तालिका २१ : चिठी विधामा लैङ्गिक अवस्था ४३

तालिका २२ : कथा विधामा वृद्ध र युवा/वयस्क उमेर प्रतिनिधित्वको अवस्था ४४

तालिका २३ : कथा विधामा किशोर र बाल उमेर प्रतिनिधित्वको अवस्था ४६

तालिका २४ : जीवनी विधामा वृद्ध र युवा/वयस्क उमेर प्रतिनिधित्वको अवस्था ४८

तालिका २५ : जीवनी विधामा बाल उमेर प्रतिनिधित्वको अवस्था ४९

तालिका २६ : मनोवाद विधामा युवा/वयस्क र किशोर उमेर प्रतिनिधित्वको अवस्था ५०
तालिका २७ : मनोवाद विधामा बाल उमेर प्रतिनिधित्वको अवस्था ५१
तालिका २८ : एकाङ्की विधामा वृद्ध र युवा/वयस्क उमेर प्रतिनिधित्वको अवस्था ५२
तालिका २९ : एकाङ्की विधामा किशोर र बाल उमेर प्रतिनिधित्वको अवस्था ५३
तालिका ३० : वादविवाद विधामा युवा/वयस्क र किशोर उमेर प्रतिनिधित्वको अवस्था ५४
तालिका ३१ : चिठी विधामा युवा/वयस्क उमेर प्रतिनिधित्वको अवस्था ५५
तालिका ३२ : कथा र निबन्ध विधामा पेसागत अवस्था ५६
तालिका ३३ : जीवनी र मनोवाद विधामा पेसागत अवस्था ५८
तालिका ३४ : चिठी र एकाङ्की विधामा पेसागत अवस्था ५९
तालिका ३५ : वादविवाद विधामा पेसागत अवस्था ६०
तालिका ३६ : कथा र निबन्ध विधामा जातजातिको अवस्था ६१
तालिका ३७ : जीवनी र एकाङ्की विधामा जातजातिको अवस्था ६२
तालिका ३८ : वादविवाद र चिठी विधामा जातजातिको अवस्था ६३
तालिका ३९ : कथा र जीवनी विधामा धर्मसंस्कृतिको प्रतिनिधित्व ६५
तालिका ४० : निबन्ध विधामा धर्मसंस्कृतिको प्रतिनिधित्व ६६
तालिका ४१ : मनोवाद र एकाङ्की विधामा धर्मसंस्कृतिको प्रतिनिधित्व ६७
तालिका ४२ : वादविवाद विधामा धर्मसंस्कृतिको प्रतिनिधित्व ६८
तालिका ४३ : कथा विधामा वर्ग प्रतिनिधित्वको अवस्था ७०
तालिका ४४ : जीवनी विधामा वर्ग प्रतिनिधित्वको अवस्था ७२
तालिका ४५ : निबन्ध विधामा वर्ग प्रतिनिधित्वको अवस्था ७४
तालिका ४६ : एकाङ्की विधामा वर्ग प्रतिनिधित्वको अवस्था ७५
तालिका ४७ : वादविवाद विधामा वर्ग प्रतिनिधित्वको अवस्था ७६
तालिका ४८ : चिठी विधामा वर्ग प्रतिनिधित्वको अवस्था ७६
तालिका ४९ : कथा विधामा भूगोलको अवस्था ७८
तालिका ५० : कविता विधामा भूगोलको अवस्था ८०
तालिका ५१ : जीवनी विधामा भूगोलको अवस्था ८०

तालिका ५२ : निबन्ध विधामा भूगोलको अवस्था ८१
तालिका ५३ : मनोवाद विधामा भूगोलको अवस्था ८४
तालिका ५४ : एकाङ्की विधामा भूगोलको अवस्था ८५
तालिका ५५ : वादविवाद विधामा भूगोलको अवस्था ८६
तालिका ५६ : चिठी विधामा भूगोलको अवस्था ८७
तालिका ५७ : कविता विधामा सूचना, सञ्चार र प्रविधि ८८
तालिका ५८ : कथा विधामा सूचना, सञ्चार र प्रविधि ८९
तालिका ५९ : जीवनी विधामा सूचना, सञ्चार र प्रविधि ८९
तालिका ६० : निबन्ध विधामा सूचना, सञ्चार र प्रविधि ९०
तालिका ६१ : मनोवाद विधामा सूचना, सञ्चार र प्रविधि ९१
तालिका ६२ : चिठी विधामा सूचना, सञ्चार र प्रविधि ९१
तालिका ६३ : जीवनी विधामा लोकतान्त्रिक मूल्यमान्यताको अवस्था ९२
तालिका ६४ : वादविवाद विधामा लोकतान्त्रिक मूल्यमान्यताको अवस्था ९३

## चित्रसूची

चित्र १ : शोध अध्ययनको अवधारणात्मक ढाँचा २८

# अध्याय एक

# शोधपरिचय

यस शोधपत्रको अध्याय एकमा शोधपत्रको विषयप्रवेश, समस्या कथन, शोधप्रश्न, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, परिसीमा र अध्ययनको रूपरेखा रहेका छन् । समाजको परिस्थितिअनुसार पाठ्यपुस्तक निर्माण हुनुपर्नेमा त्यसअनुरूप भएको देखिँदैन । यस शोधपत्रमा अध्ययनको परिसीमामा लिङ्ग, उमेर, पेसा, जाति, धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यतालाई समावेश गरी शोधपत्र तयार गरिएको छ ।

## विषयप्रवेश

समाज भनेको मानिसहरूको समूह हो । यसले साझा वस्तीलाई जनाउँछ । यतिले मात्र समाजको अर्थ समेट्न सक्दैन । समाजमा धार्मिक, सांस्कृतिक, भाषिक, राजनीतिक, वर्गीय विविधताभित्र एकता भएको हुनुपर्छ । समुदाय बन्नका लागि निश्चित भूगोल क्षेत्र वा इलाका आवश्यक हुन्छ । समुदायको जीवनशैली एकआपसमा आश्रित हुन्छ । यसलाई भूगोल, भाषा, धर्म, जात, जाति आदिको आधारमा अर्थ्याउन र प्रस्ट्याउन सकिन्छ । निश्चित इलाकामा बस्ने समान ऐतिहासिक, सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, धार्मिक अवस्थामा रहेर साझा जीवनशैली अपनाउने व्यक्तिहरूको समूह हो । (अधिकारी, पौडेल र जोशी, २०७२, पृपृ. ९१-९२) यसबाट समाज मानिसका लागि अति आवश्यक छ, हाम्रो दुःख र खुसी एक अर्कामा बाँड्नका लागि समाजको आवश्यकता रहेको देखिन्छ ।

हाम्रा पुराणहरूमा प्रकाशको गति मनको गतिपछिको सबैभन्दा तीव्र हुन्छ भनेर स्थापित गरिएको छ । यही स्वीकारोक्तिलाई आइन्सटाइनले सापेक्षताको सिद्धान्तका रूपमा विश्वभर स्थापित गरे । आइन्सटाइनले प्रकाशको गति बाहिरी आँखाले ठम्याउन नसक्ने भएकाले “सबैले एउटै गतिमा उज्यालो दिएको देख्छन” (देवकोटा : २०७९) भने । यसको अर्थ प्रकाश स्थिर छ भन्ने हुँदै होइन, मानिस प्रकाशको गति नदेखेर यो स्थिर छ भन्ने भ्रममा रहेका मात्रै हुन् । समाजका हरेक पक्ष गतिशील र परिवर्तनशील हुन्छन् तर समाज स्थिर रहेको देख्नेहरू पनि छन् । हरेक जीव, निर्जीव सबैको सापेक्षता छ । अर्को अर्थमा भन्नुपर्दा सबैको धर्म हुन्छ- प्रकृतिले दिएका गुण प्रकृतिमा रहेका सबैको हितमा प्रयोग गर्नु । पानीको धर्म, आगोको धर्म, हावाको धर्म, ढुङ्गा-माटोको धर्म । भौतिक, अभौतिक

वस्तु वा पदार्थ सबैको जिम्मेवारी तोकिएको छ र त्यो नै सापेक्षता हो । सापेक्ष भनेको समेटिनु हो (देवकोटा : २०७९) । यसबाट जानेर वा नजानेर हरेक व्यक्तिले आफू मानव हुनुको सापेक्षता हरेक पक्षमा लागु गरिरहेको हुन्छ, त्यो यसको धर्म हो भन्ने देखिन्छ ।

भाषा पाठ्यपुस्तक खास तह र कक्षाका निमित्त पाठ्यक्रमका भाषिक अपेक्षाहरू परिपूर्ति गर्ने गरी विषय विशेषज्ञद्वारा सङ्कलन, सम्पादन वा लेखन गरिएका पाठ्यवस्तुहरू छनोट र स्तरण गरी प्रस्तावित र अनुमोदित महत्त्वपूर्ण शिक्षण तथा सिकाइ सामग्री हो । यो सरल, सहज, विश्वसनिय, सुलभ, रुचिपूर्ण र भरपर्दो साधन हो । भाषिक र भाषेतर विषयको संयोजन गरी पर्याप्त अभ्यास र आवृत्तिको अवसर दिई भाषिक सिपहरू हासिल गराउने माध्यम भाषापाठ्यपुस्तक हो । विद्यार्थीलाई के पढ्ने भन्ने चिन्ताबाट र शिक्षकलाई के कसरी र कुन क्रममा पढाउने भन्ने चिन्ताबाट मुक्त बनाउने साधन भाषापाठ्यपुस्तक शिक्षण तथा सिकाइका सिद्धान्तलाई ख्याल गरेर लेखन वा सम्पादन गरिने भएको हुँदा सरोकार राख्ने सबैलाई आश्वस्त बनाउन सक्ने उपाय पनि हो (ढकाल, २०७७, पृपृ. ११५-११६) । यसबाट पाठ्यपुस्तकले विभिन्न कक्षा र विषयका बिच एकरूपता कायम गर्न मदत पुऱ्याउने देखिन्छ ।

विद्यालय समाजमा स्थापित एक व्यवस्थित किसिमको शिक्षा प्रदान गर्ने औपचारिक शैक्षिक संस्था हो । यसको स्थापना व्यक्ति र समाजको भलाइका लागि भएको हो । विद्यालय भनेको ज्ञान आर्जन गर्ने थलो मात्र नभई सामाजिक, सांस्कृतिक मूल्य आदर्श नयाँ पुस्तामा हस्तान्तरण गर्ने एक सशक्त माध्यम हुनाका साथै तिनको संरक्षण, सम्बर्धन गर्ने एक महत्त्वपूर्ण निकाय पनि हो । शिक्षाशास्त्री जोन डिवे (ढकाल, २०७३, पृ.१४०) को भनाइमा विद्यालय समाजको वास्तविक प्रतिनिधि हुनुपर्छ । कुनै पनि समाजमा स्थापित विद्यालय उक्त समाजको विकासका निम्ति केन्द्रबिन्दुका रूपमा रहेको हुन्छ । दैनिक पठनपाठनका अतिरिक्त बालबालिकाहरूमा सामाजिक आचार-व्यवहारका दृष्टिले आवश्यक व्यावहारिक पाठसमेत विद्यालयमा सिकाइने भएकाले समाजको एक अभिन्न अङ्गको रूपमा विद्यालयको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ (ढकाल, २०७३, पृपृ. १४०-१४१) । यसबाट विद्यालयका क्रियाकलापहरू पनि समाजसापेक्ष हुन आवश्यक रहेको हुन्छ भन्ने देखिन्छ ।

शिक्षाले व्यक्तिको व्यवहार आनीबानी, संस्कार र समग्र गतिविधिलाई समाज सापेक्ष एवम् समय सापेक्ष बनाउन आवश्यक मार्गनिर्देशन गर्दछ । व्यक्तिमा नागरिक चेतनाको

विकास गराउने तथा चरित्रवान एवम् राष्ट्रका लागि समर्पित, उत्तरदायी तथा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत नागरिक तयार गर्ने उद्देश्य पनि शिक्षाको भएकोले चरित्रवान नागरिक निर्माण गरी सामाजिक सद्भाव विकासमा पनि शिक्षा सहयोगी हुन्छ (पोखरेल, २०७३, पृपृ. १४०-१४१) । यसबाट शिक्षाले मानवको व्यवहार समाज सापेक्ष रूपमा विकास गराएको हुनुपर्छ भन्ने देखिन्छ ।

विविधतामय समाजमा पठनपाठनका लागि प्रयोग हुने पाठ्यपुस्तक समाज सापेक्ष हुनु पर्दछ । समाज र पाठ्यपुस्तक एक अर्कासँग अन्तर्सम्बन्धित हुनुपर्दछ । समाजको परिस्थिति र पाठ्यपुस्तकका विषयहरू फरक खालको भएमा अपेक्षित कुराहरू पूरा हुन सक्दैनन् । पाठ्यपुस्तक समाजको परिस्थिति अनुरूप निर्माण हुँदा विद्यार्थीले समाजलाई नजिकबाट नियाल्ने अवसर प्राप्त गर्दछन् । विद्यालयमा पठनपाठनका निम्ति तयार पारिने पाठ्यपुस्तकहरूमा नेपाली समाजको वास्तविक प्रतिबिम्ब देखिनु जरुरी हुन्छ । नेपाली समाजले अपेक्षा गरेका ज्ञान, सिप, अभिवृद्धि गर्न पाठ्यपुस्तक सक्षम हुनुपर्छ (पोखरेल, २०७६, पृ. ४६) । यसबाट शिक्षालाई समाजको आधार मानिएको हो भन्ने देखिन्छ ।

**समस्याकथन**

पाठ्यपुस्तक तयार गर्दा लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको सन्तुलन मिलाउनुपर्ने हुन्छ । पाठ्यक्रमका उद्देश्य पूरा गर्न सक्ने खालको पाठ्यपुस्तक निर्माण यस्ता कुराहरूको सन्तुलन आवश्यक रहन्छ । यसका लागि पाठ्यक्रम निर्माण देखि शिक्षण सिकाइका माध्यमबाट प्रतिफल प्राप्त हुँदासम्मका अवस्थाहरूमा शिक्षाविद् तथा पाठ्यक्रम निर्माताले विशेष ख्याल गर्नुपर्छ । यस अध्ययनमा निर्धारित पाठ्यपुस्तक लेखनका क्रममा विधा छनोट, विधागत पाठहरूको वितरण र पाठअनुसार अध्यायहरूको व्यवस्थापनमा समाजसापेक्ष दृष्टिकोणबाट के कति सन्तुलन मिलाउन सकिएको छ भन्ने कुरा हेर्न खोजिएको छ । यसभन्दा अगाडि यस किसिमको अध्ययन कार्य यस्तो शीर्षकमा भएको पाइँदैन । जतिपनि अध्ययन भएका छन् ती कि लैङ्गिक, कि भाषिक, कि जातीय, कि वर्गीय, कि सांस्कृतिक सन्तुलन आदिमा मात्र भएको देखिन्छ । कक्षा दशको परिवर्तित पाठ्यपुस्तकमा सबै सामाजिक पक्षहरूको सन्तुलनलाई अध्ययनमा एकसाथ समेट्न सकिएको न देखिएको हुनाले यस विषयलाई शोध अन्तराल मानी रोजिएको हो । यसर्थ यस अध्ययन समाजसापेक्षताका आधारमा कक्षा दशको

नेपाली पाठ्यपुस्तकको अध्ययनलाई मूल समस्याको रूपमा लिइएको छ । यही मूल शोधान्तरालमा टेकेर यस अध्ययनका लागि शोधप्रश्न तयार पारिएको छ ।

## शोधप्रश्न

प्रस्तुत अध्ययनलाई निम्नानुसारका दुई शोधप्रश्नमा केन्द्रित गरिएको छ :

(१) लिङ्ग, उमेर, पेसा, जाति, धर्म, संस्कृतिका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तक के कस्तो छ ?

(२) भूगोल, वर्गसन्तुलन, सूचना, सञ्चार, प्रविधि र मूल्यमान्यताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको अवस्था के कस्तो छ ?

## अध्ययनका उद्देश्य

प्रस्तुत अध्ययनका लागि निम्न अनुसारका दुई उद्देश्य निर्धारण गरिएका छन् :

(१) लिङ्ग, उमेर, पेसा, जाति, धर्म, संस्कृतिका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको अध्ययन गर्नु,

(२) भूगोल, वर्गसन्तुलन, सूचना, सञ्चार, प्रविधि र मूल्यमान्यताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकको विश्लेषण गर्नु ।

## अध्ययनको औचित्य

यस अध्ययनले कक्षा दशको नेपाली पाठ्यपुस्तकमा भाषा प्रयोग, जाति, लिङ्ग, उमेर, पेसा, धर्म संस्कृति, वर्ग, भूगोल, सूचना, सञ्चार, प्रविधि र लोकतान्त्रिक मूल्यमान्यताका आधारमा कसरी तयार पारिएको छ त्यसको अध्ययन विश्लेषण गरिएको छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रस्तुत समाजको लिङ्ग, उमेर, पेसा, जाति, धर्म संस्कृति, वर्गको विश्लेषण गर्नु र पाठ्यपुस्तकमा प्रस्तुत भूगोल, सूचना, सञ्चार, प्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको अध्ययन विश्लेषण गर्ने उद्देश्य राखेर अध्ययन गरिने भएकाले पाठ्यपुस्तक निर्मातालाई उचित खालका पाठ्यपुस्तक निर्माण गर्नका लागि शिक्षक विद्यार्थीलाई ध्यान पुऱ्याउन काम लाग्ने अपेक्षा गरिएको छ । विषयवस्तुको सन्तुलन मिलाएर छनोट गरी पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक लेखनका लागि यो केही मात्रामा भए

पनि औचित्यपूर्ण रहने अपेक्षा गरिएको छ । यसलाई निम्नलिखित बुदामा थप प्रस्ट पारिएको छ :

(१) विद्यालय तहमा पढाइ हुने पाठ्यपुस्तक समाजसापेक्ष रूपमा कस्तो हुनुपर्छ भन्ने कुरा पत्ता लगाउन उपयोगी हुने भएकाले ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक निर्माता, पाठ्यपुस्तकबारे चासो राख्नेलाई सहयाग गर्ने भएकाले ।

(३) शिक्षाशास्त्र सङ्कायमा समाजसापेक्ष अध्ययन सम्बन्धी कार्य कम भएकाले उक्त अभाव केही मात्रामा पूर्ति गर्न सहयोग गर्ने भएकाले ।

(४) शैक्षिक क्षेत्रमा यसको औचित्य र महत्त्व पुष्टि हुने भएकाले ।

(५) भावि आउने अनुसन्धानकर्तालाई समेत महत्त्वपूर्ण हुने भएकाले ।

**अध्ययनको परिसीमा**

सबै क्षेत्रलाई अध्ययनमा समेट्न सम्भव नभएकाले यस अध्ययनलाई देहायबमोजिमका क्षेत्रमा सीमित गरिएको छ :

(क) प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित, जनक शिक्षा सामग्री केन्द्रद्वारा मुद्रित माध्यमिक तह कक्षा दशको अनिवार्य विषयअन्तर्गत नेपाली पाठ्यपुस्तकमा मात्र सीमित रहेको छ ।

(ख) यो वि.सं. (२०८०) मा प्रकाशित भई शिक्षण सिकाइमा सिफारिस नेपाली पाठ्यपुस्तकमा मात्र सीमित रहेको छ ।

(ग) यस अध्ययनलाई कक्षा दशको नेपाली पाठ्यपुस्तकको मूल पाठमा सङ्केत गरिएका लिङ्ग, उमेर, पेसा, जातजाती, धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको क्रमशः गरिने अध्ययनमा सीमित गरिएको छ ।

(घ) यसलाई समाजसापेक्षताका दृष्टिले गरिने कक्षा दशको नेपाली पाठ्यपुस्तकको समग्र विश्लेषणमा सीमित गरिएको छ ।

**शोधपत्रको रूपरेखा**

प्रस्तुत शोध अध्ययनलाई निम्नलिखित अध्यायमा पूरा गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई  : पूर्वकार्यहरूको पर्यावलोकन

अध्याय तीन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार : सूचनाको व्याख्या विश्लेषण

अध्याय पाँच : उपसंहार

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

## पूर्वकार्यहरूको पर्यावलोकन

यस अध्यायमा अवधारणाको विकास, यसपूर्व विकसित भएका सिद्धान्त, सम्बद्ध विषयका प्रायोगिक कार्यहरूको पर्यावलोकन, पूर्वकार्य पर्यावलोकनको उपयोगिता र अवधारणात्मक ढाँचालाई क्रमशः स्थान दिइएको छ ।

### अवधारणाको विकास

**समाज** : शिक्षा सम्पूर्ण समाजको विकासको मूल स्रोत हो । व्यक्तिको विकासदेखि समाजको रूपान्तरणमा शिक्षाको अहम् भूमिका रहेको हुन्छ । जबसम्म शिक्षाले समाजलाई बुझ्न, विश्लेषण गर्न र रूपान्तरण गर्ने अभियानको नेतृत्व गर्न सक्ने हुँदैन तबसम्म समाज अगाडि बढ्न सक्दैन् । शिक्षाको माध्यमबाट मानवले समाजलाई बुझ्ने सुवर्ण अवसर प्राप्त गर्दछन् तब मात्र समाज परिवर्तनतर्फ उन्मुख भई समुन्नत समाजको निर्माण हुन्छ । समुन्नत समाज निर्माण गर्ने अभियानमा विद्यार्थी, अभिभावक, शिक्षक साथै सरोकारवाला सबै एकीकृत हुनुको विकल्प छैन् । राज्यले शिक्षालाई प्राथमिकता दिएर त्यसको विकासको लागि लगानी बढाउदैन तबसम्म शिक्षाको उन्नयन हुँदैन र समाजमा समृद्धिले पनि गति लिन सक्दैन । शिक्षाको माध्यमबाट समाजमा शान्ति सिर्जना गर्न, गरिबीलाई न्यूनीकरण गर्न, जातीय विभेदलाई कम गर्न, विकृति र विसङ्गतिलाई हटाउन र आफ्ना अधिकारका बारेमा जागरूक गराउन मदत गर्दछ । शिक्षा समाजको बृहत्तर हित, सुख र खुसी जीवनका लागि अनिवार्य जस्तै छ । शिक्षा ज्ञान र समाज देश हो । यी दुबै एक अर्कोमा पूरक मात्र होइनन् कि दुबैको एकता र सहकार्यमा नै समग्र देशको कल्याण भएको पाइन्छ । शिक्षाको माध्यमबाट समाजमा शान्ति सिर्जना गर्न, गरिबीलाई न्यूनीकरण गर्न, जातीय विभेदलाई कम गर्न, विकृति र विसङ्गतिलाई हटाउन र आफ्ना अधिकारका बारेमा जागरूक गराउन मदत गर्दछ । शिक्षा समाजको बृहत्तर हित, सुख र खुसी जीवनका लागि अनिवार्य जस्तै छ । शिक्षा ज्ञान हो । समाज देश हो । यी दुबै एक अर्कोमा पूरक मात्र होइनन् कि दुबैको एकता र सहकार्यमा नै समग्र देशको कल्याण भएको पाइन्छ (भण्डारी, २०७८) ।

**समाजसापेक्षता** : समाजसापेक्ष क्रियाकलाप सञ्चालन गरी सामाजिक एवम् व्यक्तिगत आवश्यकताहरू पूरा गरी विद्यालयबाट ज्यादै महत्त्वपूर्ण कार्यहरू सम्पन्न हुन्छन् ।

बालबालिकाहरूलाई समाजसापेक्ष आकृति निर्माण गर्न सहयोग पुऱ्याएर सामाजिक स्थायित्व एवम् विकासका लागि सामाजिक गतिविधिमा आधारित क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने विद्यालयकै दायित्वअन्तर्गत पर्न आउँछन् । विद्यालयमा बालबालिकाहरूका लागि सामाजिक एवम् वास्तविक वातावरण निर्माण गरिएको हुन्छ । समाजमा बाँच्नको लागि योग्य आचरण एवम् व्यवहार सिकाइन्छ । विद्यालयमा विभिन्न पृष्ठभूमि भएका (धनि, गरिब, जात,धर्म, पेसा) बालबालिकाहरूलाई सामाजिक एकता, समानता, सहिष्णुताको पाठ सिकाइ समाजसापेक्ष जीवन निर्वाह गर्न सक्ने नागरिक तयार गरिन्छ (ढकाल, २०७३, पृ. १४०-१४१) । यसबाट विद्यालयले समाजलाई प्रतिबिम्बित गरेको हुनुपर्छ भन्ने देखिन्छ ।

**कक्षा दश :** विद्यालयको शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडिएको छ । त्यसैगरी कक्षा दश माध्यमिक तह भित्र पर्दछ । माध्यमिक शिक्षाले विद्यार्थीहरूमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने तथा स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमताको विकास गराउनु पर्दछ । यस तहको शिक्षाले अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, आफ्नो कर्तव्यप्रति सचेत हुने, स्वस्थ जीवन शैलीको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने नागरिक तयार गर्न सहयोग गर्नुपर्छ । विद्यार्थीहरूमा नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने, आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यावसायमुखी सिपको अभ्यास गर्ने सक्षमताको विकास यस तहको शिक्षाका अपेक्षा हुन् । त्यसै गरी राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्ने लगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्नु यस तहको शिक्षाको कार्यदिशा हो (२०७८ : माध्यमिक शिक्षा पाठ्यक्रम) ।

**कक्षा दशको नेपाली पाठ्यपुस्तक** : विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमताको विकास हुनु आवश्यक छ । विद्यार्थीमा अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने सक्षमताको विकास पनि शिक्षाले गर्नुपर्छ । विद्यार्थीमा नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने सक्षमताको विकास पनि माध्यमिक तहको शिक्षाबाट अपेक्षित छन् (कक्षा दशको नेपाली पाठ्यपुस्तक, २०८०) ।

यस तहको शिक्षाबाट आधुनिक ज्ञान, सिप, सूचना, तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने सक्षमता भएको नागरिक तयार गर्ने अपेक्षा रहेको छ । त्यस्तै सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्ने लगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षमतासहितको नागरिक तयार गर्नु माध्यमिक शिक्षाको लक्ष्य रहेको छ । यही लक्ष्य पूर्तिका लागि माध्यमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शन सिद्धान्तअनुरूप तयार भएको विद्यालय शिक्षाको पाठ्यक्रम २०७८ अनुसार तयार पारिएको छ ।

यस पाठ्यपुस्तक २०८० मा १६ ओटा पाठ छन् जसमा कविता, कथा, निबन्ध, मनोवाद, जीवनी, वादविवाद, एकाङ्की गरी पाँचवटा विधाहरू समावेश गरिएको छ ।

तालिका १

*पाठ, विधा, क्षेत्र र पृष्ठसङ्ख्या*

| क्र.सं. | शीर्षक | विधा | विधागत क्षेत्र | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | उज्यालो यात्रा | कविता | नैतिक | १ |
| २ | घर झगडा | कथा | ऐतिहासिक | १२ |
| ३ | चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा | निबन्ध | वस्तुपरक | २५ |
| ४ | यस्तो कहिल्यै नहोस् | रूपक | मनोवाद | ३९ |
| ५ | लक्ष्मीप्रसाद देवकोटा | जीवनी | राष्ट्रिय | ५१ |
| ६ | अधिकार ठुलो कि कर्तव्य ठुलो ? | रूपक | वादविवाद | ६८ |
| ७ | शत्रु | कथा | मनोवैज्ञानिक | ८९ |
| ८ | नेपाली हाम्रो श्रम र सिप | कविता | राष्ट्रियता | १०३ |
| ९ | मेरो देशको शिक्षा | निबन्ध | वर्णनात्मक | ११४ |
| १० | व्यावसायिक चिठी | चिठी | चिठी | १२९ |
| ११ | कर्तव्य | कथा | सामाजिक | १४१ |
| १२ | पाब्लो पिकासो | जीवनी | अन्तर्राष्ट्रिय | १५९ |
| १३ | पख्नोस् | निबन्ध | हास्यवङ्ग्य | १७६ |
| १४ | घरको माया | एकाङ्की | एकाङ्की | १८८ |
| १५ | गाउँमाथि एउटा कविता | कविता | प्राकृतिक | २०७ |
| १६ | आयाम | कथा | नैतिक | २१८ |

(स्रोत : कक्षा दशको नेपाली पाठ्यपुस्तक, २०८०)

**सैद्धान्तिक कार्यहरूको पर्यावलोकन**

यस शीर्षकअन्तर्गत पाठ्यपुस्तक, पाठ्यपुस्तकका प्रकार, पाठ्यपुस्तकका कार्य, पाठ्यपुस्तक निर्माणका समाजसापेक्ष आधारहरू, कक्षा दशको पाठ्यपुस्तक समेटिएका छन् ।

**पाठ्यपुस्तक :** विषयजन्य ज्ञानको स्वतन्त्र प्रकटीकरण भएको एक वा अनेक विचारको ग्रन्थ नै पुस्तक हो भने पाठ्यक्रमले गरेको अपेक्षा परिपूर्ति गर्ने ध्येय राखेर एकल वा विविध विषय र क्षेत्रका पाठ्यवस्तु सङ्कलन, सम्पादन वा लेखन गरिएको खास तह, कक्षा र विषयका

लिखित वा सम्पादित पुस्तकलाई पाठ्य पुस्तक भन्न सकिन्छ (ढकाल, २०७८, पृ. ११४)। यसबाट पाठ्यपुस्तकलाई सकेसम्म रुचिकर बनाउनु पर्दछ भन्ने अर्थ निस्कन्छ।

पाठ्य पुस्तकहरू सम्बन्धित विषयका पाठ्यक्रम अनुरूप तयार गरिन्छ। भाषा पाठ्य पुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरूप तयार पारिएको देखिन्छ। यसलाई भाषा शिक्षण सिकाइको महत्त्वपूर्ण र आधिकारिक सामग्री मानिन्छ। यसको सहयोगले विद्यार्थीहरूले सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमका अपेक्षा अनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकता ख्याल गरी सङ्गठित गरिएको पाइन्छ। भाषा पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्न के र कति पढ्ने, कस्तो अभ्यास गरेर कुन अनुक्रममा पढ्ने भन्ने कुराहरूलाई आत्मसात् गरी पाठ्यपुस्तक तयार गरिएको हुन्छ। विद्यार्थीलाई मात्र नभई भाषा शिक्षकलाई समेत यसले के, कति, कसरी र कुन क्रममा कस्ता भाषिक अभ्यास गराएर पढाउने भन्ने कुराको महत्त्वपूर्ण सुझ प्रदान गरेको देखिन्छ (पौडेल, २०७९, पृ. १४५)। यसबाट निर्धारित लक्ष्य पूरा गर्नका लागि पाठ्यपुस्तकको आवश्यकता हुन्छ भन्ने देखिन्छ।

**पाठ्यपुस्तकका प्रकार** : पाठ्यपुस्तकहरूलाई समयका आधारमा परम्परागत र आधुनिक भनेर छुट्याउने आधार त्यति आधिकारिक ठहर्दैन। आधुनिक भनिएका प्रत्येक कुराहरू समयको परिवर्तनसँगै परम्परागत हुन पुग्छन् तापनि खास समयले शिक्षण सिकाइ प्रक्रियामा ल्याएको व्यापक परिवर्तन उल्लेख्य हुन्छ। पाठ्यपुस्तकको लेखन र प्रकाशनको नेपाली परम्परा हेर्दा १८९४ मा प्रकाशित भएको 'सुरेन्द्रको पाठ्य पुस्तक' (बेनामी) सम्म पुग्नुपर्ने हुन्छ। यो पुस्तक विद्यालयको पठनपाठनका लागि लेखिएको नभए पनि प्रथम पाठ्य पुस्तकका रूपमा देखापर्छ। पठनपाठनको समस्या समाधानार्थ जयपृथ्वी बहादुर सिंहले 'अक्षराङ्क शिक्षा' लेखे (ढकाल, २०७८, पृ. १३०)। यसबाट समय सन्दर्भअनुसार पाठ्यपुस्तकहरूको निर्माणमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ भन्ने अर्थ द्योतन हुन्छ।

भाषा पाठ्य पुस्तकलाई परम्परागत र आधुनिक भनेर व्यतिरेक गर्ने सबैभन्दा भर पर्दो र वैज्ञानिक आधार प्रस्तुति प्रकृतिलाई मानिन्छ। बढी औपचारिक, आधिकारिक, व्याकरणमूलक र निगमनात्मक वा सूत्रात्मक ढङ्ग अपनाई सैद्धान्तिक र बौद्धिक जटिल प्रस्तुति दिइएको भएमा त्यस्ता भाषा पाठ्यपुस्तकलाई परम्परागत भाषा पाठ्यपुस्तक भन्न सकिन्छ। यसका विपरित नवीन र मनोवैज्ञानिक शिक्षण सिकाइ प्रवृत्ति अनुरूप भाषा सिकाइको

आवश्यकता क्षेत्र पहिचान गरेर विद्यार्थीको तह र कक्षा अनुरूप भाषिक सिपपरक उन्नयनका लागि व्यवस्थित, वैज्ञानिक र व्यावहारिक प्रस्तुति दिइएका भाषा पाठ्यपुस्तकलाई आधुनिक भाषा पाठ्यपुस्तक भन्न सकिन्छ (पौडेल, २०७९, पृ. १७०) । यसबाट पाठ्यपुस्तक सकेसम्म विद्यार्थीमा नैतिक आचरण प्रदर्शन गर्ने सक्ने गरी निर्माण गर्नु पर्छ भन्ने देखिन्छ ।

**पाठ्यपुस्तकको कार्य :** भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) सिकाउने पाठ्यक्रमको अपेक्षा परिपूर्ति गर्ने सरल, सहज, भरपर्दो, विश्वासनीय पाठ्य सामग्री नै पाठ्य पुस्तक हो । यसलाई शैक्षिक योजनाको महत्त्वपूर्ण कडीको रूपमा लिइन्छ । पाठ्यपुस्तक त्यस्तो आधार सामग्री हो, जसले विद्यार्थी, शिक्षक, प्रशासक, निरीक्षक, अभिभावकलाई सिक्ने सिकाउने कुरामा आश्वास्त तुल्याउँछ । पाठ्यपुस्तकलाई विषय विशेषज्ञहरूको टोलीद्वारा संशोधित र परिमार्जित हुने भएको हुँदा आधिकारिक स्रोत सामग्रीको रूपमा लिइन्छ । व्यक्तिका आग्रह, पूर्वाग्रह र अन्तर्दृष्टि यसमा कमभन्दा कम प्रयोग हुने हुँदा यस्ता सामग्रीहरू सबैका लागि विश्वसनीय मानिन्छन् (ढकाल, २०७८, पृ. १२४) । यसरी हेर्दा पाठ्यपुस्तक शैक्षिक कार्यक्रमको मेरुदण्ड नै हो भन्ने देखिन्छ ।

**पाठ्यपुस्तक निर्माणका आधारहरू**

तालिका २

*पाठ्यपुस्तक निर्माणका आधारहरू*

| क्र.स | आधारहरू |
|---|---|
| क | शब्द भण्डारको नियन्त्रण |
| ख | संरचनात्मक नियन्त्रण |
| ग | विषय वस्तुको नियन्त्रण |
| घ | रुचि |
| ङ | आवश्यकता |
| च | अन्य |

(स्रोत : ढकाल, २०७७, पृ. १७६)

भाषा पाठ्यपुस्तक पाठ्यक्रमका अपेक्षा सरल, सहज, स्वाभाविक र प्रभावकारी रूपमा परिपूर्ति गर्ने महत्त्वपूर्ण आधार सामग्री हो । यसले सम्पूर्ण तहको अध्ययन र अध्यापनलाई एकरूपता र स्तर अनुकूलता प्रदान गर्दछ , तसर्थ यसलाई सस्तो भईकन पनि भरपर्दो सामग्रीका रूपमा पनि लिइन्छ । पाठ्यपुस्तकले भाषिक तथा भाषेत्तर पाठ्य सामग्रीका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता भाषिक सिपमा विद्यार्थीहरूलाई प्रवृत्त गराउन महत्त्वपूर्ण भूमिका खेल्छ । यस्तो महत्त्वपूर्ण भूमिका भएको आधार सामग्री पाठ्यपुस्तक निर्माण गर्दा विभिन्न कुरामा ध्यान दिनु जरुरी हुन्छ (ढकाल, २०७७, पृ. १७६) । यसबाट पाठ्यपुस्तक निर्माताले कक्षा अनुरूपको शब्द भण्डारलाई प्रमुख आधार बनाउनु आवश्यक छ भन्ने देखिन्छ ।

**समाजसापेक्ष अध्ययनका आधारहरू**

निर्धारित समयभित्र शोधकार्यले गरेको अपेक्षा सरल, सहज र सुगम ढङ्गले हासिलगर्न सकियोस भन्नका लागि उपयुक्त किसिमका सामग्रीको छनोट गर्नुपर्छ । आवश्यकता अनुसारका शब्द छनोट भएका छन वा छैनन् समाजको अपेक्षा अनुरूप पाठ्यपुस्तक निर्माण भएको छ वा छैन भनेर गरिने अध्ययन नै समाजसापेक्ष अध्ययन हो ।

**लिङ्ग**

तालिका ३

*लिङ्ग र लिङ्ग बुझाउने नाम शब्दहरू*

| लिङ्ग | लिङ्ग बुझाउने नाम शब्दहरू |
|---|---|
| पुलिङ्ग | बुबा, दाजु,भाइ, काका, फुपाजु, मामा |
| स्त्रीलिङ्ग | आमा, दिदी, बहिनी, काकी, फुपू, माइजू |

(स्रोत : के.सी., २०८०, पृ. २९)

'जेन्डर' दुबै शब्दलाई नेपाली शब्दमा 'लिङ्ग' शब्दद्वारा व्यक्त गरिन्छ । 'सेक्स' शब्दले प्राणी भाले वा पोथी के भनेर जैविक वर्गीकरण गर्दछ । यही जैविक विभाजनको आधारमा जुन भालेपन वा पोथीपनको मूल्य र मान्यता समाजमा विकास भएको हुन्छ, त्यो 'जेन्डर' हो । यस अर्थमा 'जेन्डर' सामाजिक अवधारणा हो । मानिस बिचमा जन्मजात

शारीरिक वा जैविक भिन्नता हुन्छ । यो महिला र पुरुष गरी दुई किसिमको हुन्छ । समाजमा महिला र पुरुष दुबैको बसोबास रहेको हुन्छ । समाजमा लिङ्गकै आधारमा महिला र पुरुषलाई फरक दृष्टिले हेर्ने गरिन्छ (लोहनी, २०७३) । यदि कोही बच्चा पुरुष वा महिलाको अङ्ग लिएर जन्मिन्छ भने त्यो एउटा जैविक प्रक्रिया हो । महिला र पुरुषलाई पृथक गर्ने शारीरिक, मानसिक, सामाजिक र जैविकीय विशेषताहरू हुन्छन् । लिङ्गका आधारमा हुने श्रम विभाजन सामभाजिक मूल्यमान्यता, प्रचलन, संस्कृति र परम्परा अनुसार फरक फरक हुने गरेको पाइन्छ । समाजले महिला र पुरुषबाट के-के चाहन्छ भन्ने कुरा बुझ्नका लागि उनीहरूको लैङ्गिक भूमिका जान्न आवश्यक छ । लिङ्गका आधारमा व्यक्ति तथा समूहको पहिचान पुरुष, स्त्री, तेस्रो लिङ्गी, समलिङ्गी आदि हुनसक्छन् (स्रोत : के.सी., २०८०, पृ. २९) । समाजमा आएको परिवर्तनले लैङ्गिक विभेद कम हुँदै गइरहेको देख्न सकिन्छ ।

**उमेर**

तालिका ४

*उमेर र उमेर बुझाउने नाम शब्दहरू*

| उमेर | उमेर बुझाउने नाम शब्दहरू |
|---|---|
| बालक | नाना, पापा,बुबु,तेते |
| युवा | ड्रेस, टी, लन्च, फ्रेन्ड |
| प्रौढ | कपडा, तेल, चिया, दूध, साथी, खाना |

(स्रोत : घिमिरे, २०७४, पृ. ८)

समाजमा उमेरका आधारमा पनि भाषिक प्रयोगमा विभिन्न रूपहरू देखापर्दछन् । उमेरअनुसार भाषामा फरकपन पाइन्छ । बाल, युवा, प्रौढको भाषामा अन्तर पाइन्छ । भिन्न उमेर समूहका मानिसले समाजबाट भिन्न किसिमको व्यवहार, सम्मान प्राप्त गर्दछन् । बच्चादेखि युवा, प्रौढ र बुढ्यौलीमा मानिसको भिन्न भूमिका समाजले अपेक्षा गरेको हुन्छ । उमेरकै आधारमा एउटै वस्तु बुझाउन फरक शब्दको प्रयोग हुन्छ (घिमिरे, २०७४, पृ. ८) ।

**पेसा**

**पेसा बुझाउने नाम शब्दहरू :** कृषि, शिक्षक, श्रमिक, डाक्टर, इन्जिनियर, किसान, व्यापार, साहु, भरिया ज्यामी आदि (स्रोत : के.सी., २०८०, पृ.७९) ।

मानिसका गास, बास र कपासजन्य आवश्यकता पूरा गर्ने माध्यमलाई जीविकोपार्जनका नामले चिनिन्छ । जीवनका आवश्यकताहरू सुरक्षित गर्ने व्यक्तिगत तथा सामूहिक क्षमताहरू समावेश गर्ने गतिविधिहरूको सँगालो नै जीविकोपार्जन हो । मानिसले आफ्नो जीवन धान्नका लागि आवश्यक पर्ने स्रोतसाधन जुटाउने माध्यम नै जीविकोपार्जन हो । जीविकोपार्जनका लागि मानिसहरू विभिन्न किसिमका काममा सहभागि हुन्छन् । जीविकोपार्जन मानिसहरूको पेसासँग अन्तरसम्बन्धित छ । समाज परिवर्तनसँगै मानिसका पेसा व्यावसायहरू परिवर्तन हुन्छन् । पेसा अनुसार मानिसका जीविकोपार्जनका ढाँचा फरकफरक हुन्छन् । ग्रामिण क्षेत्रमा बसोबास गर्ने मानिसहरू प्रायः एकै किसिमको काममा संलग्न भएका हुन्छन् । ग्रामीण क्षेत्रमा बस्ने मानिसहरू प्रायः कृषि र पशुपालन व्यवसायमा लागेका हुन्छन् । सहरमा बसोवास गर्ने मानिसहरू विविध पेसामा पेसागत संलग्न भएका हुन्छन् । पेसाले मानिसहरूको जीवनशैली, आर्थिक हैसियत, समाजिक स्तर, आम्दानी खर्चको व्यवस्थापन आदि कुरामा असर पार्दछ । पेसाका आधारमा मानिसको वर्ग, सामाजिक स्तर छुट्याउन सकिन्छ । पेसाहरू सभ्यता, विज्ञान, प्रविधि तथा समाजको विकाससँगै विकसित भएका हुन् । पेसालाई आधुनिकीकरण गर्नका लागि पेसागत शिक्षा, तालिम र प्रविधिको आवश्यकता पर्दछ । प्रत्येक विषयगत क्षेत्रका पेसाहरू पनि आधारभूत, मध्यम र विशिष्ट वा उच्च गरी तीन तहमा रहेका हुन्छन् । सबै पेसाहरूका लागि सक्षम, सिपयुक्त, दक्ष र सिर्जनशील व्यक्तिहरू चाहिन्छ । शिक्षाबिनाको पेसाले मागअनुसारको गुणस्तरीय उत्पादन र सेवा प्रदान गर्न सक्दैन । पेसागत शिक्षाले समय र बजारको मागअनुसारको पेसागत ज्ञान, सिप र दक्षता प्रदान गर्दछ (के.सी., २०८०, पृ.७८) । शिक्षासँगको सामिप्यताले मानिसलाई पेसागत दक्षतादेखि अनगिन्ती पेसा छनौटको अवसर प्रदान गरेको छ ।

**जाति**

तालिका ५

*जाति र जाति बुझाउने शब्दहरू*

| जाति | शब्दहरू |
|---|---|
| ब्राह्मण | पुरोहित |
| नेवार | साहु |
| क्षेत्री | काजी |
| तामाङ | लामा |
| लिम्बु | सुब्बा |

(पौडेल,२०७६, पृ.५१)

जातीय व्यवस्था हिन्दु सामाजिक संरचनामा आधारित सामाजिक स्तरीकरणको एक प्रमुख स्वरूप हो । यस व्यवस्थामा व्यक्तिको जन्मका आधारमा श्रम विभाजन, विवाह प्रणाली, खानपान, सामाजिक सम्बन्ध र अन्तरक्रियाको निर्धारण गरिएको हुन्छ । जात व्यवस्थामा वर्गीय खुल्लापनको अभाव रहने गर्छ भने कठोर सामाजिक मूल्य, मान्यता एवम् संस्कारहरू प्रचलनमा रहने गर्दछ । जातीय व्यवस्था समाजमा सामाजिक असमानताहरू र सामाजिक स्तरीकरण ल्याउने एक प्रमुख कारक तत्त्व हो जसको आधारमा समाजका व्यक्तिहरूलाई विभिन्न समूह एवम् उपसमूहमा खण्डात्मक विभाजन गरिएको हुन्छ । कुनै देशभित्रका पृथक भाषा, लिपि, धर्म, संस्कृति, भूमि र सभ्यतासहित साझा पहिचान भएको मानव समुदायलाई जाति भनिन्छ । जातजातिका आधारमा जीवनस्तर, धर्मसंस्कार, रीतिरिवाज, चालचलन फरक फरक हुन्छ । शिक्षाको पहुँचमा पुगेका माथिल्लो जातिका मानिसको जीवन स्तर माथि हुन्छ । समाजले तल्लो मानेको जातमा जन्मिएकै कारण कतिपय मानिस शोषित, पीडित जीवन विताउन बाध्य हुन्छन् । धेरै जाति भएको देश भएको हुनाले नेपाललाई बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक देश भनिन्छ (पौडेल, २०७६, पृ.४७) ।

**धर्म संस्कृति**

तालिका ६

*धर्म र धर्म बुझाउने शब्दहरू*

| धर्म | बुझाउने नाम शब्दहरू |
|---|---|
| हिन्दु | दसैं, तिहार, दागबत्ति, श्राद्ध,गीता, ईश्वर |
| बौद्ध | गुम्बा, त्रिपिटक, महायान, बुद्ध |
| क्रिश्चियन | बाइबल, चर्च, गिर्जाघर,यसु |
| मुस्लिम | कुरान, मस्जित, अल्ला |

(स्रोत : के.सी., २०८०, पृ. ६५)

संसारमा विभिन्न धर्म वा धार्मिक सम्प्रदायहरू रहेका छन् । मानिसहरूका बीचमा पनि आस्था र व्यवहारका आधारमा महत्त्वपूर्ण भिन्नताहरू रहेका छन् । कतिपय देशहरू धार्मिक हिसाबले एकल छन् भने प्रायः देशहरूमा बहुधार्मिक मानिसहरू बसोबास गर्छन् । प्रत्येक धर्मका आ-आफ्ना धार्मिक केन्द्र रहने गर्दछन् । धर्मले सामाजिक विविधतामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । धर्मले धार्मिकतासँगै अनेक प्रकारका अनुष्ठानहरू, उत्सवहरू, प्राथनाहरू, दर्शनहरू र शास्त्रहरू मार्फत पनि सामाजिक विविधतालाई बढाउने काम गरेका छन् । विज्ञान र प्रविधिको विकाससँगै अन्धविश्वासका रूपमा रहेका धर्महरू पनि समाप्त हुँदै जानेछन् । धर्म मान्ने मान्छे इमान्दार हुन्छ । धर्म संस्कृतिले सिङ्गो नेपालीको रक्षा गरेको हुन्छ । हरेक वस्तुको गुण हुन्छ जस्तै आगोको गुण धर्म भनेको तातो हुनु हो भने मानिसको धर्म मानवता हो । धर्म नहुँदा मानव मानव हुँदैन, दानव हुन जान्छ । मानव मानव हुन धर्म चाहिन्छ । संस्कृति भनेको अनादिकालदेखि प्रचलनमा आएको परम्परा हो । संस्कृति र परम्परा आ-आफ्नै हुन्छन् । हाम्रो देशमा धेरै जातजाति भएका हुनाले संस्कृति धेरै छन् । समाजका हरेक क्रियाकलापमा धर्मसंस्कृतिको सम्बन्ध जोडिएको हुन्छ । समाजमा मानिसले धर्मसंस्कृतिअनुसारका क्रियाकलाप सम्पन्न गर्दछन् (के.सी, २०८०, पृ. ६५) । कुनै धर्म विशेषको पक्षपोषण गर्नु धर्म सापेक्ष र नगर्नु धर्म निरपेक्षता हो ।

तालिका ७

*संस्कृति र संस्कृति बुझाउने शब्दहरू*

| माघी | सेलो | ल्होसार | देउडा | गौरा |
|---|---|---|---|---|
| थारू जातिको चाड | तामाङ जातिको गीत | बौद्ध धर्मावलम्बीको चाड | नेपालको सुदूरपश्चिम र कर्णाली प्रदेशको गीत र नृत्य | सुदुर पश्चिमतिर सप्तहव्यापी रूपमा मनाइने एक पर्व |

(स्रोत : के.सी., २०८०, पृ. ६६)

संस्कृतिले सामाजिक मूल्यमान्यता, नियम, आदर्श र विश्वासको एकीकृत रूपलाई जनाउँछ । यसले मानिसको समग्र जीवनशैलीलाई बुझाउँछ, जुन एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जान्छ । संस्कृतिलाई सामाजिक अस्तित्वको रूपमा पनि परिभाषित गर्ने गरिन्छ । यसभित्र परम्परा, रीतिरिवाज, चाडपर्व, भाषा, आदि पर्दछन् । सांस्कृतिक कोणबाट हेर्दा नेपाल बहुसांस्कृतिक मुलुक हो । यहाँ जाति र भूगोल अनुसारका विभिन्न संस्कृतिहरू रहेका छन् । जात अनुसारका चाडपर्व, रीतिरिवाज र परम्परा रहेका छन् । सांस्कृतिक विविधताले नेपाललाई सुन्दर एवम् आकर्षक देश बनाएको छ (के.सी., २०८०, पृ. ६५) । नेपालको सांस्कृतिक विविधता भित्र सांस्कृतिक एकता पनि कायम छ ।

**वर्ग**

तालिका ८

*वर्ग र वर्ग बुझाउने शब्दहरू*

| वर्ग | वर्गीयता बुझाउने शब्दहरू |
|---|---|
| उच्च वर्ग | मुख्तियार, मालिक |
| मध्यम वर्ग | ठेकेदार, साहुजी |
| निम्न वर्ग | ज्यामी, भरिया, श्रमिक, पाले |

(स्रोत : पौडेल, २०७६, पृ. ९१)

सामाजिक वर्ग सामाजिक स्तरीकरणको एक महत्त्वपूर्ण स्वरूप हो जुन विशेषगरी आधुनिक समाजहरूमा देख्न सकिन्छ । वर्ग समाजमा उपलब्ध आर्थिक, सामाजिक, राजनैतिक स्रोतसाधनहरूमा व्यक्तिहरूको असमान पहुँचको परिणाम स्वरूप उत्पन्न हुने सामाजिक र स्तरीकरणको एक स्वरूप हो जुन विशेषगरी आर्थिक प्रकृतिको हुने गर्दछ । समाजमा सबै मानिसहरूको वर्ग समान हुँदैन किनभने वर्गीय असमानताले व्यक्ति एवम् समूहहरूलाई उच्च र निम्न, शक्तिशाली र शक्तिहीन, धनी र गरिब, मालिक र दास, सामन्ती र भूमिहिन, बूर्जूवा र श्रमिक आदि विभिन्न स्तरमा स्तरीकृत गर्दछ । पेसा, आम्दानी, सम्पत्ति, रोजगारी, हैसियत, शक्ति आदिलाई वर्ग मापनको सूचकहरूको रूपमा लिने गरिन्छ । वर्ग प्राकृत नभई आर्जित स्थिति हो । समाजमा उच्च वर्गका मानिसले निम्न वर्गका मानिसलाई शोषण दमन गरिरहेका हुन्छन् । उच्च वर्गका मानिसहरू माथिल्लो पदमा रहेर शासन गर्दछन् । वर्ग विभाजन प्रत्येक समाजमा हुन्छ (पौडेल, २०७६, पृ. ९०) । समाजसापेक्ष अध्ययनको आधार वर्गीयतालाई बनाउन सकिन्छ ।

**भूगोल**

तालिका ९

*भूगोल जनाउने शब्दहरू*

| | |
|---|---|
| भूगोलता | हिमाल, पहाड, तराई, उपत्यका, भोटे, ज्यापु, छठ |

(स्रोत : के.सी., २०८०, पृ. ६८)

संसारमा मानिसहरू बसोबास गर्ने थलो भौगोलिक रूपमा एकै किसिमको छैन । जाति, लिङ्ग, उमेर, भाषा, धर्म आदि पक्षहरूको भिन्नताका बावजूद पनि मानिसहरूले तिनीहरू एउटा निश्चित भूगोलका हुन् भनेर स्वीकार गरे भने उक्त लोक सहमतीलाई हामी भूगोल वा क्षेत्रीय विविधता भन्न सक्छौं । नेपाल भौगोलिक वा क्षेत्रीय विविधतायुक्त देश हो । नेपालको हिमाली प्रदेशमा बसोवास गर्ने मानिसलाई हिमाली, पहाडमा बसोवास गर्ने मानिसलाई पहाडी र तराई प्रदेशमा बसोवास गर्ने मानिसलाई तराई जाति भनेर विशिष्टीकृत गर्ने गरिएको छ । भौगोलिक विशिष्टताका हिसाबले नेपालको अलग्गै पहिचान छ । विभिन्न किसिमको भौगोलिक बनावटका कारण स्वर्गको टुक्रा जस्तै बन्न सफल यस

देश नेपालमा छ वटा अलग अलग ऋतुहरू रहेका छन् । यहाँको भूगोलले एक किसिमको सुन्दरता प्रदान गरेको छ । नेपालको भौगोलिक अवस्था हेर्नको लागि भनि लाखौँको सङ्ख्यामा विदेशी पर्यटकहरू नेपाल आउने गर्दछन् । नेपाल सुन्दर हुनुमा भौगोलिक अवस्था नै प्रमुख रहेको छ । तर भूगोल अनुसार मानिसका रीतिरिवाज, चालचलन, रहनसहनमा फरकपन देखा पर्छ । भूगोलकै आधारमा विभिन्न जातिको बसोबास गर्ने स्थान निर्धारण हुन्छ । मानिसका भेषभुषा, चाडपर्व, संस्कार, संस्कृति, परम्परामा भूगोलले प्रभाव पारेको हुन्छ । भूगोलले सामाजिक गतिविधिमा प्रभाव पार्ने हुनाले भूगोलता र स्थानीयतालाई समाजसापेक्ष अध्ययनको आधार बनाउन सकिन्छ (के.सी., २०८०, पृ. ६७) ।

**सूचना, सञ्चार र प्रविधि**

तालिका १०

*सूचना, सञ्चार र प्रविधिलाई प्रयुक्त गर्ने नाम शब्दहरू*

| |
|---|
| इमेल, साइबर, इन्टरनेट, फेसबुक, डाटा, कम्प्युटर, च्याट |

(स्रोत : घिमिरे, २०७४ पृ. १२)

आजको युग भनेको विज्ञान र प्रविधिको युग हो । मानिसले परापूर्वकालदेखि विज्ञान तथा प्रविधिको प्रयोग गरेको पाइन्छ । विज्ञान तथा प्रविधिलाई देशको विकास र समृद्धिको मेरुदण्ड मानिन्छ । यसको विकास बिना कुनै पनि राष्ट्रको प्रगतिलाई तीव्र पार्न सकिँदैन । विज्ञानले प्रविधिको विकासमा मद्यत गर्दछ भने स्तरीय प्रविधिले विज्ञान शिक्षालाई स्तरीय बनाउँछ । भनिन्छ, विज्ञान रुख हो भने प्रविधि त्यसमा फल्ने फल त्यसैले देशमा विज्ञानको विकास भयो भने मात्र देशभित्रै माटो सुहाउँदो आवश्यक प्रविधिको विकास गर्न सकिन्छ ॥ यस्ता प्रविधिको प्रयोगले समाज प्रभावित हुने हुनाले विज्ञानप्रविधिलाई समाजसापेक्ष अध्ययनको आधार बनाउन सकिन्छ (घिमिरे, २०७४, पृ.१२) ।

**लोकतान्त्रिक मूल्यमान्यता**

तालिका ११

*लोकतान्त्रिक मूल्यमान्यता जनाउने नामशब्दरू*

| |
|---|
| राष्ट्रपति, जननिर्वाचित सरकार, जननिर्वाचित प्रतिनिधि |

(स्रोत : घिमिरे, २०७४ पृ. १३)

लोकतान्त्रिक व्यवस्थामा हुनुपर्ने आधारभूत सिद्धान्त, गुण, विशेषतालाई लोकतान्त्रिक मूल्यमान्यता भनिन्छ । लोकतन्त्र भनेको जनता सर्वोपरी रहने शासन व्यवस्था हो । लोकतन्त्रमा जनताको मूल्य र मान्यतालाई स्थापित गरिएको हुन्छ । लोकतन्त्रमा जनताका हक, हित र अधिकार सुनिश्चित गरिएका हुन्छन् । लोकतान्त्रिक शासनव्यवस्थामा लिङ्ग, धर्म, वर्ग, जातजातिका आधारमा विभेद हुँदैन । समान व्यवहार र समान अधिकारको व्यवस्था हुन्छ । मेलमिलाप शान्ति र सहअस्तित्व लोकतान्त्रिक संसारका मेरुदण्ड हुन् । लोकतन्त्रको संस्थागत विकासका लागि पाठ्यपुस्तकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । विद्यालय तहदेखि नै लोकतन्त्रका कुरा समेटिनु आवश्यक हुन्छ । पाठ्यपुस्तकले समाजमा विद्यमान विभेदको अन्त्य गरी समतामूलक समाज निर्माणमा सहयोग पुऱ्याउँछ (घिमिरे, २०७४, पृ.१३) । लोकतान्त्रिक मूल्यमान्यतालाई समाजसापेक्षताको आधार बनाउन सकिन्छ ।

**प्रायोगिक कार्यहरूको पर्यावलोकन**

यस उपशीर्षकभित्र पुस्तकसम्बद्ध स्रोत, शोधअध्ययन सम्बद्ध स्रोत, पूर्वकार्य पर्यावलोकनको उपयोगिता र अध्ययनको अवधारणात्मक ढाँचाहरूको पुनरावलोकन गरिएको छ ।

**पुस्तकसम्बद्ध स्रोत**

अधिकारी (२०७६) द्वारा लिखित *सामाजिक र प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा भाषा र समाजको सम्बन्ध, सामाजिक भाषा विज्ञान, भाषिक समुदाय, भाषा र सामाजिक सम्पर्क,भाषिक सापेक्षता, समाजको प्रकृति र भाषामा त्यसको प्रभाव, भाषिक भेद, भाषाको आधुनिकीकरण, नेपालका भाषाहरूको भूगोल तथा सामाजिक स्थिति, नेपाली भाषाको उदय र यसको विस्तार र शिक्षामा राष्ट्रभाषा नेपालीको माध्यम आदि विषयमा व्याख्या र विश्लेषण

गरिएको छ । यस पुस्तकको अध्ययनबाट प्रस्तुत अध्ययनमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको भाषिक सापेक्षता के कस्तो छ बुझ्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

अर्याल (२०६५) द्वारा लिखित *समाजशास्त्र तथा मानवशास्त्रको परिचय* नामक पुस्तकमा समाजशास्त्र, मानवशास्त्र, समय र अन्तरालमा समाज र संस्कृति, सूक्ष्म सामाजिक संस्थाहरू, शैक्षिक संस्थाहरू, सामाजिक स्तरीकरण, सामाजिक स्तरीकरणका अचायामहरू, सामाजिक परिवर्तन, सांस्कृतिक परिवर्तन, सामाजिक तथा सांस्कृतिक परिवर्तनका तत्त्वहरू, समाजशास्त्र र मानवशास्त्रको प्रयोग आदि विषयमा व्याख्या विश्लेषण गरिएको छ । स्तरीकरण सामाजिक प्रक्रिया हो । बल, शक्ति, वौद्धिकता, उमेर। लिङ्गका आधारमा असमानता वा स्तरीकरण भएको पाइन्छ । समाजमा मानिसहरू उमेर, लिङ्ग, वर्ण, धर्म, अर्थ, शिक्षा, जाति, आय, अधिकार शक्ति आदि विभिन्न आधारमा विभाजित भएको पाइन्छ । यस पुस्तकको अध्ययनबाट प्रस्तुत अध्ययनमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको भाषिक सापेक्षता के कस्तो छ बुझ्न सहयोग पुगेको छ ।

के.सी., अधिकारी र अन्य (२०७६) द्वारा *लिखित सामाजिक विविधता र असमानता* नामक पुस्तकमा समाजशास्त्र, विविधता र असमानता, सामाजिक विविधताका आयामहरू लिङ्ग, जातीय, धर्म, भाषा, भूगोल, ग्राम र शहर आदिको व्याख्या विश्लेषण गरिएको छ । समाजमा सामाजिक विविधताको महत्त्व सामाजिक वर्ग, जातव्यवस्था, लैङ्गिकता, सामाजिक मूल्यमान्यताको व्याख्या गरिएको छ । यस पुस्तकको अध्ययनबाट प्रस्तुत अध्ययनमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएका लिङ्ग, जातीय, धर्म, भूगोल के कस्तो छ बुझ्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

गौतम (२०७०) द्वारा *लिखित ग्रामीण सामुदायिक विकास* नामक पुस्तकमा समुदाय र सामुदायिक विकास, सामाजिक समावेशीकरण, सामुदायिक विकासका सिद्धान्तहरू, विकास समुदाय रूपान्तरणको रूपमा नेपालमा सामुदायिक विकास, नेपालमा सामुदायिक विकासको इतिहास, नेपालमा समुदायमा आधारित कार्यक्रमको विश्लेषण तथा लेखाजोखा, जनसहभागिता र सहभागितामूलक विकास आदि विषयमा व्याख्या विश्लेषण गरिएको छ । समाजलाई जातिविशेष, धर्मविशेष, सम्प्रदायविशेष आदिका रूपमा उल्लेख गरिएको पाइन्छ । यस पुस्तकको अध्ययनबाट प्रस्तुत अध्ययनमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग

भएको सांस्कृतिक, भाषिक, धार्मिक तथा भूगोल सापेक्षता के कस्तो छ बुझ्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

ज्ञवाली (२०७९) द्वारा *लिखित समाजशास्त्रको आधारभूत परिचय* नामक पुस्तकमा समाजमा बसोबास गर्ने व्यक्तिहरूलाई उनीहरूले अवलम्बन गर्ने विभिन्न पक्ष र प्रक्रियाका आधारमा विभिन्न स्तरहरूमा वर्गीकृत गर्ने गरिन्छ । अर्थतन्त्र, धर्म, राजनीति, शिक्षा, अवसर, स्थिति, उमेर समूह आदिजस्ता कारकतत्त्वहरूले समाजका मानिसहरूलाई विभिन्न समूहहरूमा छुट्याउने गर्दछन् । जसका आधारमा व्यक्तिको भूमिका र सामाजिक व्यवहारहरू बन्ने गर्दछन् । यस पुस्तकको अध्ययनबाट प्रस्तुत अध्ययनका कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको सापेक्षता के कस्तो छ बुझ्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

ढकाल (२०७३) द्वारा *शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधारहरू* नामक पुस्तकमा समाज र समुदायको अर्थ, समाजशास्त्र र शैक्षिक समाजशास्त्रको अवधरणा समाजको एक सहपद्धतिको रूपमा विद्यालय आदि विषयमा व्याख्या र विश्लेषण गरिएको छ । यस पुस्तकको एकाइ चारमा विद्यालय र समाजको विषयवस्तु समाविष्ट गरिएको छ । बालबालिकाहरूलाई समाजसापेक्ष आकृति निर्माण गर्न सहयोग पुऱ्याएर सामाजिक गतिविधिमा आधारित क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने विद्यालयको दायित्वअन्तर्गत पर्ने भनि बताएका छन् । यसबाट प्रस्तुत अध्ययनमा समाज सापेक्ष धारणा बुझ्न सहयोग पुगेको छ ।

पौडेल (२०७६) द्वारा लिखित *जात र वर्ग* नामक पुस्तकमा सामाजिक स्तरीकरण, जातको अवधारणा, नेपालमा जात र जातीय व्यवस्था, जाति व्यवस्थामा परिवर्तन, वर्गको अवधारणा, नेपालमा वर्ग र समाजका अन्तरखण्डहरू आदि विषयमा व्याख्या र विश्लेषण गरिएको छ । जात, धर्म, लैङ्गिक, प्रजाति, भाषा, क्षेत्र आदि समाजमा भिन्नता, विविधता एवम् स्तरीकरण ल्याउने प्रमुख तत्त्वहरू हुन् । यस पुस्तकको अध्ययनबाट प्रस्तुत अध्ययनमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा धर्म, लैङ्गिक, वर्ग, क्षेत्र र जातीय सापेक्षता के कस्तो छ बुझ्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

मिश्र (२०६७) द्वारा *लिखित बदलिँदो नेपाली समाज* नामक पुस्तकमा परिवर्तनको समाजशास्त्र, बदलिँदो नेपाली समाज, नेपाली समाजको रूपान्तरण, नारी, पुरुष र सम्पत्ति,

गरिबी, विकास र राजनीति, शिक्षा र स्वास्थ्यको राजनीति, धर्म र संस्कृति,नेपालमा समाजशास्त्र आदि विषयको व्याख्या विश्लेषण गरिएको छ । नेपाली समाजको परिवर्तनले समाजशास्त्रको माग गरिसकेको छ । यस पुस्तकमा राज्यसत्ता, समाज, परिवार र व्यक्तिबीचका सम्बन्ध, सङ्घर्ष र परिवर्तनलाई अभिलेखन गरिएको छ । पुस्तकबाट बदलिँदो नेपाली समाजबारे मार्क्सवादी कोणबाट मसिनो अध्ययन र गहिरो ढङ्गले विश्लेषण गरिएको छ । साथै नेपाली समाजशास्त्रको निमार्णलाई विस्तार गर्न खोजिएको छ । यस पुस्तकको अध्ययनबाट कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको सामाजिक सापेक्षता के कस्तो छ बुझ्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

शर्मा (२०७७) द्वारा *लिखित हाम्रो समाज एक अध्ययन* नामक पुस्तकमा मानव विकासको सन्दर्भमा नेपाली समाज, नेपालको भूगोल स्थिति, जातिवादको सन्दर्भमा नेपाली समाज, हाम्रो समाजले आर्जेको भौतिक र सांस्कृतिक उपलब्धि आदि विषयमा व्याख्या र विश्लेषण गरिएको छ । भौतिक मानवशास्त्रले प्रजातिको भेद हुने कुरामा विश्वास गर्दछ भने अर्कातिर भाषाशास्त्रको तुलनात्मक अध्ययनले पनि प्रजातिको भेद प्रस्तुत गरेको हामी पाउछौँ । ईसाको १७६७ मा फ्रेन्च विद्वान् के. अर्दुले आफ्नो अध्ययनका आधारमा संस्कृत, ल्याटिन र ग्रीक भाषाका शब्दको मात्र होइन, व्याकरणमा पनि समानता छ भन्ने विचार प्रस्तुत गरे । यसपछि १७८६ इसवीमा बङ्गालका प्रधानन्यायाधीश सर विलियम जोन्सले यसै सिद्धान्तलाई अझै स्पस्ट रूपमा प्रतिपादन गर्दै ‘एशियाटिक सोसाइटी अफ बङ्गाल’नामक कलकत्तामा रहेको संस्थामा एउटा निबन्ध पेस गरे । उनले आफ्नो त्यस निबन्धमा संस्कृत भाषाको पितृसित मिल्ने ल्याटिनको, पेतर, ग्रीकको पतेर, अङ्ग्रेजीको फादर एकै प्रकारका छन् । यस पुस्तकको अध्ययनबाट प्रस्तुत अध्ययनमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको भाषिक सापेक्षता के कस्तो छ बुझ्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

**शोधअध्ययनसम्बद्ध स्रोत**

के.सी. (२०६५) द्वारा *कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययन विश्लेषण* गरेका छन् । यसमा भाषा पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषता, निर्धारित पाठ्यपुस्तकको स्तरअनुरूपता, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्धजस्ता उद्देश्यमा केन्द्रित रही अध्ययन गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय अध्ययन विधि अपनाउनका साथसाथै काठमाडौँ

र ललितपुरका सरकारी तथा निजी गरी नौवटा विद्यालयका कक्षा नौमा अध्यापन गराउने शिक्षकहरूसँग भाषिक मूल्याङ्कनसँग सम्बन्धित प्रश्नहरू सोधेको र यसैका आधारमा अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनमा उक्त पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप नै भएको तर अध्ययन अनुसन्धानका क्रममा विद्यालयमा उपयुक्त क्रियाकलाप अर्थात् मूल्याङ्कन सही नभएको निष्कर्ष निकालिएको छ । यो अध्ययन विषयसम्बद्ध नभए पनि यसले कक्षा दशको नेपाली पाठ्यपुस्तकमा के कस्ता विधाहरू रहेका छन् भन्ने बारेमा सामान्य सहयोग पुऱ्याएको छ ।

खत्री (२०७३) द्वारा *माध्यमिक तह कक्षा नौको नयाँ नेपाली (२०७१) र पुरानो नेपाली (२०६४) पाठ्यपुस्तकको तुलनात्मक अध्ययन* शीर्षकमा शोध गरिएको छ । यस अध्ययनमा भाषा परिचय र परिभाषा, पाठ्यक्रम र पाठ्यपुस्तकबीचको अन्तरसम्बन्ध नयाँ र पुरानो नेपाली किताब पाठ्यक्रम अनुसारकै रहेको, भाषिक सिपलाई बढी जोड दिइएको भन्ने निष्कर्ष निकालिएको छ । त्यस्तै विद्यार्थीहरूको उमेर, स्तर र मनोविज्ञानलाई ध्यान नदिइएको समयअनुकुलको विषयवस्तु नभएको र समयसापेक्ष नभएको भनी त्यसमा रहेको कमीसमेत उल्लेख गरिएको छ । यसबाट शोधप्रस्तावका लागि पुस्तकलाई कसरी समाजसापेक्ष बनाउन सकिन्छ र विद्यार्थीको मनोविज्ञान बुझेर कसरी समाजसापेक्ष दृष्टिले सन्तुलित किसिमको किताब निर्माण गर्न सकिन्छ भन्ने बुझ्न र सोही अनुसार काम गर्न महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ ।

पराजुली (२०७०) द्वारा *समाजसापेक्षताका दृष्टिले कक्षा ५ को मेरो नेपाली पाठ्यपुस्तक* शीर्षकको शोधप्रस्ताव तयार गरिएको छ । यस अध्ययनमा पाठ्यक्रम अनुरूपताका आधारमा, पाठ्यपुस्तकको विषयवस्तु र विधा वितरणको अध्ययन, समाज सापेक्षता केलाउनु, निर्धारित पाठ्यपुस्तकलाई समाज सापेक्ष बनाउन उपयुक्त सुझावहरू दिने जस्ता चारवटा उद्देश्यहरू राखिएका छन् । यस अध्ययनमा गुणात्मक ढाँचा र पुस्तकालयीय अध्ययन विधिअन्तर्गत गरिएको यस अध्ययनमा पाठ्यपुस्तकमा शिक्षित व्यक्तिहरूले बोल्ने शब्द बढी भएको, किताब समाजसापेक्ष नै रहेको, कुनै जात विशेषलाई प्रधानता नदिइएको शिष्ट र सभ्य मानव जातिलाई चिनाउने प्रयास गरेको, उमेर अनुरूप, तिनै भेदको प्रयोग, हिन्दु धर्म र संस्कृतिलाई वहन गरेकोले पुस्तक समाज सापेक्ष रहेको निष्कर्ष निकालिएकोले यसबाट शोधप्रस्तावका लागि समाजसापेक्ष सम्बन्धी धारणा बुझ्न सहयोग पुगेको छ ।

घिमिरे (२०७४) द्वारा *समाजसापेक्षताका आधारमा कक्षा ९ को नेपाली पाठ्यपुस्तक* शीर्षकको शोध तयार गरिएको छ । यस अध्ययनमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रस्तुत समाजको लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्गको विश्लेषण गर्नु, उक्त पाठ्यपुस्तकमा प्रस्तुत भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको विश्लेषण गर्नु जस्ता दुईओटा उद्देश्यहरू राखिएको वर्णनात्मक ढाँचामा पुस्तकालयीय विधि र सर्वेक्षण विधिअन्तर्गत गरिएको यस अध्ययनमा पाठ्यपुस्तकमा कथा, जीवनी, निबन्ध, वक्तृता, दैनिकी विधामा नेपाली समाजमा प्रचलित सबै पेसा बुझाउने नाम, शब्द र पात्रगत प्रस्तुतिले पुस्तकलाई समाजसापेक्ष बनाएको उल्लेख गरिएको छ । विधागत जातजातिको सही प्रस्तुति जातीय र क्षेत्रीय नेपाली समाजको प्रतिनिधित्व, लोकतान्त्रिक मूल्यमान्यतालाई स्थान दिइएको निष्कर्ष निकालिएको छ । यस अध्ययनले प्रस्तुत अध्ययनका लागि समाजसापेक्ष सम्बन्धी धारणा बुझ्न वर्ग, समाज, मूल्यमान्यताहरू आदि बुझ्न सहयोग पुगेको छ ।

भट्टराई (२०७९) द्वारा *माध्यमिक तह कक्षा नौका पुरानो (२०७३) र नयाँ (२०७९) नेपाली पाठ्यपुस्तकको तुलना* शीर्षकको शोधपत्र तयार गरिएको छ । यस शोधपत्रको उद्देश्य पाठ्यक्र अनुरूपताका दृष्टिले माध्यमिक तह कक्षा नौका पुरानो (२०७३) र नयाँ (२०७९) नेपाली पाठ्यपुस्तकमा गरिएको व्यवस्थाको तुलनात्मक अध्ययन गर्नु र आन्तरिक र बाह्य विशेषताका आधारमा उक्त दुई पाठ्यपुस्तकको तुलनात्मक विश्लेषण गर्नु गरी दुई उद्देश्य रहेका छन् । यस अध्ययनमा पुस्तकालयीय विधि, तुलनात्मक विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यसमा आन्तरिक र बाह्य विशेषता हेर्दा अभ्यास, भाषिक सिप आदिका दृष्टिले पुरानो भन्दा नयाँ पुस्तक उपयुक्त र स्तरयुक्त भएको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनले प्रस्तुत अध्ययनमा पाठ्यपुस्तकको अध्ययन कसरी गर्ने भन्ने कुरामा व्यावहारिक ज्ञान लिनका लागि मदत पुगेको छ ।

**पूर्वकार्य पर्यावलोकनको उपयोगिता**

पूर्वकार्यको अध्ययनबिना वर्तमान कार्य अधुरो भई सफलता प्राप्त गर्न नसक्ने हुदाँ सफलताको लागि पूर्वकार्यको अध्ययन आवश्यक पर्दछ । यसर्थ अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा अघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, शोधपत्र आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमवद्ध समीक्षा गर्नु आवश्यक थियो । पूर्वकार्यको

समीक्षाले प्रस्तुत अध्ययनमा पूर्वकार्यको पुनरावलोकनबाट शोधपत्रका लागि कक्षा दशको नयाँ पाठ्यपुस्तक समाजसापेक्ष रहेको नरहेको निर्क्यौल गर्न, समाजको लिङ्ग, उमेर, पेसा, जातजाति, संस्कृति र वर्गको विश्लेषण गर्न, भूगोल अनुरूप र लोकतान्त्रिक मूल्यमान्यता समाज सापेक्ष भएको नभएको विश्लेषण गर्न सहयोग पुगेको छ। पूर्वकार्य पुनरावलोकनको उपयोगितालाई निम्नानुसार बुँदाबद्ध गरिएको छ :

१) माथिका प्रतिनिधि पाठ्यपुस्तक र शोधपत्रहरूको अध्ययनबाट कस्तो शीर्षक चयन गर्ने, समस्याको पहिचान कसरी गर्ने, समस्याका आधारमा उद्देश्य कसरी निर्धारण गर्ने र अध्ययनको औचित्य कसरी सिद्ध गर्ने भन्ने बारेमा आवश्यक जानकारी प्राप्त भएको छ।

२) यसबाट प्रस्तुत अध्ययनका लागि कस्ता सूचना आवश्यक पर्छन्, ती सूचनाहरू कुन कुन स्रोतबाट सङ्कलन गर्ने, तिनको वर्गीकरण र तालिकीकरण कसरी गर्ने, सङ्कलित सूचनाको कुन विधि तथा पद्धतिबाट व्याख्या विश्लेषण गर्ने भन्ने कुरामा आवश्यक मदत पुगेको छ।

३) यसबाट निर्धारित पुस्तकमा समाजसापेक्ष प्रक्रियाबाट बनेका छन् वा छैनन् ती आधारहरू मूल्याङ्कन गर्न के कस्तो विधि र प्रक्रिया अवलम्बन गर्न सकिन्छ भन्ने बारेमा आवश्यक सहयोग प्राप्त भएको छ।


४) यसबाट अध्ययनका लागि आवश्यक पर्ने ज्ञान, सिप र प्रविधिका बारेमा जानकारी प्राप्त भएको छ।

५) यसबाट निर्धारित पाठ्यपुस्तक अध्ययन गर्दा कुन कुन विषयमा सावधानी अपनाउन सकिन्छ र अध्ययनको गहिराइबाट कसरी निष्कर्षसम्म पुग्न सकिन्छ भन्ने प्रक्रिया सम्बद्ध प्राविधिक पक्षमा आवश्यक मदत पुगेको छ।

समग्रमा दुई स्रोतका सामग्रीहरूको पुनरावलोकन कार्य यस अध्ययनको समग्र पक्षका लागि उपयोगी बनेको छ।

**अध्ययनको अवधारणात्मक ढाँचा**

यस अध्ययनका लागि गुणात्मक ढाँचाको प्रयोग गरिएको छ । प्रस्तुत ढाँचाभित्र समाजसापेक्षताका दृष्टिले कक्षा दशको पाठ्यपुस्तकको अध्ययन भएको छ । उक्त पाठ्यपुस्तकमा समाजको समाजको लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्गसन्तुलनको विश्लेषण गर्नु र भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यताका आधारमा विश्लेषण गरिएको छ । यस ढाँचामा विश्लेषणीय विषयवस्तु र विश्लेषणका विधि तथा प्रक्रिया गरी दुई भाग रहेका छन् । यसमा उपलब्धिको क्षेत्र पनि जोडिएको छ । यसर्थ प्रस्तुत अध्ययनलाई विधिसम्मत अगाडि बढाउनका लागि निम्नलिखित अवधारणात्मक ढाँचा अवलम्बन गरिएको छ :




*चित्र १*

शोध अध्ययनको अवधारणात्मक ढाँचा

समाजशास्त्र समाजको अध्ययन गर्ने शास्त्र हो अर्थात समाजका समग्र पक्षको व्यवस्थित अध्ययन गर्ने शास्त्र हो । सामाजिक तथा मानवीय समस्याहरूको अध्ययन, अनुसन्धान गरी समाधानको उपाय पत्ता लगाउन मानवशास्त्र र समाजशास्त्रले सहयोग पुऱ्याउँछ । मानिस समाजमा बस्छन्, एक्लाएक्लै बस्दैनन् । एउटा व्यक्तिले अर्को व्यक्तिसँग सम्बन्ध राखेर बस्छ । यस्ता सम्बन्ध विभिन्न किसिमले सङ्गठित हुन्छन् । साथीका रूपमा

पनि हुन सक्छ, लोग्नेस्वास्नीका रूपमा पनि । बाबुछोरा, आमाछोरा, बाबुछोरी यी सम्बन्धलाई सङ्गठित गर्ने तरिका हुन् । परिवारपरिवारबीच पनि सम्बन्ध हुन्छ, छिमेकीबीच त्यस्तै सम्बन्ध हुन्छ । त्यस्तै व्यापार गर्ने र लेनदेन गर्नेहरूको एक किसिमको सम्बन्ध हुन्छ । वर्गवर्गबीचको एक किसिमको सम्बन्ध हुन्छ, जातजातको अर्को किसिमको सम्बन्ध हुन्छ । यस्तै सङ्गठित सम्बन्धहरूको स्वरूप र प्रक्रियाको अध्ययन गर्ने शास्त्रका रूपमा समाजशास्त्रलाई बुझ्नुपर्छ (मिश्र, २०६७, पृ.२५३) ।

## अध्याय तीन

## विधि तथा प्रक्रिया

यसभित्र समाजसापेक्षताका दृष्टिले कक्षा दशको पाठ्यपुस्तकको अध्ययन गरिएको छ। यसभित्रका अध्यायअन्तर्गत अध्ययनको ढाँचा, सामग्रीको स्रोत, अध्ययनको क्षेत्र र नमूना, सामग्री निर्माण, सामग्रीहरूको कार्यान्वयन, सूचना सङ्कलन प्रक्रिया, सूचना विश्लेषण प्रक्रिया नामका उपशीर्षकहरू रहेका छन्।

### अध्ययनको ढाँचा

यस अध्ययनका लागि गुणात्मक ढाँचाको प्रयोग गरिएको छ। प्रस्तुत ढाँचाभित्र समाजसापेक्षताका दृष्टिले कक्षा दशको पाठ्यपुस्तकको समग्र अध्ययन भएको छ।

### सामग्रीको स्रोत

प्रस्तुत अध्ययन समाज सापेक्षताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकमा केन्द्रित रहेको छ। यसका लागि कक्षा दशको पाठ्यपुस्तक र तिनबाट सङ्कलन गरिने सूचनालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ। त्यस्तै शोधकार्य सम्पन्न गर्न उपलब्ध विभिन्न पाठ्यपुस्तक र शोधपत्रहरूलाई द्वितीयक स्रोतका रूपमा स्थान दिइएको छ।

### अध्ययनको क्षेत्र र नमुना

यस अध्ययनमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित जनक शिक्षा सामग्री केन्द्रबाट मुद्रित माध्यमिक तह कक्षा दशको नेपाली पाठ्यपुस्तक (२०८०) मा लिङ्ग, उमेर, पेसा, जाति, धर्म संस्कृति, वर्ग, भूगोल, सूचना, सञ्चार, प्रविधि र लोकतान्त्रिक मूल्यमान्यतालाई अध्ययनको क्षेत्र र नमुनाका रूपमा लिइएको छ।

### सामग्री निर्माण र कार्यान्वयन

यस शोधपत्रलाई वैज्ञानिक र व्यवस्थित बनाउनका लागि समस्या र उद्देश्यमा केन्द्रित गर्न भाषिक सिप र अध्ययनको ढाँचा सम्बद्ध आरेख र सूचनाहरूको प्रकृतिअनुसारका विभिन्न उपशीर्षकीय तालिकाहरू निर्माण गरिएका छन्। समाज सापेक्षताका आधारमा लिङ्ग, जाति, वर्ग, भूगोल, लोकतान्त्रिक मूल्यामान्यता, सूचना,

सञ्चार र प्रविधिसँग मेल खाने गरी वर्णनात्मक विश्लेषणका निम्ति गुणत्मक सूचना लिइएका छन् । गुणात्मक सूचनालाई आवश्यक पर्ने उक्त सामग्री निमार्णको काम अध्ययनका उद्देश्य र अध्ययनको वैधतालाई ध्यानमा राखेर सम्पन्न गरिएको छ । यसरी आवश्यक सामग्री निमार्ण गर्दा चाहिने मात्रामा गुणात्मक सूचनाद कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिइएको छ ।

## सूचना सङ्कलन प्रक्रिया

यस शोधकार्यलाई प्रभावकारी तरिकाले अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्न पुस्तकालय अध्ययन र पाठ्यपुस्तकको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसका लागि प्राथमिक स्रोतका सूचनाहरू माध्यमिक तह कक्षा दशको भाषापाठ्यपुस्तकबाट लिइएको छ । यसैगरी द्वितीयक स्रोतका सूचना अप्रकाशित शोधपत्र, पुस्तकबाट लिइएको छ । सूचनाहरू उद्देश्यसँग सम्बन्धित रहेका छन् । यसका लागि पाठ्यपुस्तक, शोधग्रन्थहरूलाई उपयोगमा ल्याइएको छ । सूचना सङ्कलनपछि उद्देश्यको प्रकृतिअनुसार तिनलाई समाजसापेक्षताका आधारमा विभिन्न स्रोतबाट प्राप्त सूचनाहरूको वर्गीकरण र तालिकीकरण गरिएको छ ।

## सूचनाको व्याख्या तथा विश्लेषण

यस शोधपत्रको शीर्षक, समस्या र उद्देश्यहरूको सीमामा रही माध्यमिक तह कक्षा दशको नेपाली भाषापाठ्यपुस्तक समाजसापेक्षताका दृष्टिले कस्ता छन् भन्ने आधारमा व्याख्या विश्लेषण गरिएको छ । निर्धारित दुई उद्देश्य, सोहीअनुसार सूचनाहरूको वर्गीकरण र तालिकीकरणको व्यवस्थाअनुसारको व्याख्या तथा विश्लेषणका लागि गुणात्मक ढाँचा भित्र वर्णनात्मक विधिलाई अबलम्बन गरिएको छ । यसमा लिङ्ग, पेसा, धर्म संस्कृति, जाति, वर्ग, भूगोल, लोकतान्त्रिक मूल्यामान्यता, सूचना, सञ्चार र प्रविधिसँग मेल खाने गरी पाठ्यपुस्तकको अध्ययन गरिएको छ ।

# अध्याय चार

## व्याख्या तथा विश्लेषण

यस अध्यायमा कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको परिचयपछि कक्षा दशको नेपालीपाठ्यपुस्तकमा प्रस्तुत समाजको लिङ्ग, उमेर, पेसा, जाति, धर्म संस्कृति, वर्गको विश्लेषण गरिएको छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रस्तुत भूगोल, सूचना, सञ्चार, प्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको अध्ययन विश्लेषण गरिएको छ । उद्देश्यअनुरूप समाजसापेक्षताको आधारहरूमा केन्द्रित रही लिङ्ग, उमेर, पेसा, जातीय, धार्मिक संस्कृति, वर्ग, भूगोल, सूचना, सञ्चार, प्रविधि र लोकतान्त्रिक मूल्यमान्यता उपशीर्षकहरू र ६४ वटा तालिकाको सहयोग लिइएको छ । सङ्कलित सूचनाहरूको गुणात्मक ढाँचाभित्र वर्णनात्मक-विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन विश्लेषण गरिएको छ ।

### भाषा पाठ्यपुस्तकको परिचयात्मक विश्लेषण

भाषा पाठ्यपुस्तक भाषा शिक्षण सिकाइको महत्त्वपूर्ण र आधिकारिक सामग्री हो । यसको सहयोगले विद्यार्थीहरू सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरूपका भाषिक अपेक्षाहरू हासिल गर्छन् । यसमा भाषा पाठ्यक्रमका अपेक्षा अनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकता ख्याल गरी सङ्गठित गरिएको हुन्छ । भाषा पाठ्यक्रम शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषा पाठ्यपुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्याववहारिक कार्यकलाप वा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग गर्ने भरपर्दो सामग्री हो । भाषा पाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, सांवेगिक, बौद्धिक पक्षका साथै रुचि, आवश्यकता र सिकाइ प्रवृत्ति समेतलाई ख्याल गरी मनोवैज्ञानिक सिकाइ अनुक्रममा तयार गरिएको हुन्छ (पौडेल, २०७३, पृ. २६३) । यसबाट भाषा पाठ्यपुस्तकले विद्यार्थीहरूलाई भाषा सिक्नको लागि महत्त्वपूर्ण सहयोग गर्छ भन्ने देखिन्छ ।

भाषापाठ्यपुस्तक लेखनको समयमा पाठ्यक्रमा निर्धारित उद्देश्यअनुरूप पाठ्यवस्तुहरू समेट्ने विधाको छनोट गर्नु उपयुक्त हुन्छ । विविध विषयवस्तु र सोअनुसारको अभ्यासबाट मात्र भाषिक सिपको विकास हुन सक्छ । कथा, कविता, निबन्ध/प्रबन्ध, चिठी, निवेदन, जीवनी, रूपक आदि विधाहरूमा भाषिक सिपको विकास गर्ने धेयले विषयवस्तुहरू समावेश

गरिनुपर्दछ । यहाँ निर्धारित कक्षा दशको नेपाली पाठ्यपुस्तकको सामान्य विश्लेषण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

तालिका १२

*पाठसङ्ख्या र शीर्षक*

| पाठसङ्ख्या | पाठशीर्षक |
|---|---|
| १ | उज्यालो यात्रा |
| २ | घरझगडा |
| ३ | चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा |
| ४ | यस्तो कहिल्यै नहोस् |
| ५ | लक्ष्मीप्रसाद देवकोटा |
| ६ | अधिकार ठुलो कि कर्तव्य ठुलो ? |
| ७ | शत्रु |
| ८ | नेपाली हाम्रो श्रम र सिप |
| ९ | मेरो देशको शिक्षा |
| १० | व्यावसायिक चिठी |
| ११ | कर्तव्य |
| १२ | पाब्लो पिकासो |
| १३ | पख्नोस् |
| १४ | घरको माया |
| १५ | गाउँमाथि एउटा कविता |
| १६ | आयाम |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका १२ मा उल्लेख भएअनुसार कक्षा दशको नेपाली किताबमा १६ ओटा पाठहरू राखिएको देखियो । १६ ओटा पाठमा ६ ओटा विधाहरू समावेश गरिएको पाइयो । राखिएका पाठहरूलाई समग्रमा हेर्दा बालबालिकाको स्तरअनुरूप शिक्षाप्रद, नैतिक, उपदेशमूलक, देशप्रेमको भावना जगाउने, वर्तमान परिप्रेक्ष सामाजिक सञ्जाल र त्यसबाट हुने गरेका राम्रा र नराम्रा पक्षहरूजस्ता विषयलाई समेट्न सकेको देखिएको पाइयो ।

यसबाट पाठशीर्षकका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखिन्छ । यसमा संलग्न गरिएका विषयवस्तु सूचनामूलक एवम् शिक्षणीय देखिन्छन् ।

तालिका १३

*पाठसङ्ख्या र विधाहरू*

| विधा | क्र.सं | विधागत पाठहरू | सङ्ख्या |
|---|---|---|---|
| कविता | १ | उज्यालो यात्रा | |
| | २ | नेपाली हाम्रो श्रम र सिप | ३ |
| | ३ | गाउँमाथि एउटा कविता | |
| कथा | १ | घरझगडा | |
| | २ | शत्रु | ४ |
| | ३ | कर्तव्य | |
| | ४ | आयाम | |
| निबन्ध | १ | चिकित्सा विज्ञान र आयुर्वेद | |
| | २ | मेरो देशको शिक्षा | ३ |
| | ३ | पख्नोस् | |
| रूपक | १ | यस्तो कहिल्यै नहोस् | २ |
| | २ | अधिकार ठुलो कि कर्तव्य ठुलो ? | १ |
| | ३ | घरको माया | |
| जीवनी | १ | लक्ष्मीप्रसाद देवकोटा | |
| | २ | पाब्लो पिकासो | |
| चिठी | १ | व्यावसायिक चिठी | |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका १३ मा उल्लेख भएअनुसार कक्षा दशको नेपाली पाठ्यपुस्तकमा जम्मा १६ ओटा पाठ राखिएको पाइयो । जसमा कविता, कथा, निबन्ध, रूपक, जीवनी र चिठी गरी ६ ओटा विधा समावेश गरिएको देखियो । विद्यार्थीको तह, स्तर, रुचि, आवश्यकता र मनोविज्ञानको हिसाबले विधागत पाठहरू समसामयिक र शिक्षणीय देखिन्छन् ।

तालिका १४

*विधा र विधाले समेट्ने क्षेत्र*

| विधा | क्र.सं | विधागत पाठहरू | क्षेत्र | सङ्ख्या |
|---|---|---|---|---|
| कविता | १ | उज्यालो यात्रा | नैतिक | |
| | २ | नेपाली हाम्रो श्रम र सिप | राष्ट्रियता | ३ |
| | ३ | गाउँमाथि एउटा कविता | प्राकृतिक | |
| कथा | १ | घरझगडा | ऐतिहासिक | |
| | २ | शत्रु | मनोवैज्ञानिक | ४ |
| | ३ | कर्तव्य | सामाजिक | |
| | ४ | आयाम | नैतिक | |
| निबन्ध | १ | चिकित्सा विज्ञान र आयुर्वेद | वस्तुपरक | ३ |
| | २ | मेरो देशको शिक्षा | वर्णनात्मक | |
| | ३ | पख्नोस् | हास्यवङ्ग्य | |
| रूपक | १ | यस्तो कहिल्यै नहोस् | मनोवाद | |
| | २ | अधिकार ठुलो कि कर्तव्य ठुलो ? | वादविवाद | |
| | ३ | घरको माया | एकाङ्की | |
| जीवनी | १ | लक्ष्मीप्रसाद देवकोटा | राष्ट्रिय | |
| | २ | पाब्लो पिकासो | अन्तर्राष्ट्रिय | |
| चिठी | १ | व्यावसायिक चिठी | चिठी | |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका १४ मा उल्लेख भए अनुसार कविता, कथा, जीवनी, निबन्ध, रूपक र चिठी गरी छ ओटा विधाको समावेश भएको पाइयो भने कविता विधाअन्तर्गत उज्यालो यात्रा नैतिक, नेपाली हाम्रो श्रम र सिप राष्ट्रियता र गाउँमाथि एउटा कविता प्राकृतिक क्षेत्रलाई समेटेर राखिएको देखियो । त्यसैगरी कथा विधाअन्तर्गत घरझगडा कथाले ऐतिहासिक क्षेत्र, शत्रु कथाले मनोवैज्ञानिक, कर्तव्यले सामाजिक र आयाम कथाले नैतिक क्षेत्रलाई समेटेको पाइयो । यसैगरी निबन्ध विधाअन्तर्गत चिकित्सा विज्ञान र आयुर्वेद निबन्ध वस्तुपरक, मेरो देशको शिक्षा निबन्ध वर्णनात्मक र पख्नोस् निबन्ध हास्यव्यङ्ग्य क्षेत्रलाई समेटेको देखियो । रूपक विधाअन्तर्गत यस्तो कहिल्यै नहोस् मनोवाद, अधिकार ठुलो कि कर्तव्य ठुलो ? वादविवाद र

घरको माया एकाङ्की क्षेत्रलाई समेटेको पाइयो । जीवनी विधामा लक्ष्मीप्रसाद देवकोटा राष्ट्रिय र पाब्लो पिकासोले अन्तर्राष्ट्रिय क्षेत्रलाई समेटेको पाइयो । चिठी विधाले व्यावसायिक चिठीको क्षेत्रलाई समेटेको देखियो । समग्रमा क्षेत्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखिन्छ ।

तालिका १५

*विधागत पाठअन्तर्गत भाषातत्त्वको व्यवस्था र क्षेत्र*

| भाषातत्त्व | क्षेत्र |
|---|---|
| पदवर्ग | नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयागी, क्रियायोगी, संयोजक, निपात, विस्मयादिबोधक |
| धातु | सकर्मक र अकर्मक |
| शब्द निर्माण | उपसर्ग, प्रत्यय, समास, विग्रह |
| कारक र विभक्ति | कारक |
| काल र पक्ष | भूत, वर्तमान र भविष्यत् |
| भाव वा अर्थ | सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ, सङ्केतार्थ |
| वाक्य | सरल वाक्य, मिश्र वाक्य, संयुक्त वाक्य, उद्देश्य र विधेय |
| वाच्य | कतृवाच्य, कर्मवाच्य र भाववाच्य, सकर्मक र अकर्मक |
| करण र अकरण | करण र अकरण |
| प्रेरणार्थक | सामान्य र प्रेरणार्थक |
| कथन | प्रत्यक्ष र अप्रत्यक्ष |
| व्याकरणिक कोटि | वचन, पुरुष, लिङ्ग, आदर |
| पदक्रम | व्याकरणिक र आलङ्कारिक |
| संश्लेषण | वाक्य संश्लेषण र विश्लेषण |
| विशेष शब्दरू | परिभाषिक, प्राविधिक, समावेश्य र समावेशक |
| विविध अर्थयुक्त शब्दहरू | पर्यायवाची शब्द, विपरीतार्थी शब्द, अनेकार्थी शब्द |
| उखान र टुक्का | उखान र टुक्का |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका १५ मा उल्लेख भएअनुसार पाठ्यक्रममा उल्लेख गरेअनुसार व्याकरणका क्षेत्र पर्याप्त रहेको पाइयो । पाठ्यक्रमको अपेक्षा पाठ्यपुस्तकले परिपालन गरेको देखियो । यस पाठ्यपुस्तकका अन्य क्षेत्र र पक्ष पनि उपयुक्त नै देखियो । यसबाट भाषतत्त्वको व्यवस्था र क्षेत्रका हिसाबले पाठ्यपुस्तक शिक्षणीय देखिन्छ ।

**पाठ्यपुस्तकको समाजसापेक्ष विश्लेषण**

यस उपशीर्षकअन्तर्गत लिङ्ग, पेसा, जातजाति, धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यता नामका उपशीर्षकहरू रहेका छन् ।

**लिङ्ग** : भाषामा पनि जैविक वर्गीकरणअनुसार तिनलाई जनाउने बेग्लाबेग्लै 'नाम' शब्द हुन्छन् । यसकारण भाषामा लिङ्ग भनेको नामको वर्गीकरण गर्ने प्रयास हो । नेपालीमा मानव स्त्रीलाई एक प्रकारको लिङ्ग र अन्य सबैलाई अर्को लिङ्गको रूपमा व्यवहार गर्ने गरेको देखिन्छ । यसअनुसार पुरुषहरूमा जैविक भालेपनबाहेक विभिन्न चरित्रहरूको आरोपण गरिएको हुन्छ र स्त्रीहरूमा पनि जैविक पोथीपनको अतिरिक्त विभिन्न चरित्रको अपेक्षा गरिन्छ ।

तालिका १६

*कविता विधामा लैङ्गिक अवस्था*

| पाठ | पुलिङ्गी नाम |
|---|---|
| उज्यालो यात्रा | प्रेम,सौरभ, गौरव |
| नेपाली हाम्रो श्रम र सिप | गौरव, ऋषि, विशाल, प्रकाश, दिव्य, आशिष, |
| गाउँमाथि एउटा कविता | भाले, गोरु, तन्नेरी, दलबिरे, घिसिङ, धामी, हिरे, छोरो, जिम्दार, बुढा, सम्पादक |
| पाठ | स्त्रीलिङ्गी नाम |
| उज्यालो यात्रा | रागिनी, चाँदनी |
| नेपाली हाम्रो श्रम र सिप | आमा, आभा |
| गाउँमाथि एउटा कविता | बुढी, माइली, नानी |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका १६ अनुसार कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेका तीनओटा कविता विधामा पुलिङ्गी नामशब्दहरू मात्र प्रयोग भएको पाइयो । कविता विधा भएकाले

त्यहाकक वाक्यगत प्रसङ्ग देखिएन । त्यस्तै प्रस्तुत कविताहरूमा स्त्रीलिङ्गी नाम शब्दहरू पुलिङ्गी नाम शब्दको तुलनामा कम प्रयोग भएको पाइयो । यसमा पनि वाक्यगत प्रसङ्ग देखिएन । लैङ्गिक सन्तुलनका दृष्टिबाट हेर्दा पुलिङ्ग पात्रको प्रतिनिधित्वका हिसाबले कविता विधा सबल देखिए पनि स्त्रीलिङ्ग पात्रको प्रतिनिधित्वका हिसाबले यो कमजोर देखियो । समग्रमा लैङ्गिक सन्तुलनका दृष्टिले पाठ्यपुस्तक (कविता विधामा) सामान्यतः सबल पाइयो । यस आधारमा लैङ्गिक अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कविता विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

तालिका १७

*कथा विधामा लैङ्गिक अवस्था*

| पाठ | पुलिङ्गी नाम | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| घरझगडा | देवर, बहादुर, बाघ, नाग,छोरो, रणबहादुर, दलजित, भतिज, गजराज, रामकृष्ण, राजकुमार, ससुरा, खसम, काका, लक्ष्मण, गिद्ध, भारदार | देवर भनेर यी बहादुर शाहलाई मैले हुनेसम्म गरेकी हुँ (पृ. १२ अनु.१)। भोजमाथि काका मुञ्जले गरेको दानवी व्यवहारको कथा सम्झँदा मेरो मनमा झन् औडाहा छुट्यो (पृ. १४ अनु. ७)। |
| शत्रु | कृष्ण, छोरो, भतिजो, रामे, नोकर, बलभद्र, गोविन्द पण्डित, गोरे जमदार, मास्टर, पुत्र, केदार, युवक, कन्हैया, बुधे, पुष्पराज,रामचन्द्र | जनककुमारीको एक्लो छोरो मर्दा पिरभन्दा तिनको सान्त्वनाले त्यहाँ भएका मान्छेको आँखामा आँसु ल्यायो (पृ. ८९ अनु. १)। |
| आयाम | सुरज, कमल, भाइ, श्रीमान्, छोरा, सानु । | कार्यालयमा सुरज सर, भाइ, मलगायत अन्य कर्मचारी थियौँ । |
| घरझगडा | राजेन्द्रलक्ष्मी, सिंहिनी, सती, सीता, भाउज्यू, आइमाई, महाकाली, महालक्ष्मी, महासरस्वती | त्यस बखतमा सती गइँन भनेर कतिले कुरा काटे । (पृ.१३ अनु. २)। |
| शत्रु | जनककुमारी, लीला | जनककुमारीको पिरभन्दा तिनको सान्त्वनाले त्यहाँ भएका मान्छेको आँखामा आँसु ल्यायो । (पृ. ८९ अनु. १) । |
| आयाम | याङ्जी, आमा, बुढी, महिला, युवती, शन्तमाया, सुनमाया, श्रीमती, छोरी । | घरमा आमा र म मात्रै थियौँ । (पृ. २१९ अनु. ४) । |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका १७ अनुसार ‘घरभ्कगडा’ कथामा (७५ प्रतिशत) पुलिङ्गी पात्र प्रयोग भएको पाइयो । ‘शत्रु’ कथामा (९० प्रतिशत) पुलिङ्गी पात्र रहेको देखियो । ‘आयाम’ कथामा (५० प्रतिशत) पुरूष पात्रको प्रयोग भएको पाइयो । यी तीनै पाठमा पात्र प्रयोगमा समानता पाइएन । प्रस्तुत तीनओटा कथामध्ये आयाम कथाका पुरूष पात्रको तुलनामा अन्य दुई ओटा कथामा पुरुष पात्र सक्रिय देखियो । ‘घरभ्कगडा’ कथामा (२५ प्रतिशत) स्त्रीलिङ्गी पात्र प्रयोग भएको देखियो । पुलिङ्गी पात्रको सापेक्षतामा स्त्रीलिङ्गी पात्र कमजोर पात्रको रूपमा चित्रण गरिएको पाइयो । ‘शत्रु’ कथामा प्रयुक्त पात्रमध्ये (१० प्रतिशत) मात्र स्त्रीलिङ्गी पात्र छन् । पुलिङ्गी पात्रको सापेक्षतामा स्त्रीलिङ्गी पात्र धेरै कम भएकाले लैङ्गिक आधारमा प्रस्तुत पाठ असमावेशी देखियो तापनि ऐतिहासिक घटनामा आधारित पाठ भएकाले सामाजिक प्रकारको पाइयो । ‘आयाम’ कथामा (८० प्रतिशत) स्त्रीलिङ्गी पात्रको प्रयोग भएको देखियो । लैङ्गिक सन्तुलनका दृष्टिबाट हेर्दा पुलिङ्ग पात्रको प्रतिनिधित्वका हिसाबले कथा विधा सबल देखिए पनि स्त्रीलिङ्ग पात्रको प्रतिनिधित्वका हिसाबले यो कमजोर देखियो । पुलिङ्गी पात्रको सापेक्षतामा स्त्रीलिङ्गी पात्र धेरै कम भएको पाइयो । समग्रमा लैङ्गिक सन्तुलनका दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) सामान्यतः असन्तुलित देखियो तर पनि ऐतिहासिक घटनामा आधारित पाठ भएकाले सामाजसापेक्ष रहेको देखियो । पात्रगत समावेशिताको अनुपात भने मिलेको देखिएन् । यस आधारमा हेर्दा स्त्रीलिङ्ग पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक असन्तुलित देखियो । यस आधारमा लैङ्गिक  अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको पुष्टि हुन्छ ।

तालिका १८

*निबन्ध विधामा लैङ्गिक अवस्था*

| पाठ | पुलिङ्गी नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| चिकित्सा विज्ञान र आयुर्वेद<br>मेरो देशको शिक्षा | ऋषिमुनि, राजा, जनक, सिद्धार्थ, फाल्गुनन्द, दाजुभाइ, न्युटन | प्राचीन ऋषिमुनिले अनेकौँ सभ्यता, संस्कृति, पूर्वीय दर्शन र ज्ञानको ज्योति संसारभर फिँजाए र मेरो देशको शिक्षालाई आलोकित गरे (पृ.११५ अनु. २)। |
| पख्नोस् | जैरे काहिँलो, जङबहादुर, बाबु, कपुरीकान्त, खबटानन्द, खुकुरीराम, घटसिंह, चम्रेल बाबु, चतुरे, छत्रजङ्ग, जरसाहेब, जगन्नाथ, झसवीरे, नाति, सिपाही, दलाई, पाण्डेजी, फर्सीजङ्ग सुब्बा, भुँडेकाजी । | जङ्गिँदाजङ्गिँदै जङ्गबहादुरबने पनि के लाग्छ र ?(पृ.१७६ अनु. २)।<br>भाटभटेनी बस्ने भुँडेकाजी भद्रकालीनिर कसैलाई पर्खदो हो ( पृ.१७८ अनु. ४)। |
| **पाठ** | **स्त्रीलिङ्गी नामशब्दहरू** | **स्त्रीलिङ्गी वाक्यगत प्रसङ्ग** |
| पख्नोस् | रक्तकाली, कर्किनी, गीतादेवी, नाकथोप्ली मैया, बाटुली बराल्नी, | गाना सुन्न गएकी गीतादेवी वेला नभैसकेकाले गजक्क परेर रेडियो भएनिर पर्खँदी हो (पृ.१७७ अनु. ४)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका १८ अनुसार 'चिकित्सा विज्ञान र आयुर्वेद' निबन्धमा पुलिङ्गी नाम शब्दहरू छैनन् । 'मेरो देशको शिक्षा' निबन्धमा (५० प्रतिशत) पुलिङ्गी नाम शब्दहरू प्रयोग भएका देखियो भने 'पख्नोस्' निबन्धमा (९० प्रतिशत) पुलिङ्गी नाम शब्दहरू प्रयोग भएका पाइयो । त्यस्तै 'चिकित्सा विज्ञान र आयुर्वेद' निबन्ध र 'मेरो देशको शिक्षा' निबन्धमा स्त्रीलिङ्गी नाम शब्दहरू देखिएन भने 'पख्नोस्' निबन्धमा (१० प्रतिशत) स्त्रीलिङ्गी नाम शब्दहरू प्रयोग भएको पाइयो । समग्रमा लैङ्गिक सन्तुलनका दृष्टिले (निबन्ध विधामा) तीनओटा निबन्ध मध्ये कुनै पनि निबन्धमा पात्रगत समानता रहेको देखिएन । यसबाट पुलिङ्ग र स्त्रीलिङ्ग पात्रको प्रतिनिधित्वका हिसाबले पुस्तक असन्तुलित देखियो । यस आधारमा लैङ्गिक अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक मध्यम रहेको देखिन्छ ।

तालिका १९

*रूपक विधामा लैङ्गिक अवस्था*

| पाठ | पुलिङ्गी नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| यस्तो कहिल्यै नहोस् (मनोवाद) | शुकमान, काका, सिकारी | कस्तुरीले आफ्नो नाभिमा भएको गन्ध खोज्दै जाँदा सिकारीका फेला पर्छ रे ! (पृ. ४३ अनु. ८) । |
| अधिकार ठुलो कि कर्तव्य ठुलो ?( वादविवाद) | चिदानन्द, जर्ज इलियट, लर्ड वायनर, फिलिप्स रुब्सको, रोबर्ट बाडेन, पावेल, पिता, राम, सुकरात, गौतम बुद्ध, भरत, विश्वेश्वरप्रसाद, नेल्सन मन्डेला, मोसे डायन, गार्नर, दशरथ, धर्मभक्त, गङ्गालाल, शुक्रराज, पदम, पितृ, श्रवणकुमार, दुर्योधन, गान्धारी, युधिष्ठिर, महावीर, हिटलर । | पिताप्रतिको कर्तव्य पालनाका सन्दर्भमा जब राम वनवास जान तयार भए र गए, उनी मर्यादापुरुषोत्तम बने र भगवान्का रूपमा पुजिए । (पृ. ७० अनु. ४)। |
| घरको माया (एकाङ्की) | जमानसिंह, लालबहादुर, कान्छो, केटो, बुबा, मितज्यू, फेरीवाल, बाच्छो, पोक्चे, भाइ । | तपाइँ आमाबुबा भएकालाई त त्यस्तो छ भने मलाई झन् कस्तो ? (पृ. १८९ अनु.२) । |

| पाठ | स्त्रीलिङ्गी नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| यस्तो कहिल्यै नहोस् (मनोवाद) | नानी, छोरी, पानमती, दिदीबहिनी | पढेर के गर्छ्यौ नानी, पढे पनि पैँसा चाहिन्छ क्यारे, आखिर पैसा कमाउने नै हो (पृ. ४१ अनु.५) । |
| अधिकार ठुलो कि कर्तव्य ठुलो ? (वादविवाद) | मातृ, मदर टेरेसा, श्रुति साह | |
| घरको माया (एकाङ्की) | आमा, बतासे, जेठी, कान्छी, आइमाई, दिदी, बैनी, | आमा सखारै उठ्दी हुन्, जाँतामा कोदो पिन्दी हुन् (पृ. १८९ अनु. २)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका १९ अनुसार ‘यस्तो कहिल्यै नहोस्’(मनोवाद) मा (१० प्रतिशत) पुलिङ्गी पात्रहरू रहेका पाइयो । साइबर अपराध, गरिबी सामाजिक संरचनाका कारणले पुरुषले ठगिनुपर्ने बाध्यता पाठमा प्रस्तुत भएको देखियो । ‘अधिकार ठुलो कि कर्तव्य ठुलो ?’

(वादविवाद) मा (९० प्रतिशत) पुलिङ्गी पात्रहरू रहेका पाइयो भने 'घरको माया' (एकाङ्की) पाठमा (७० प्रतिशत) पुलिङ्गी पात्रहरू रहेका देखियो । त्यस्तै 'यस्तो कहिल्यै नहोस्' मनोवाद मा (१० प्रतिशत) स्त्रीलिङ्गी नामशब्दहरू रहेका देखियो । 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' (वादविवाद) र 'घरकोमाया' (एकाङ्की) पाठमा पनि (१०/१० प्रतिशत) स्त्रीलिङ्गी नामशब्दहरू रहेका पाइयो । समाजमा भइरहेका घटनालाई विषय बनाइएका कारण पाठहरू सामाजिक रहेका देखियो । 'यस्तो कहिल्यै नहोस्' मनोवादमा जल्दो बल्दो अहिलेको साइबर अपराधलाई मुख्य विषयवस्तु बनाइएको पाइयो । समग्रमा लैङ्गिक सन्तुलनका दृष्टिले पाठ्यपुस्तक (रूपक विधामा) सामान्यतः मध्यम पाइयो । यस आधारमा यस आधारमा लैङ्गिक अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा रूपक विधामा पाठ्यपुस्तक सबल र स्तरीय रहेको देखिन्छ ।

तालिका २०

*जीवनी विधामा लैङ्गिक अवस्था*

| पाठ | पुलिङ्गी नाम | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| लक्ष्मीप्रसाद देवकोटा | लक्ष्मीप्रसाद, तिलमाधव, बुबा, दाजु, सुपुत्र, वर्डस्वर्थ | डिल्लीबजार धोबीधारामा तिलमाधव देवकोटाकहाँ सबैका घरमा झैँ दीपावलीको उज्यालो मुस्कुराइरहेको थियो (पृ. ५१ अनु. १) । |
| पाब्लो पिकासो | पाब्लो, बालक, काका, डन साल्भाडोर, बुबा मारियो | एनका काका डन साल्भाडोरले त्यो बालक जीवित छ भनी नर्सलाई सूचित गरेछन् (पृ. १५९ अनु. २) । |
| पाठ | स्त्रीलिङ्गी नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| लक्ष्मीप्रसाद देवकोटा | अमरराज्यलक्ष्मी, आमा, दिदी, मनदेवी, सेली, छोरी, माहिली, | तिलमाधवकी धर्मपत्नी अमरराज्यलक्ष्मी देवीको कोखबाट जन्म भएको थियो (पृ. ५१ अनु. १) । |
| पाब्लो पिकासो | आमा, जोसो रुइज, बहिनी, कोन्चिटा, महिला | सोही वर्ष पिकासोकी सात वर्षकी बहिनी कोन्चिटाको मृत्यु भयो (पृ. १६० अनु. ४) । |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका २० अनुसार 'लक्ष्मीप्रसाद देवकोटा' पाठ जीवनी विधाको भएकाले यसमा लक्ष्मीप्रसाद देवकोटाको जीवनका महत्त्वपूर्ण भूमिका भएका पुरुषलाई बुझाउने शब्द नै

पुलिङ्गी नाम शब्द भएको पाइयो । 'पाब्लो पिकासो' पाठमा पनि पिकासोका जीवनका महत्त्वपूर्ण घटनाहरूका क्रममा आएका शब्दहरू नै पुलिङ्ग नाम शब्द देखियो । त्यस्तै 'लक्ष्मीप्रसाद देवकोटा' र 'पाब्लो पिकासो' पाठ जीवनी विधा भएकाले यसमा लक्ष्मीप्रसाद देवकोटा र पाब्लो पिकासाका जीवनमा भएका महत्त्वपूर्ण भूमिका भएका महिलालाई जनाउने शब्द नै स्त्रीलिङ्गी नाम शब्द रहेको पाइयो । यी पाठमा पुलिङ्गी र स्त्रीलिङ्गी नाम शब्द बराबर प्रयोग गरीएको देखियो । समग्रमा लैङ्गिक सन्तुलनका दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) मध्यम रहेको पाइयो । यस आधारमा लैङ्गिक अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठहरू समावेशी र सामाजिक प्रकारको रहेका कारण पाठ्यपुस्तक सबल र स्तरीय देखिन्छ ।

तालिका २१

*चिठी विधामा लैङ्गिक अवस्था*

| पाठ | पुलिङ्गी नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| व्यावसायिक चिठी | दाजुभाइ, उमाकान्त | यस शीतोष्ण बागवानी केन्द्रले पनि विगत लामो समयदेखि यस क्षेत्रका कृषक दाजुभाइ तथा दिदीबहिनीका लागि कृषिजन्य सामग्रीको बिक्री वितरण गर्दै आइरहेको छ (पृ. १२० अनु. १) । |
| पाठ | स्त्रीलिङ्गी नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| व्यावसायिक चिठी | दिदीबहिनी | यस शीतोष्ण बागवानी केन्द्रले पनि विगत लामो समयदेखि यस क्षेत्रका कृषक दाजुभाइ तथा दिदीबहिनीका लागि कृषिजन्य सामग्रीको बिक्री वितरण गर्दै आइरहेको छ (पृ. १२० अनु. १) । |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका २१ अनुसार 'व्यावसायिक चिठी' पाठमा (५० प्रतिशत) पुलिङ्गी नाम शब्दहरू प्रयोग भएका देखियो । दुबै लिङ्गको समावेश भएको हुनाले यो पाठ समावेशी र सामाजिक प्रकारको रहेको पाइयो । त्यस्तै 'व्यावसायिक चिठी' पाठमा (५० प्रतिशत) स्त्रीलिङ्गी नाम शब्दहरू प्रयोग भएका देखियो । दुबै लिङ्गको समावेश भएको हुनाले यो पाठ समावेशी र सामाजिक प्रकारको पाइयो । समग्रमा लैङ्गिक दृष्टिले

पाठ्यपुस्तक (चिठी विधामा) सबल रहेको देखियो । यस आधारमा लैङ्गिक अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा चिठी विधामा पाठ्यपुस्तक सामान्य रहेका कारण पाठ्यपुस्तक व्यावहारिक देखिन्छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा कविता, कथा, निबन्ध, मनोवाद, वादविवाद, जीवनी, चिठी, एकाङ्की विधामा लिङ्ग बुझाउने नाम शब्द, वाक्यगत प्रसङ्ग र पात्रका क्रियाकलापले समाजसापेक्षता प्रस्तुत गरेका छन् । चिठी, मनोवाद, जीवनी, निबन्ध विधामा विधागत विशेषताका कारण शब्द, वाक्य र पात्रका क्रियाकलापमा कमी देखिए पनि पाठलाई समाजसापेक्ष होइनन् भन्न मिल्दैन । ती पाठका विषयगत प्रसङ्गबाट सामाजिकता झल्किने भएको हुदाँ पाठ समाजसापेक्ष बनेका छन् । लिङ्गगत दृष्टिले समग्रमा पाठ्यपुस्तक सबल र स्तरीय देखिन्छ ।

**उमेर** : यस शीर्षकअन्तर्गत उमेर र उमेरले प्रतिनिधित्व गरेका वृद्ध, युवा तथा वयस्क, किशोर र केटाकेटीलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्गहरूको विश्लेषण गरिएको छ । पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त उमेर जनाउने नाम शब्द र केही प्रसङ्ग अनुसारका वाक्यलाई तालिकामा क्रमशः प्रस्तुत गरिएको छ :

तालिका २२

*कथा विधामा वृद्ध र युवा/वयस्क उमेर प्रतिनिधित्वको अवस्था*

| पाठ | वृद्धलाई बुझाउने शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| घरझगडा | ससुरा, आमा | यदि ससुरा ज्यूबाट उठाइबक्सेको एकताको राष्ट्रियताको जगमा मन्दिर खडा गर्न सकेनौँ भने हामीले बाँच्नु मर्नु हो । (पृ.१३ अनु.४)।<br>आमा समानकी हजुरलाई पूजा गरेर जन्मभूमिलाई शिरमा राखी सिगार्ने उन्नत शिखरमा पुऱ्याउने ने मेरो मनसाय हो (पृ. १३ अनु.५)। |
| शत्रु | कृष्ण राय | ४५ वर्षका कृष्ण राय गाउँका सबभन्दा भद्र मानिस थिए । (पृ.८९ अनु.१)। |
| कर्तव्य | मुखिया, गङ्गाधर, बुढाबुढी, वृद्धा | गाउँका तालुकदार भए पनि 'मुखिया बा' का नाउँले प्रसिद्ध थिए (पृ.१४१ अनु.२)।<br>बुढाबुढी र असहायको टेक्ने लट्ठी भाँचियो (पृ.१४२ अनु.३)। |

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
| --- | --- | --- |
| घरझगडा | देवर, बहादुर शाह, रणबहादुर, दाजु, भतिज, गजराज मिश्र, रामकृष्ण कुँवर, राजेन्द्र लक्ष्मी भाउजू, दलजित | देवर भनेर यी बहादुर शाहले मैले हुनेसम्म गरेकी हुँ (पृ.१२ अनु.१)। काका मुञ्जले गरेको दानवी व्यवहारको कथा सम्झँदा मेरो मनमा झन् झन् औडाहा छुट्ेयो (पृ.१४ अनु.७)। |
| शत्रु | जनककुमारी, भतिजो, रामे नोकर, बलभद्र, गोविन्द पण्डित, गोरेजमदार, मास्टर, दाजुभाइ, पुलिस | तिनका सन्तान थिएनन् तर यस अभावलाई तिनले आफ्नो एउटा टाढाको भतिजोलाई पाली पूर्ति गरेका थिए (पृ.९० अनु.२)। |
| कर्तव्य | युवा, मुरलीधर र कान्छा श्रीधर | गोविन्द पण्डित र गोरे जमदारको खेतको झगडा धेरै दिनदेखि चलिआएको थियो (पृ. ९१ अनु.६)। मुरलीधर पण्डित थिए । सबेरै न्वाउँथे, आधा दिनसम्म पूजापाठ गर्थे (पृ.१४२ अनु.४)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका २२ अनुसार 'घरझगडा' पाठमा समाजमा बस्ने विविध उमेरका पात्रको चित्रण गरिएको पाइयो । जसमध्ये (४० प्रतिशत) वृद्ध पात्रहरू प्रयोग भएका देखियो । उमेर अनुसारका पात्रको क्रियाकलाप देखाइएकाले यो पाठ उमेरगत आधारमा समावेशी र सामाजिक प्रकारको पाइयो । 'शत्रु' कथामा गाउँका भद्र मानिसको बारेमा कुरा गर्ने क्रममा वृद्धलाई बुझाउने नाम शब्द आएको देखियो । पहिला सबैलाई आफ्नो मित्र ठान्ने तर शङ्का लागेपछि जसलाई पनि शत्रु देख्ने प्रसङ्गमा वृद्धलाई बुझाउने नाम शब्द आएको पाइयो । 'कर्तव्य' कथामा भाइले दाजुको मान नराखे पनि बाबुबाजेको मानमर्यादा र स्वर्गमा बसेका पितृलाई सम्झने मुरलीधर समाजमा बढ्दै गएको विकृतिलाई टपक्क टिपेर विषयवस्तु बनाइएका कारण कर्तव्य कथा सामाजिक रहेको देखियो । समग्रमा वृद्ध पात्रको प्रतिनिधित्वका हिसाबले सामान्यतः पाठ्यपुस्तक सबल पाइयो । यस आधारमा वृद्ध पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक सबल रहेको देखिन्छ ।

'घरझगडा' कथामा युवा/वयस्कलाई बुझाउने नाम शब्द (६० प्रतिशत) प्रयोग भएको देखियो । 'शत्रु' कथामा (८० प्रतिशत) युवा/वयस्कलाई बुझाउने नाम शब्द प्रयोग भएको

पाइयो । 'कर्तव्य' कथामा (४० प्रतिशत) युवा/वयस्कलाई बुझाउने नाम शब्द प्रयोग भएको पाइयो । 'घरझगडा' कथामा सत्ता प्राप्तिका लागि भाइभारदारहरू जस्तोसुकै कुकर्म गर्न र घरझगडा लगाउन तयार रहेको कुरालाई कथाले मार्मिक ढङ्गबाट प्रस्तुत गरेको पाइयो । 'शत्रु' कथामा अकारण कोही कसैको शत्रु हुँदैन तर शत्रुताका लागि निहुँ सजिलै पाइन्छ । मनोवैज्ञानिक कथा शत्रुले विभिन्न मानसिक अवस्थाको उद्घाटन गर्दै मनोगत कमजोरीको विश्लेषण मार्फत मानिसमा रहने आत्मरति ग्रन्थि उच्चता ग्रन्थिलाई विश्लेषण गरेको देखियो । 'कर्तव्य' कथामा मानिस सामाजिक प्राणी भएकाले समाजमा रहँदा बस्दा विभिन्न क्रियाकलाप गर्नु पर्छ । जुन क्रियाकलापबाट कसैको चित्त दुख्न पनि सक्छ । आफन्त आफन्त बिच नै बोलचाल बन्द हुन सक्दछ । बोलचाल बन्द भयो भन्दैमा हामीले आफ्नो कर्तव्य छोड्नु हुँदैन । अप्ठ्यारो पर्दा काम लाग्ने भनेको दाजुभाइ हो भन्ने कुराको सन्देश दिएको पाइयो । शत्रु कथामा वर्तमान नेपाली समाजको चित्रण गरिएको छ जसका कारणले कथा सामाजिक प्रकारको रहेको देखियो । समग्रमा युवा/वयस्क पात्रको प्रतिनिधित्वका हिसाबले सामान्यतः पाठ्यपुस्तक मध्यम पाइयो । यस आधारमा युवा/वयस्क पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक शिक्षणीय र समसामयिक देखिन्छ ।

तालिका २३

*कथा विधामा किशोर र बाल उमेर प्रतिनिधित्वको अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| घरझगडा | छोरो | मेरो धन, जन, तन, मन अर्थात् जे भने पनि सर्वस्व नै यही एउटा छोरो हो (पृ.१२अनु.२)। |
| शत्रु | छोरो, युवक | जनककुमारीको एक्लो छोरो मर्दा जनककुमारीको पिरभन्दा तिनको सान्त्वनाले त्यहाँ भएका मान्छेको आँखामा आँसु ल्यायो (पृ.८९ अनु.१)। |
| | | अस्तिको नोकरी खोज्दै आएको युवकको ध्यान तिनलाई आउन थाल्यो (पृ.९१ अनु.५)। |

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| घरझगडा | नाबालक | खास दाजुमाथि समेत दलजित शाहसँग मिलेर जाल बुन्न सक्ने यिनले नाबालक भतिजमाथि पुत्र स्नेह राख्लान भनी आशाको पासामा फस्ने म कस्ती ग्वाँग्री (पृ.१३ अनु.२)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका २३ अनुसार 'घरझगडा' कथामा (२० प्रतिशत) किशोर पात्र प्रयोग भएको पाइयो । आमाले आफ्नो सन्तानको लागि जे जस्तो परिस्थितिको पनि सामना गर्न तयार हुन्छन् छोरा छोरीको लागि दुनियाँसँग लडन समेत पछि नहट्ने आइपरेको खण्डमा महाकाली, महालक्ष्मी, महासरस्वतीको रूप धारण गर्न सक्ने कुरा देखाइएको देखियो । 'शत्रु' कथामा ४० प्रतिशत किशोर पात्र प्रयोग भएको पाइयो । अकारण कोही कसैको शत्रु हुँदैन तर जब सङ्का लाग्न थाल्दछ तब मानिसले जो कोहीलाई पनि शत्रु नै ठान्दछ भन्ने कुरा देखाइएको पाइयो । 'कर्तव्य' कथामा किशोरलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग नभएको देखियो । किशोर पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक व्यावहारिक र शिक्षणीय देखियो । समग्रमा किशोर पात्रको प्रतिनिधित्वका हिसाबले सामान्यतः पाठ्यपुस्तक मध्यम पाइयो । यस आधारमा किशोर पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको देखिन्छ ।

'घरझगडा' कथामा बच्चाको लागि आमाले जस्तो रूपको धारण पनि गर्न सक्ने प्रसङ्गमा नाबालक शब्दको प्रयोग भएको पाइयो । 'शत्रु', 'कर्तव्य' र 'आयाम' कथामा केटाकेटीलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग रहेको देखिएन् । केटाकेटी पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा लैङ्गिक सन्तुलनका दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) सामान्यतः सबल पाइयो । यस आधारमा उमेर अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक व्यावहारिक र सान्दर्भिक देखिन्छ ।

तालिका २४

*जीवनी विधामा वृद्ध र युवा/वयस्क उमेर प्रतिनिधित्वको अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| लक्ष्मीप्रसाद देवकोटा | आमा, बुबा | त्यही घरभित्र तिलमाधवकी धर्म पत्नी अमरराज्यलक्ष्मी देवीको कोखबाट सन्तानको जन्म भएको थियो (पृ.५१ अनु.१)। |
| पाब्लो पिकासो | आमा, बुबा | उनका आमा, बुबा र बहिनीको चित्रण गरिएको यो अत्यन्त प्रसिद्ध चित्र थियो (पृ.१६० अनु.२)। |
| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
| लक्ष्मीप्रसाद देवकोटा | तीर्थमाधव, दाजु, दिदी, मनदेवी, वर्डस्वर्थ,सेली | शिक्षित परिवारमा जन्मेका बाल्यकाल निकै स्नेहमय वातावरणमा बिताएका देवकोटा आमाबुबा, दाजु र दिदी सबैका मुटुका धुकधुकी थिए । (पृ.५२ अनु.२)। |
| पाब्लो पिकासो | शिक्षक, काका | पिकासोका बुबा जोसो रुइज एक स्थानीय विद्यालयमा कलाका कुशल शिक्षक थिए (पृ. १५९ अनु.२)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका २४ अनुसार 'लक्ष्मीप्रसाद देवकोटा' पाठमा (२० प्रतिशत) वृद्धलाई जनाउने नाम शब्दहरू प्रयोग भएको देखियो । जीवनी विधाको यस पाठमा देवकोटाले गरेका काम देखाइएका कारण पाठ सामाजिक र सान्दर्भिक रहेको पाइयो । जीवनी विधाको 'पाब्लो पिकासो' पाठमा पिकासोको बाल्यवस्था देखिका कामलाई प्रस्तुत गरिएको देखियो । यसका साथै बाबु आमाका काम प्रसङ्ग अनुसार आएको पाइयो । हरेक बालबालिकामा विशिष्ट सिर्जना शक्ति र प्रतिभा हुन्छ, उचित अवसर पाएमा र लगनशील भएमा जीवनलाई सार्थक बनाएर संसारलाई चहकिलो ज्योति छर्न सक्ने कुरा उल्लेख गरिएका कारण पाठ सामाजिक र समावेशी रहेको देखियो । यसबाट वृद्ध पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो ।। समग्रमा लैङ्गिक सन्तुलनका दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा लैङ्गिक सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक सामान्य रहेको पुष्टि हुन्छ ।। समग्रमा वृद्ध उमेर पात्रको

दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः न्युनतम पाइयो । यस आधारमा वृद्ध उमेर पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको देखिन्छ ।

'लक्ष्मीप्रसाद देवकोटा' पाठमा (६० प्रतिशत) युवा तथा वयस्कलाई बुझाउने नाम शब्दहरू प्रयोग भएको देखियो । जीवनी विधाको यस पाठमा उमेरअनुसार लक्ष्मीप्रसाद देवकोटाले गरेका काम देखाइएका हुनाले पाठ सामाजिक र सान्दर्भिक बनेको पाइयो । पाब्लो पिकासो पाठमा पिकासोका बाल्यवस्था, युवावस्था, वयस्कावस्थाका क्रियाकलापलाई प्रस्तुत गरिएको देखियो । यसका साथै शिक्षक र काका प्रसङ्गअनुसार आएको पाइयो । आफूमा भएको प्रतिभालाई देखाउन सकेमा त्यसबाट नै धेरै माथि पुग्न सकिने कुरा उल्लेख भएका कारण पाठ समावेशी रहेको देखियो । यसबाट युवा/वयस्क पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखिन्छ । समग्रमा युवा/वयस्क उमेर पात्रको दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः उत्तम पाइयो । यस आधारमा युवा/वयस्क उमेर पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक सबल रहेको देखिन्छ ।

तालिका २५

*जीवनी विधामा बाल उमेर प्रतिनिधित्वको अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| लक्ष्मीप्रसाद देवकोटा | सुपुत्र, शिशु | लक्ष्मीको प्रसाद स्वरूप प्राप्त भएको सुपुत्र ठानेर त्यस शिशुको नाम लक्ष्मीप्रसाद राखियो (पृ. ५२ अनु.१)। |
| पाब्लो पिकासो | छोरा, बहिनी, बालक | पिकासोका बुबाले आफ्नो छोरा आफू भन्दा राम्रो चित्रकार भएको महसुस गरे (पृ. १६० अनु.२)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका २५ अनुसार 'लक्ष्मीप्रसाद देवकोटा' पाठमा (४० प्रतिशत) केटाकेटीलाई बुझाउने नाम शब्दहरू प्रयोग भएको देखियो । जीवनी विधाको यस पाठमा देवकोटा सानैबाट लगनशिल भएको देखाइएका कारण पाठ सामाजिक बनेको पाइयो । 'पाब्लो पिकासो' पाठमा पिकासोका बाल्यवस्था, युवावस्था, वयस्कावस्थाका क्रियाकलापलाई प्रस्तुत

गरिएको देखियो । केटाकेटी पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा बाल उमेर पात्रको दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः न्युनतम पाइयो । यस आधारमा बाल उमेर पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

तालिका २६

*मनोवाद विधामा युवा/वयस्क र किशोर उमेर प्रतिनिधित्वको अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| यस्तो कहिल्यै नहोस | शिक्षक, साथी, पुलिस | शिक्षकले बिहान पढाएका कुरा मात्र पढ्ने बानी परेको म बाहिरी प्रविधिमय संसारसँग अपरिचित पो रहेछु (पृ.४० अनु.२)। |
| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
| यस्तो कहिल्यै नहोस | शुकु | हेर शुकु यो तेरो भाग्य चम्केको हो (पृ.४० अनु.३)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका २६ अनुसार ‘यस्तो कहिल्यै नहोस’ पाठमा (३० प्रतिशत) युवा /वयस्कलाई बुझाउने नाम शब्द देखियो । साइबर अपराधमा कसरी फसिँदोरहेछ, त्यसमा नफस्न के के गर्नुपर्दोरहेछ, साइबर अपराधबाट जोगिन आफ्नो कम्प्युटर, ल्यापटप र मोबाइलमा चलाइने सामाजिक सञ्जाललगायतका पासवर्ड कसैलाई दिनुहुँदैन । समय समयमा पासवर्ड परिवर्तन गरिरहनुपर्छ । अपरिचित व्यक्ति वा संस्थाबाट आएका इमेल तथा सामाजिक सञ्जालमा आउन सक्ने आकर्षक उपहार वा चिट्ठाको भ्रममा पर्नुहुँदैन । विश्वको वर्तमान समाजको वास्तविकतालाई टपक्क टिपेर विषयका रूपमा प्रस्तुत गरेका हुनाले पाठ सामाजिक बनेको देखियो । यसबाट युवा /वयस्क पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा युवा/वयस्क उमेर पात्रको दृष्टिले पाठ्यपुस्तक (मनोवाद विधामा) सामान्यतः उत्तम पाइयो । यस आधारमा युवा/वयस्क उमेर पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा मनोवाद विधामा पाठ्यपुस्तक सिकाइका दृष्टिले उपयुक्त देखिन्छ ।

'यस्तो कहिल्यै नहोस' पाठमा ३० प्रतिशत युवा /वयस्कलाई बुझाउने नाम शब्द देखियो। सित्तैमा धनको खोलो फर्काउँछु भन्दा पसिना बगाएर सँगालेको धन जानु लोभले लाभ गर्छु भन्दा लाभ नभई विलापै विलाप हुनु किशोरहरूले पढेको कुरा व्यवहारमा उतार्न नसकेर साइबर अपराधमा फसिरहेको वर्तमान समयमा किशोरले भोगिरहेको कुरा आएका कारण मनोवाद सामाजिक रहेको पाइयो। किशोर पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सबल र स्तरीय देखियो। समग्रमा किशोर उमेर पात्रको दृष्टिले पाठ्यपुस्तक (मनोवाद विधामा) सामान्यतः मध्यम पाइयो। यस आधारमा किशोर उमेर पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा मनोवाद विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ।

तालिका २७

*मनोवाद विधामा बाल उमेर प्रतिनिधित्वको अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| यस्तो कहिल्यै नहोस | नानी | पढेर के गर्छ्यौ नानी, पढे पनि पैसा चाहिन्छ क्यारे, आखिर पैसा कमाउने नै हो ; देश विदेश घुम्न पनि पाइन्छ (पृ.४१ अनु.५)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका २७ अनुसार 'यस्तो कहिल्यै नहोस' पाठमा (१० प्रतिशत) केटाकेटीलाई बुझाउने नाम शब्द देखियो। पाठमा नेपालका सबै उमेरका मान्छे बेचबिखनमा पर्ने गरेको भए पनि बालबालिकको सङ्ख्या बढी भएको अरूको कुरामा विश्वास गरिहाल्ने अवस्थालाई विषयका रूपमा प्रस्तुत गरिएको पाइयो। केटाकेटी पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो। समग्रमा बाल उमेर पात्रको दृष्टिले पाठ्यपुस्तक (मनोवाद विधामा) सामान्यतः मध्यम पाइयो। यस आधारमा बाल उमेर पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा मनोवाद विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ।

तालिका २८

*एकाङ्की विधामा वृद्ध र युवा/वयस्क उमेर प्रतिनिधित्वको अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| घरको माया | आमा, बुबा | तपाईँ आमाबुबा भएकालाई त त्यस्तो छ भने मलाई झन् कस्तो ?(पृ.१८९ अनु.४)। |
| घरको माया | मितज्यू, लालबहादुर, जमानसिंह, बतासे दिदी, पोक्चे, दाजुभाइ | मुखभित्र पानको बुजो छ। लालबहादुर र जमानसिंह त्यतैतिर हेर्छन् ? (पृ.१८९ अनु.९) ।<br>मैले मात्रै खा'र भ'न उहाँ दिदी पनि म जस्तै भोकी छन् (पृ.१९४ अनु.१०)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका २८ अनुसार एकाङ्की विधामा (२० प्रतिशत) वृद्धलाई बुझाउने नाम शब्द प्रयोग भएका देखियो। स्वदेश नफर्किने र विदेशमै कमाएर उतै मर्ने इच्छा भएपनि कतिपय बेला बुढा आमा बुबाको सम्झना आउने प्रसङ्गमा आमा बुबा शब्द आएका पाइयो। यसबाट वृद्ध पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो। समग्रमा वृद्ध उमेर पात्रको दृष्टिले पाठ्यपुस्तक (एकाङ्की विधामा) सामान्यतः न्युनतम पाइयो। यस आधारमा वृद्ध उमेर पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा एकाङ्की विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको देखिन्छ।

एकाङ्की विधामा (६० प्रतिशत) युवा/वयस्कलाई बुझाउने नाम शब्द प्रयोग भएका देखियो। युवा तथा वयस्कलाई आफ्नो देशमा बस्दा देशको माया नलाग्ने तर प्रदेशमा गएपछि गाउँको पानी, हावा, माटो, मल समेत याद आउने कुरालाई विषयवस्तु बनाएको हुनाले पाठ सामाजिक प्रकारको रहेको पाइयो। यसबाट युवा /वयस्क पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो। समग्रमा युवा /वयस्क पात्रको दृष्टिले पाठ्यपुस्तक (एकाङ्की विधामा) सामान्यतः उत्तम पाइयो। यस आधारमा युवा /वयस्क पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा एकाङ्की विधामा पाठ्यपुस्तक शिक्षणीय देखिन्छ।

तालिका २९

*एकाङ्की विधामा किशोर र बाल उमेर प्रतिनिधित्वको अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| घरको माया | केटो, छोरो | ऊ दौरा लाएको पहाडी केटो यतैतिर आउँदै छ (पृ. १९२ अनु.१०)। |
| घरको माया | बालक | उहाँ आमा रुँदी हुन् बालक छोरो, कहाँ गयो, के भयो भनेर (पृ.१९२ अनु.१५)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका २९ अनुसार एकाङ्की विधामा (२० प्रतिशत) किशोरलाई बुझाउने नाम शब्द प्रयोग भएको देखियो । आफ्नै माटोमा पसिना बगाएर आफ्नै माटोमा उब्जाउनुपर्छ । खानका लागि नोकरी गर्नु परे आफ्नै दाजुभाइको गर्नुपर्छ । विदेशमा कमारो भएर बस्नुभन्दा आफ्नै देशलाई हराभरा, सुन्दर र विकसित बनाउनुपर्छ भन्ने विषय वस्तु उठान गरिएको हुनाले पाठ समाजिक रहेको पाइयो । यसबाट किशोर पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा किशोर पात्रको दृष्टिले पाठ्यपुस्तक (एकाङ्की विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा किशोर पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा एकाङ्की विधामा पाठ्यपुस्तक सबल र शिक्षणीय रहेको पुष्टि हुन्छ ।

एकाङ्की विधामा (१० प्रतिशत) केटाकेटीलाई बुझाउने नाम शब्द प्रयोग भएको देखियो । बालक केटाकेटीहरू पैसाको लोभमा प्रदेशमा पस्दा एक छाक खान समेत मुस्किल भएको वर्तमान समाजको विषयलाई उठाएको हुनाले पाठ सामाजिक रहेको देखियो । यसबाट केटाकेटी पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा बाल उमेर पात्रको दृष्टिले पाठ्यपुस्तक (एकाङ्की विधामा) सामान्यतः न्युनतम पाइयो । यस आधारमा बाल उमेर पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा एकाङ्की विधामा पाठ्यपुस्तक सान्दर्भिक देखिन्छ ।

तालिका ३०

*वादविवाद विधामा युवा/वयस्क र किशोर उमेर प्रतिनिधित्वको अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अधिकार ठुलो कि कर्तव्य ? | जर्ज इलियट, फिलिप्स रुब्स, रोर्बट बाडेन, पावेल, राम, सुकरात, गौतम बुद्ध, विश्वेश्वरप्रसाद, नेल्सन मन्डेला, मोसे डायन, दशरथ चन्द, धर्मभक्त, गङ्गालाल, शुक्रराज, मदर टेरेसा, महावीर पुन, हिटलर, | तपाइँ हामी सबैलाई थाहा भएकै कुरो हो, पिताप्रतिको कर्तव्य पालनाका सन्दर्भमा जब राम वनवास जान तयार भए र गए, उनी मर्यादापुरुषोत्तम बने र भगवानका रूपमा पुजिए (पृ. ७० अनु. ६) ।<br>मदर टेरेसाको समाजसेवा निस्वार्थ कर्तव्यपरायणताको परिणाम थियो (पृ. ७५ अनु. ६) । |
| अधिकार ठुलो कि कर्तव्य ? | चिदानन्द, भरत, पदम, श्रवणकुमार, दुर्योधन, युधिष्टिर, श्रुति | पक्षमा आफ्ना तर्क राख्नका लागि चिदानन्द चौधरीलाई आमन्त्रण गर्दछु (पृ. ६८ अनु.२) । |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ३० मा उल्लेख भएअनुसार वादविवाद विधामा (८० प्रतिशत) युवा/वयस्कलाई बुझाउने नाम शब्द प्रयोग भएको देखियो। अधिकार र कर्तव्यको बारेमा आफ्नो आफ्नो धारणा प्रस्तुत गरेका हुनाले पाठ समावेशी रहेको पाइयो । समग्रमा युवा /वयस्क पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा युवा /वयस्क पात्रको दृष्टिले पाठ्यपुस्तक (वादविवाद विधामा) सामान्यतः उत्तम पाइयो । यस आधारमा युवा /वयस्क पात्रको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा वादविवाद विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

वादविवाद विधामा (२० प्रतिशत) किशोरलाई बुझाउने नाम शब्द प्रयोग भएको देखियो । यस पाठमा केटाकेटीलाई बुझाउने नाम शब्द छैनन् । यसबाट किशोरपात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा किशोर उमेरको दृष्टिले पाठ्यपुस्तक (वादविवाद विधामा) सबल पाइयो । यस आधारमा किशोर उमेरको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा वादविवाद विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको देखिन्छ ।

तालिका ३१

*चिठी विधामा युवा/वयस्क उमेर प्रतिनिधित्वको अवस्था*

| पाठ | शब्दहरू |
|---|---|
| व्यावसायिक चिठी | उमाकान्त ठाकुर |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ३१ अनुसार चिठी विधामा (१०० प्रतिशत) युवा/वयस्कलाई बुझाउने नाम शब्द प्रयोग भएको देखियो । यस पाठमा वाक्यगत प्रसङ्ग उल्लेख छैन । यसबाट युवा /वयस्क पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक मध्यम देखिन्छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा कथा, जीवनी र एकाङ्की विधामा केटाकेटी र वृद्धलाई बुझाउने नाम शब्द, वाक्यगत प्रसङ्ग र पात्रगत क्रियाकलापको कमी छ । कक्षा दशमा पढ्ने विद्यार्थी किशोर समूहमा पर्ने भए पनि किशोरका क्रियाकलापको तुलनामा युवा तथा वयस्कका क्रियाकलापका प्रसङ्ग पाइयो । उमेरगत आधारमा हेर्दा समग्र पाठ्यपुस्तक समाजसापेक्ष नै छ । घरको माया एकाङ्की र कर्तव्य कथाका लागि छनौट गरिएका व्यक्तिको सबै उमेर समूहका क्रियाकलाप र प्रसङ्ग समेटिएकाले पाठ समाजसापेक्ष छन् । वादविवाद र एकाङ्कीमा युवा /वयस्क र किशोरको प्रतिनिधित्व पाइयो । मनोवाद र निबन्धका पात्र र विषय युवासँग सम्बन्धित भएकाले पाठहरू समाजसापेक्ष बनेका छन् ।

**पेसा** : पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त पेसा बुझाउने नाम शब्दर केही प्रसङ्ग अनुसारका वाक्यलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ३२

*कथा र निबन्ध विधामा पेसागत अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| शत्रु | नोकर, मालिक, मास्टर, गरिब, पुलिस | नोकरको के ठेगान झोँक उठ्यो र मालिकलाई हान्न हिँड्यो होला (पृ. ९० अनु.४) । |
| कर्तव्य | मुखिया, गरिब, फिराद, पण्डित, राजनीति, न्यायधीश, शिक्षक, वैद्य | गाउँका तालुकदार भए पनि 'मुखिया बा' का नाउँले प्रसिद्ध थिए (पृ. १४१ अनु.२) ।<br>अब यहाँका वैद्यको भर परेर बस्नु भएन । तिमीलाई देशतिर औषधी गराउन लैजान्छु (पृ. १४९ अनु.१२)। |
| आयाम | नृत्य, घरेलु कामदार, व्यवस्थापक, डाक्टर, ड्राइभर | उनले काम गर्ने घर सेवानिवृत्त डाक्टर दम्पतीको थियो (पृ.२२२ अनु.८)। |
| चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा | चिकित्सा, डाक्टरी, वैद्य, हकर | चिकित्सा विज्ञानका एलोप्याथिक चिकित्सा र आयुर्वेद चिकित्सा दुई किसिमका उपचार पद्धति सबैभन्दा बढी प्रयोगमा छन् (पृ.२५ अनु.१)। |
| मेरो देशको शिक्षा | खेती, होटल | स्याउ खेती हुने ठाउँका विद्यालयमा स्याउ खेतीलगायत स्याउबाट जुस, जाम र जेली उत्पादन गर्ने व्यावसायिक ज्ञान र सिपयुक्त शिक्षा आवश्यक हुन्छ (पृ.११६ अनु.४) । |
| पख्नोस् | जमिनदार, सम्पादक, डाक्टर, सिपाही, गुरु, निर्देशक, मालिक, सूचीकार | सम्पादक जस्तो मान्छेले पनि जमिनदारकहाँ ऋण माग्न गएको जैरे काहिँलो झैँ पटकैपिच्छे लुत्रे कान लगाएर फर्कनुपर्दा जङ चल्नु स्वाभाविकै हो (पृ. १७६ अनु.१)।<br>काममा गएकी आमालाई, जागिरमा गएका बाबुलाई, पाठ दिने गुरुलाई, माया दिने मान्यजनलाई, जागिर पाउने आश्वासनलाई, तलब पाइने दिनलाई, ओखती गर्ने उपचारकलाई, बिदा दिने निर्देशकलाई, पैसा दिने मालिकलाई, लुगा सिउने सूचीारलाई (पृ.१७८ अनु.५)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ३२ अनुसार घरझगडा कथा पाठमा पेसा बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग उल्लेख छैन। 'शत्रु' कथा पाठमा पेसामा आधारित प्रयोजनपरक भेद पाइयो। दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै बैरी नै हुन्छन्। शङ्का लागेपछि जो पनि शत्रु जस्तो देखिने प्रसङ्गलाई विषय बनाएकाले कथा सामाजिक रहेको छ। 'कर्तव्य' कथा पाठमा पेसा बुझाउने नाम शब्द र वाक्य प्रयोग भएको देखियो। पेसालाई विषय नबनाइएको यस पाठमा प्रयोग भएका पात्रले नेपाली समाजमा विद्यमान विभिन्न पेसाको प्रतिनिधित्व गरेको हुनाले पाठ समाजसापेक्ष भएको पाइयो। 'आयाम' पाठमा एउटै पात्रले जीवनका विविध परिस्थितिअनुसार फरक फरक जीवन बाँचेको क्रममा देखा परेका विभिन्न अवस्थालाई प्रस्तुत गरेकाले यो पाठ समाजसापेक्ष बनेको देखियो। यसबाट पेसागत पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सबल देखिन्छ। समग्रमा पेसाको दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) सामान्यतः मध्यम पाइयो। यस आधारमा किशोर उमेरको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको देखिन्छ।

चिकित्सा विज्ञानलाई विषयवस्तु बनाएको 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' पाठमा आफ्नो शरीरलाई स्वस्थ राख्न शरीरमा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न र निरोगी जीवन सुखी जीवनको सपना साकार पार्न आयुर्वेदिक चिकित्साको प्रयोग आजको आवश्यकता र समयको माग बनेको कुरामा जोड दिएका कारण पाठ पेसागत आधारमा प्रतिनिधिमूलक बनेको देखियो। त्यस्तै 'मेरो देशको शिक्षा' पाठमा व्यावसायिक ज्ञान र सिपयुक्त शिक्षा दिन आवश्यक रहेको, नेपाली माटामा सुन फलाउने गरी व्यावसायिक र आधुनिक विज्ञानसँग एकैसाथ सहयात्रा गरेको देखियो, देशको शिक्षामा अझैँ लगानी र पहुँच विस्तारमा जोड दिनुपर्छ मुलुकका उत्पादनलाई विश्वबजारमा पस्कने गरी हाम्रा विद्यार्थी उत्पादनलाई संसारमा चिनाउन सक्षम हुने परिस्थिति पैदा गर्नु जरुरी छ। प्राचीन ज्ञान र आधुनिक विज्ञानसहितको शिक्षा र ज्ञानको नयाँ सगरमाथा खडा हुने जस्ता कुरामा जोड दिइएका कारण पाठ पेसाका आधारमा सामाजिक बनेको पाइयो। 'पर्खनोस्'निबन्धमा जति नै शिक्षित भए पनि पर्खन त सबै पर्खन्छन्, पर्खाउँछन्। मान्छेले राम्ररी जानेका क्रिया नै पर्खनु र पर्खाउनु हो भन्ने कुरालाई विषय बनाएको र जमिनदार, सम्पादक, डाक्टर जस्ता पेसाको प्रसङ्ग आएको हुनाले पेसाका आधारमा पाठ समाजपरक बनेको देखिन्छ। यसबाट पेसागत पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो। समग्रमा पेसाको दृष्टिले

पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः मध्यम पाइयो । यस आधारमा पेसाको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा पेसा विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको देखिन्छ ।

तालिका ३३

*जीवनी र मनोवाद विधामा पेसागत अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| लक्ष्मीप्रसाद देवकोटा | शिक्षक, अनुशिक्षण, पुस्तक लेखक, प्राध्यापक, शिक्षामन्त्री, सदस्य | उनी त्रिचन्द्र कलेजका प्राध्यापक पनि भए (पृ. ५५ अनु.७) । |
| पाब्लो पिकासो | कलाकार, चित्रकार, मूर्तिकार, शिक्षक, सिपाही, धर्मगुरु | बहुमुखी प्रतिभाशाली पाब्लो पिकासो कलाकार, चित्रकार, मूर्तिकारका साथै मञ्च सजावटका समेत अद्भूत शिल्पी थिए (पृ. १५९ अनु.१) । |
| यस्तो कहिल्यै नहोस् | इन्सपेक्टर, शिक्षक, नाँच, गाना, लाहुरे, सिकारी | त्यो वेला साइबर अपराधबारे गज्जबसँग भन्नुभएको थियो नि साइबर क्राइम शाखाका सब इन्सपेक्टरले (पृ.३९ अनु.१)।<br>कस्तुरीले आफ्नो नाभिमा भएको गन्ध खोज्दै जाँदा सिकारीका फेला पर्छ रे (पृ. ४३ अनु.८) । |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ३३ अनुसार ‘लक्ष्मीप्रसाद देवकोटा’ पाठमा शिक्षित र पठित परिवारमा जन्मेका देवकोटा किशोरावस्थादेखि नै स्तरीय कृति रचना गरे । उनी लक्ष्मीपूजाका दिन जन्मे पनि जीवनभर उनलाई लक्ष्मीले भन्दा सरस्वतीले धेरै माया गरिन् । देवकोटाको कवित्व प्रतिभा, उनको क्यान्सरको पीडा, आर्थिक सङ्कट परेको अवस्था तर जस्तोसुकै स्थिति आएपनि देवकोटाले आफ्नो कामलाई निरन्तरता दिन छोडेनन् भन्ने कुरा प्रस्तुत हुँदा पाठ समाजसापेक्ष बनेको देखियो । ‘पाब्लो पिकासो’ पाठमा १० सेकेन्डमा बनाएको चित्रलाई मिलियन डलर पर्नुको पछाडि ३० वर्षको कडा मिहिनेत लुकेको र हरेक बालबालिकामा विशिष्ट सिर्जना शक्ति र प्रतिभा हुन्छ, उचित अवसर पाएमा र लगनशील भएमा जीवनलाई सार्थक बनाएर संसारलाई चहकिलो ज्योति छर्न सक्ने विषय र सन्दर्भ प्रस्तुत भएकोले पाठ सामाजसापेक्ष

बनेको देखियो । यसबाट पेसागत पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सबल देखियो । समग्रमा पेसाको दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) मध्यम खालको पाइयो । यस आधारमा पेसाको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको देखिन्छ ।

'यस्तो कहिल्यै नहोस्' पाठमा वर्तमान समयमा सबैले भोग्नुपरेको पीडालाई उठाइएको देखियो । कस्तुरीले आफ्नो नाभिमा भएको गन्ध खोज्दै जाँदा सिकारीका फेला पर्छ भनेको जस्तै अहिले मानिसहरू सित्तैमा धन पाइने आसमा साइबर अपराधमा फसिँरहेका छन् । सामाजिक सञ्जालले जीवन एकातिर सहज बनाएको छ भने अर्कोतिर जटिल र समस्याग्रस्त बनेको छ । धनको लोभमा परेपछि पढेका कुरापनि बिर्सिने र लाभ नभई विलापै विलाप हुने समाजको जल्दो बल्दो विषय प्रस्तुत गरेकाले पाठ समाजसापेक्ष बनेको देखियो । यसबाट पेसागत पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सबल देखियो । समग्रमा पेसाको दृष्टिले पाठ्यपुस्तक ( मनोवाद विधामा) व्यावहारिक पाइयो । यस आधारमा पेसाको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा मनोवाद विधामा पाठ्यपुस्तक सामान्य र व्यवहारिक देखिन्छ ।

तालिका ३४

*चिठी र एकाङ्की विधामा पेसागत अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| व्यावसायिक चिठी | किसान, ट्रान्सपोर्ट | दामन, टिस्टुङ र पालुङ क्षेत्रका उच्च पहाडी भेकका किसानले मार्फा बागवानी केन्द्रमा उत्पादन हुने त्यहाँको मार्फा रायोको सागको बिउ र अन्य बिउबिजनको माग गरिरहेका छन् (पृ. १२९ अनु.१) ।<br>उल्लिखित बिउबिजन मुस्ताङ ट्रान्सपोटबाट उपलब्ध गराइदिनुहुन र सोको बिल भुक्तानीका लागि त्यस केन्द्रको नाममा रहेको बैङ्क खाता नम्बरसहितको विवरण उपलब्ध गराइदिनुहुन अनुरोध छ (पृ. १२९ अनु.२) । |
| घरको माया | फेरीवाला, मेला, होटल, नोकरी, कमारो | फेरीवाल काठको तख्तामा मालसमान राखेर घाँटीमा त्यही झुन्ड्याएर "ले पान,...... मुम्फली" कराउँदै आउँछ (पृ.१८९ अनु.३)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ३४ अनुसार 'व्यावसायिक चिठी' पाठमा मकवानपुरबाट मुस्ताङ चिठी पठाएको र बिउबिजनको माग गरेको हुनाले कृषि क्षेत्रमा संलग्न पात्र हो भन्ने कुरा प्रस्ट हुन्छ । उसले समाजमा विद्यमान पात्रको प्रतिनिधित्व गरेको हुनाले पाठ समाजसापेक्ष बनेको पाइयो । यसबाट पेसागत पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा पेसाको दृष्टिले पाठ्यपुस्तक (चिठी विधामा) सामान्यतः सबल पाइयो । यस आधारमा पेसाको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा चिठी विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

'घरको माया' एकाङ्की पाठमा युवा पुरुष वैदेशिक रोजगारीमा संलग्न भएको देखाइएको पाइयो । महिलाहरू अरूको लहै लहैमा लागेर पैसा कमाइने लोभमा परेको तर विदेशमा पुगेर अलपत्र भएर एक गास खान पनि गारो भएपछि आफ्नै गाउँ ठाउँ सम्झिएको विषय उठान गरेकाले र जहाँ गए पनि आफ्नो गाउँ जस्तो अरू नहुने बताइएकाले पाठ समाजसापेक्ष बनेको देखियो । यसबाट पेसागत पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा पेसाको दृष्टिले पाठ्यपुस्तक (एकाङ्की विधामा) सामान्यतः मध्यम पाइयो । यस आधारमा पेसाको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा एकाङ्की विधामा पाठ्यपुस्तक शिक्षणीय र समसामयिक देखिन्छ ।

तालिका ३५

*वादविवाद विधामा पेसागत अवस्था*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अधिकार ठुलो कि कर्तव्य ठुलो ? | शिक्षक, कर्मचारी, श्रमिक, किसान, गुरु, विद्यार्थी, सभाध्यक्ष | शिक्षकले पेसाप्रतिको निष्ठा सम्झँदा र सोअनुसारको आचरण गर्दा शिक्षकको कर्तव्य पूरा हुन्छ (पृ. ७१ अनु.४) ।<br>किसानलाई पनि राज्यबाट बिउबिजन र मल जस्ता वस्तुमा सहुलियत पाउने अधिकार छ (पृ. ७३ अनु.६) । |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ३५ अनुसार 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' पाठमा पेसा जनाउने विभिन्न नाम शब्दरू प्रयोग भएको देखियो । पेसालाई विषयवस्तु नबनाए पनि पेसा

जनाउने नाम शब्द प्रस्तुत गर्नुपर्ने सन्दर्भमा सबैखाले पेसा जनाउने नाम शब्दको प्रस्तुति भएको पाइयो । यस्ता नाम शब्दले नेपालमा प्रचलित पेसाको प्रतिनिधित्व गरेकोले पाठ समाजसापेक्ष बनेको देखियो । यसबाट पेसागत पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा पेसाको दृष्टिले पाठ्यपुस्तक (वादविवाद विधामा) सामान्यतः मध्यम पाइयो । यस आधारमा पेसाको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा वादविवाद विधामा पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

**जातजाति :** पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त जातजाति बुझाउने नाम शब्द र केही प्रसङ्ग अनुसारका वाक्यलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ३६

*कथा र निबन्ध विधामा जातिको अवस्था*

| पाठ | जात बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| घरझगडा | शाह, मिश्र, कुँवर | चितवनको रक्षाका निम्ति बसेका रामकृष्ण कुँवर केही फौज लिई तनहुँतिर गएको खबरले केही आश्वासन दियो (पृ.१३ अनु.४)। |
| शत्रु | राय, पण्डित, पराजुली, जमदार | 'आँखामा राखे पनि नबिझाउने' भन्ने उखान कसैको निमित्त उपयुक्त हुन्थ्यो भने कृष्ण रायका निमित्त हुन्थ्यो (पृ.८९ अनु.६)। |
| कर्तव्य | पण्डित, ब्राह्मण | मुरलीधर पण्डित थिए । सबेरै न्वाउँथे, आधा दिनसम्म पूजापाठ गर्थे (पृ.१४२ अनु.३)। |
| आयाम | तामाङ | सानु तामाङकी श्रीमती तीन वर्ष अगि बितेकी रहिछन् (पृ.२२३ अनु.१२)। |
| पख्नोस् | कार्की, खतिवडा, लामा, पाण्डे, सुब्बा, खत्री | यसैबेला यतिखेरै कपुरीकान्त कार्की कान्लामाथि बसेर माइत गएकी कर्किनीलाई पर्खदो हो (पृ.१७७ अनु.३)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ३६ अनुसार 'घरझगडा' कथामा शाह, मिश्र, कुँवर जातिको जीवनचर्या प्रस्तुत गरिएको देखियो । यस पाठले शाह, मिश्र, कुँवर जातिको प्रतिनिधित्व गरेको पाइयो । 'शत्रु' कथामा राय, पण्डित, पराजुली, जमदार जातिको जीवनचर्या प्रस्तुत

गरिएको देखियो । यस पाठले राय, पण्डित, पराजुली, जमदार जातिको प्रतिनिधित्व गरेको पाइयो । ‘कर्तव्य’ कथामा पण्डित, ब्राह्मण जातिको प्रतिनिधित्व गरेको देखियो । यस पाठले पण्डित, ब्राह्मण जातिको प्रतिनिधित्व गरेको पाइयो । ‘आयाम’ कथामा तामाङ जातिको जीवनचर्या प्रस्तुत गरिएको देखियो । यसबाट जातजाति पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा जाति दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) मध्यम पाइयो । यस आधारमा जाति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक सूचनामूलक एवम् शिक्षणीय देखिन्छन् ।

‘पर्खनोस्’ पाठमा कार्की, खतिवडा, लामा, पाण्डे, सुब्बा बुझाउने जातिको जीवनचर्या प्रस्तुत गरिएको देखियो । यस पाठमा कार्की, खतिवडा, लामा, पाण्डे, सुब्बा जातिको प्रतिनिधित्व गरेको पाइयो । पर्खन सबै पर्खन्छन्, सबै पर्खाउँछन् । कार्कीले कर्किनीलाई पर्खनु, खतिवडा खाटमाथि पल्टेर ख्वाङख्वाङ खोक्तै डाक्टर खुकुरीराम खत्रीलाई पर्खने प्रसङ्गमा जातजातिको जीवनचर्या प्रस्तुत भएको पाइयो । यसबाट जातजाति पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा जातजाति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः मध्यम पाइयो । यस आधारमा जाति अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

तालिका ३७

*जीवनी र एकाङ्की विधामा जातीय अवस्था*

| पाठ | जात बुझाउने शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| लक्ष्मीप्रसाद देवकोटा | देवकोटा, चालिसे, सिंह | विराट् प्रतिभाशाली र महान् कवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका अतुलनीय योगदान दिने चिरस्मरणीय स्रष्टा हुन् (पृ. ५१ अनु.१)। |
| पाब्लो पिकासो | पिकासो, साल्भाडोर, रुइज, ज्याकब, ओलिभर | पाब्लो पिकासो नामक विलक्षण प्रतिभाशाली तिनै बालक बिसौँ शताब्दीका सबैभन्दा महान् र सर्वाधिक प्रभावशाली कलाकारका रूपमा विश्वविख्यात बने (पृ.१५९ अनु.१)। |
| घरको माया | सिंह | मुखभित्र पानको बुझो छ (पृ.१८९ अनु.११)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ३७ अनुसार 'घरको माया' एकाङ्की पाठमा जनजातिको प्रतिनिधित्व हुने गरी वक्ताको चयन गरिएको देखियो । पाठमा पात्र प्रयोगमा जात आएपनि जातजातिको सम्बन्धमा भने कुनै कुरा उल्लेख गरिएको छैन । यसबाट जातजाति पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा जातजाति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (एकाङ्की विधामा) सामान्यतः न्युनतम पाइयो । यस आधारमा जातजाति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा एकाङ्की विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

'लक्ष्मीप्रसाद देवकोटा' जीवनी विधाको पाठमा देवकोटा परिवारमा जन्मिएका हुन् । यस पाठमा ब्राह्मण जातिको प्रतिनिधित्व हुने गरी वक्ताको चयन गरिएको देखियो । पात्र प्रयोगमा ब्राह्मण जातिको प्रतिनिधित्व भएपनि जातजातिको पक्ष वा विपक्षमा भने कुनै तर्क प्रस्तुत गरिएको छैन । यसबाट जातजाति पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा जाति दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा जाति अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक सबल देखिन्छ ।

तालिका ३८

*वादविवाद र चिठी विधामा जातीय अवस्था*

| पाठ | जात बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अधिकार ठुलो कि कर्तव्य ठुलो | ब्राह्मण | खरेल, खनाल, पन्थी, भण्डारी, कोइराला |
| | क्षेत्री | चन्द |
| | जनजाति | ठकुरी, कुर्मी, चौधरी, माथेमा, श्रेष्ठ, गुप्ता, पुन, साह |
| | दलित | परियार |
| व्यावसायिक चिठी | ठाकुर | निर्देशक उमाकान्त ठाकुर (पृ.१३० अनु.२)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ३८ अनुसार 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' वादविवाद पाठमा जनजातिको प्रतिनिधित्व हुने गरी वक्ताको चयन गरिएको देखियो । विभिन्न जनजातिको

प्रतिनिधित्व गर्ने पात्रहरू फरकफरक भूमिकामा देखा परेको पाइयो । पाठमा पात्र प्रयोगमा विभिन्नता भए पनि जातजातिको सम्बन्धमा भने कुनै कुरा उल्लेख गरिएको पाइएन । यसबाट जातजाति पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा जातजाति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (वादविवाद विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा जाति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा वादविवाद विधामा पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

'व्यावसायिक चिठी' पाठमा ब्राह्मण जातिको प्रतिनिधित्व हुने गरी वक्ताको चयन गरिएको देखियो । पात्र प्रयोगमा जातजातिको प्रतिनिधित्व भए पनि जातजातिको पक्ष वा विपक्षमा भने कुनै तर्क प्रस्तुत गरिएको छैन । यसबाट जातजाति पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक सन्तुलित देखियो । समग्रमा जातजाति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (चिठ विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा जातजाति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा चिठी विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

सबै पाठमा जातजाति प्रस्ट छुट्टिने पात्र, नाम शब्द तथा क्रियाकलापको प्रस्तुति छैन । १६ ओटा पाठमध्ये 'उज्यालो यात्रा', 'नेपाली हाम्रो श्रम र सिप', 'गाउँमाथि एउटा कविता', 'यस्तो कहिल्यै नहोस्' मनोवाद, 'मेरो देशको शिक्षा' निबन्ध गरी ५ ओटा पाठमा जातजाति छुट्टिने पात्र छैनन् । पात्र र शब्द प्रयोगका दृष्टिले सबै जातजाति समेटिएको छ । कुनै पाठमा दलित, क्षेत्री, ब्राह्मण भनेर छुट्याइएको छैन् । सबै जात पात्रगत सन्दर्भमा आएका छन् । जातजातिका आधारमा हेर्दा जनजाति, दलित, ब्रमह्मण, क्षेत्रीलाई बुझाउने नाम शब्द, वाक्यगत प्रसङ्गको उल्लेख भएकाले पाठ्यपुस्तक जातिगत आधारमा नेपाली समाजअनुकूल छ ।

**धर्म संस्कृति :** पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त धर्मसंस्कृति बुझाउने नाम शब्द र केही प्रसङ्ग अनुसारका वाक्यलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ३९

*कथा र जीवनी विधामा धर्मसंस्कृतिको प्रतिनिधित्व*

| पाठ | धर्मसंस्कृति बुझाउने नाम शब्दहरू | धर्मसंस्कृति वाक्यगत प्रसङ्ग |
|---|---|---|
| घरझगडा | पूजा, महाकाली, महासरस्वती | आमा समानकी हजुरलाई पूजा गरेर जन्मभूमिलाई शिरमा राखी सिँगार्दै उन्नत शिखरमा पुऱ्याउने मेरो मनसाय हो (पृ. १४ अनु.५)। |
| कर्तव्य | बिहाबर्तुन, किरियाश्राद्ध, दसैँतिहार, पूजापाठ, टीकाचन्दन, मण्डप, यज्ञविधि, तिलक, पिण्डपानी, वरणी, पुरोहित, ऋचामन्त्र, एकादशी | उनको जीवनकालमा कसैको बिहाबर्तुन, किरियाश्राद्ध, दसैँतिहार अड्केन (पृ.१४१ अनु.१)।<br>कुलमा सबैभन्दा जेठो सन्तानको बिहे, उसमाथि त्यत्रा घरानियाँ कुटुम्बका आँगनमा बरियाती लैजानु छ (पृ.१४६ अनु.१८)। |
| लक्ष्मीप्रसाद देवकोटा | लक्ष्मीपूजा, दीपावली, पूजा, नक्षत्र, प्रसाद | त्यस दिन लक्ष्मीपूजा परेकाले घर घरमा दीपावलीको उमङ्ग छाएको थियो (पृ.५१ अनु.१)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ३९ अनुसार 'लक्ष्मीप्रसाद देवकोटा' पाठमा उनको पारिवारिक पृष्ठभूमि हिन्दु धर्मको भएकाले उनको परिवारले गरेका हिन्दु धर्मसित सम्बन्धित क्रियाकलाप प्रस्तुत गरिएको देखियो । हिन्दु धर्मको प्रसङ्ग आए पनि धार्मिक पक्ष विपक्ष गर्ने खालका प्रसङ्ग र उद्धरण पाठमा नआएका कारण पाठ धर्म निरपेक्ष र समाजसापेक्ष बनेको पाइयो । समग्रमा धर्मसंस्कृति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः निम्न पाइयो । यस आधारमा धर्मसंस्कृति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको पुष्टि हुन्छ ।

'घरझगडा' कथा पाठमा हिन्दु धर्मका क्रियाकलाप र मान्यतालाई आमा समानकी भाउज्युलाई पूजा गरेर शिरमा राखेको र परिआएको खण्डमा नारी महाकाली, महालक्ष्मी, महासरस्वती बन्न सक्ने प्रसङ्गमा हिन्दु धर्मको उल्लेख गरिएको देखियो । यद्यपि कुनै एक धर्मको मात्र पक्षपोषण गरिएको छैन । कर्तव्य कथा पाठमा युवा पुस्तामा धार्मिक आस्था घट्दै गएको वर्तमान सामाजिक प्रवृत्ति देखाइएको पाइयो । गङ्गाधरको पारिवारिक पृष्ठभूमि

हिन्दु धर्मको भएकाले उनी र उनको जेठो छोरा मुरलीधरले गरेका हिन्दु धर्मसित सम्बन्धित क्रियाकलाप प्रस्तुत गरिएको देखियो । यद्यपि कुनै धर्म विशेषका क्रियाकलापलाई पक्षपोषण गर्ने गरी कुनै कुरा प्रस्तुत नभएकाले पाठ धर्म निरपेक्ष र समाजसापेक्ष बनेको पाइयो । यसबाट धर्मसंस्कृतिगत पात्रको प्रतिनिधित्वका हिसाबले पाठ्यपुस्तक निम्न देखियो । समग्रमा धर्मसंस्कृति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा धर्मसंस्कृति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक मध्यम रहेको देखिन्छ ।

तालिका ४०

*निबन्ध विधामा धर्मसंस्कृतिको प्रतिनिधित्व*

| पाठ | धर्मसंस्कृति बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मेरो देशको शिक्षा | वेदव्यास, अठार पुराण, अपौरुषेय, तीर्थाटन | वेदव्यासमा ज्ञानको स्फुरण यहीँ भयो र उनले अठार पुराणको रचना गरे (पृ.११४ अनु.२)। |
| पर्खनोस् | पुराण | मेरो पर्खाइ पुराण त अहिल्यै के सकिन्थ्यो र ! तर अब कतिबेर पर्खाऊँ, तपाईंकी श्रीमतीज्यू घरमा तपाईंलाई पर्खिरहेकी होलीन् (पृ.१७९ अनु.१०)। |
| मेरो देशको शिक्षा | मुन्धुम | फाल्गुनन्दले किराँत समुदायमा आफ्नो संस्कृतिको उत्थान र संवर्धन गर्न प्रेरणा दिने अनि समाजमा चेतना र जागरण फैलाउने 'मुन्धुम' जस्तो ग्रन्थ रचना गरे (पृ.११५ अनु.२)। |
| मेरो देशको शिक्षा | बुद्धत्व | ज्ञानको तिर्खाले आकुलव्याकुल भएर घरपरिवार त्यागेका सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरे (पृ.११५ अनु.२)। |
| पर्खनोस् | बौद्ध | भियतनामका बौद्ध भिक्षुले झैं तपाईंले ज्युँदै डढेर मर्नुपर्ने छैन किनभने नेपालमा रक्तकाली प्रकट भैसकेकी छिन् (पृ.१७६ अनु.२)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ४० अनुसार 'मेरो देशको शिक्षा' पाठमा फाल्गुनन्दले किराँत समुदायमा आफ्नो संस्कृतिको उत्थान र संवर्धन गर्न प्रेरणा दिने अनि समाजमा चेतना र जागरण फैलाउने मुन्धुम ग्रन्थको रचना गरेको प्रसङ्गमा किराँत धर्मको प्रस्तुत गरिएको देखियो । यद्यपि कुनै धर्मको मात्र पक्षपोषण भने गरिएको छैन । समग्रमा धर्मसंस्कृति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक

(निबन्ध विधामा) सामान्यतः मध्यम पाइयो । यस आधारमा धर्मसंस्कृति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

'मेरो देशको शिक्षा' निबन्ध पाठमा देशको शिक्षाको बारेमा भन्ने क्रममा हिन्दु धर्मसँग सम्बन्धित शब्दहरू उल्लेख भएका देखियो । हिन्दु धर्ममा रहेको ज्ञानको प्रसङ्ग उल्लेख गरेको हुनाले पाठ धर्मनिरपेक्ष बनेको पाइयो । 'पख्नोस्' निबन्ध विधाको पाठमा पर्खने र पर्खाउने काम सबैबाट हुन्छ र पर्खाउनको लागि मान्छेले अनेक पुराण दिने गर्दछन् भन्ने प्रसङ्गमा हिन्दु धर्म जनाउने शब्दको प्रयोग भएको देखियो । तर कुनै धर्मको पक्ष विपक्षमा कुरा नगरेको हुनाले पाठ धर्मनिरपेक्ष र समाजसापेक्ष बनेको पाइयो । समग्रमा धर्मसंस्कृति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः मध्यम पाइयो । यस आधारमा धर्मसंस्कृति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

'मेरो देशको शिक्षा' पाठमा ज्ञानको तिर्खाले आकुलव्याकुल भएर घरपरिवार त्यागेका सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेको कुरा प्रस्तुत गरिएको देखियो । बौद्ध धर्मको प्रसङ्ग आए पनि धार्मिक पक्ष विपक्ष गर्ने खालका प्रसङ्ग र उद्धरण पाठमा नआएका कारण पाठ धर्म निरपेक्ष बनेको पाइयो । समग्रमा धर्मसंस्कृति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः मध्यम पाइयो । यस आधारमा धर्मसंस्कृति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको पुष्टि हुन्छ ।

तालिका ४१

*मनोवाद र एकाङ्की विधामा धर्मसंस्कृतिको प्रतिनिधित्व*

| पाठ | धर्मसंस्कृति बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| यस्तो कहिल्यै नहोस् | हरे शिव ! | हरे शिव ! यस्तो नचिनेको व्यक्ति र नम्बरबाट आएको म्यासेज त शत्रुले पनि नहेरोस् (पृ.३९ अनु.१)। |
| घरको माया | चाडबाड, पर्वमेला, तिर्थव्रत | साराले आफ्नै देशमा काम पाएका छन्, हामीले यसरी विदेशमा लत्येर बस्नुपर्छ र ? उहाँ आफ्नो चाडबाड, पर्वमेला, तीर्थव्रत सब छाडेर अर्काको कमारो भएर बस्ने ? (पृ.१९७ अनु.५०)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ४१ अनुसार 'यस्तो कहिल्यै नहोस्' पाठमा सामाजिक सञ्जालले गर्दा जीवन सहज होला भन्दा झनै जटिल र समस्याग्रस्त बनेको, सामाजिक सञ्जालबारे थाहा भएका युवाहरू पनि फसँको हटाइदिनुपर्ने म्यासेजलाई हेर्न पुग्दा हरे शिव ! भनेको प्रसङ्ग प्रस्तुत भएको हुनाले पात्र हिन्दु रहेको देखियो । अरू धर्मको बारेमा पक्ष विपक्षको कुरा नगरेको हुनाले पाठ धर्म निरपेक्ष बनेको पाइयो । समग्रमा धर्मसंस्कृति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (मनोवाद विधामा) सामान्यतः सबल पाइयो । यस आधारमा धर्मसंस्कृति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा मनोवाद विधामा पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

'घरको माया' पाठमा धनको लोभमा प्रदेश गएका युवाहरूले प्रदेशमा दुःख पाएपछि गाउँघरको सम्झना गर्ने प्रसङ्गमा हिन्दु धर्मका क्रियाकलाप देखाइएको पाइयो । वर्तमान नेपाली समाजका युवाहरूलाई विदेशको मोहले छुने तर त्यहाँको दुःखलाई परेपछि मात्रै पछुताउने प्रवृतिलाई उजागर गरेको र एक छाक खान पनि नपाएपछि आफ्नो देशको चाडबाड, पर्वमेला र तीर्थव्रत सम्झने हिन्दु धर्म सँग सम्बन्धित क्रियाकलाप प्रस्तुत भएको देखियो । हिन्दु धर्मको प्रसङ्ग आएपनि धार्मिक पक्ष विपक्ष गर्ने खालका प्रसङ्ग र उद्धरण पाठमा नआएकाले पाठ धर्म निरपेक्ष बनेको पाइयो । समग्रमा धर्मसंस्कृति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक ( एकाङ्की विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा धर्मसंस्कृति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा एकाङ्की विधामा पाठ्यपुस्तक सान्दर्भिक रहेको पुष्टि हुन्छ ।

तालिका ४२

*वादविवाद विधामा धर्मसंस्कृतिको प्रतिनिधित्व*

| पाठ | धर्मसंस्कृति बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अधिकार ठुलो कि कर्तव्य ठुलो ? | पूजा, भगवान्, देवता, तीर्थभ्रमण | कर्तव्यप्रतिको निष्ठा शक्ति वा उपासनाको सर्वोच्च रूप हो भन्ने विवेकानन्द कर्तव्यलाई नै पूजा मान्छन् (पृ.७० अनु.५)। |
| अधिकार ठुलो कि कर्तव्य ठुलो ? | भिक्षु | संसारमा दुःख के हो र यसबाट मानव जातिले कसरी मुक्ति पाउँछ भन्ने रहस्यको खोजसम्बन्धी कर्तव्य निर्वाह गर्दा गौतम बुद्ध पारिवारिक माया र मोहको घेरा नाघेर भिक्षु बने (पृ.७२ अनु.६)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ४२ अनुसार 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' पाठमा धर्मको विषयमा कुरा गरिएको छैन तर हिन्दु धर्मसँग सम्बन्धित पूजा, भगवान् जस्ता वाक्य प्रसङ्गमा आएका क्रियाकलाप प्रस्तुत गरिएको हुनाले पाठ हिन्दु धर्मसँग सम्बन्धित रहेको देखियो । तर धर्मको पक्ष विपक्षको कुरा नआएको हुनाले पाठ धर्म निरपेक्ष बनेको पाइयो । समग्रमा धर्मसंस्कृति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (वादविवाद विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा धर्मसंस्कृति सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा वादविवाद विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' पाठमा धर्मको विषयमा कुरा गरिएको छैन तर बौद्ध धर्मसँग सम्बन्धित भिक्षु प्रसङ्गमा आएको क्रियाकलाप प्रस्तुत गरिएको हुनाले पाठ बौद्ध धर्मसँग सम्बन्धित रहेको देखियो । तर धर्मको पक्ष विपक्षको कुरा नआएको हुनाले पाठ धर्म निरपेक्ष बनेको पाइयो । समग्रमा धर्मसंस्कृति सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (वादविवाद विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा धर्मसंस्कृतिको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा वादविवाद विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

पाठ्यपुस्तकका १६ ओटा पाठमध्ये घरझगडा, कर्तव्य कथा, यस्तो कहिल्यै नहोस् मनोवाद, घरको माया एकाङ्की, अधिकार ठुलो कि कर्तव्य ठुलो ? वादविवाद, मेरो देशको शिक्षा र पख्नोस् निबन्ध, लक्ष्मीप्रसाद देवकोटा जीवनी पाठमा धर्मसँग सम्बन्धित नाम शब्द प्रयोग भएका छन् । घरझगडा, कर्तव्य, लक्ष्मीप्रसाद देवकोटा, मेरो देशको शिक्षा, पख्नोस्, यस्तो कहिल्यै नहोस्, घरको माया, अधिकार ठुलो कि कर्तव्य ठुलो ? पाठमा हिन्दु धर्मसँग सम्बन्धित क्रियाकलापको प्रस्तुति छ । मेरो देशको शिक्षा, पख्नोस्, अधिकार ठुलो कि कर्तव्य ठुलो ? पाठमा बुद्ध धर्मसँग सम्बन्धित क्रियाकलापको प्रस्तुति छ । मेरो देशको शिक्षा पाठमा किराँत धर्मसँग सम्बन्धित क्रियाकलापको प्रस्तुति छ । पाठ्यपुस्तक ८० प्रतिशत हिन्दु धर्म संस्कृतिसापेक्ष क्रियाकलाप, १० प्रतिशत बौद्ध धर्म संस्कृतिसापेक्ष क्रियाकलाप र १० प्रतिशत अन्य धर्म संस्कृतिसापेक्ष क्रियाकलापको प्रस्तुति छ । पाठ्यपुस्तकमा स्थानीय संस्कृतिको प्रस्तुतिले पनि प्राथमिकता पाएको छ । यद्यपि कुनै धर्मको पक्षपोषण नगरेकाले पाठ्यपुस्तक धर्म निरपेक्ष र समाजसापेक्ष बन्न सफल रहेको छ ।

**वर्ग** : पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त वर्गीयता बुझाउने नाम शब्द र केही प्रसङ्ग अनुसारका वाक्यलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४३

*कथा विधामा वर्ग प्रतिनिधित्वको अवस्था*

| पाठ | उच्च वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| शत्रु | मालिक, इन्सपेक्टर | नोकरको के ठेगान, झोँक उठ्यो र मालिकलाई हान्न हिँड्यो होला (पृ.९० अनु.४)। |
| कर्तव्य | मुखिया, घरानियाँ, कुलघरान | गाउँका तालुकदार भए पनि 'मुखिया बा' का नाउँले प्रसिद्ध थिए (पृ.१४१ अनु.२)। |
| आयाम | घरधनी, डाक्टर, | उनले काम गर्ने घर सेवानिवृत्त डाक्टर दम्पतीको थियो (पृ.२२२ अनु.२२)। |
| पाठ | मध्यम वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| शत्रु | मास्टर | फेरि एउटा मास्टर र कैयाँको झगडामा न्याय कैयाँको पक्षमा हुदाँ मास्टरले रिसाएर भनेको थियो, "हेर्नुहोस् कृष्ण रायजी, फैसलालाई त म आफ्नो शिरमा राख्छु तर कैयाँ कैयाँ नै हुन् काम लाग्ने छैनन्" (पृ.९२ अनु.७)। |
| कर्तव्य | साहु | जिल्ला गाउँका मानिस उनबाट अर्थोकमा भन्दा धनीहरूको अधियाँ बाली कब्जा गर्ने, अधीन गर्ने साहु बिर्तावालहरूको लरलहना, झारखेताला हडप्ने काममा विशेष सहायता पाउँथे (पृ.१४३ अनु.७)। |
| आयाम | सहायक व्यवस्थापक, ड्राइभर | घरेलु कामदार व्यवस्थापनको कार्यालयमा सहायक व्यवस्थापक पदको विज्ञापन रहेछ (पृ.२२० अनु.१२)। |
| पाठ | निम्न वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| शत्रु | नोकर, गरिब | नोकरसित झर्कदा तिनले उसको मुख रातो भएको देखेका थिए (पृ.९० अनु.४)। |
| कर्तव्य | गरिब, दीनहीन | गाउँका दीनहीन गरिब बिरामी परेको सुन्नासाथ ओखतीमूलो लिएर उसका भत्केका झुपडीमा पुग्थे ( पृ.९० अनु.४)। |
| आयाम | ज्यामी | सुनमायाले भनेकी, मेरी साथी । पहिले हामीसँगै ज्यामी काम गारेका (पृ.२२२ अनु.२०)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ४३ अनुसार 'घरझगडा' कथा उच्च वर्गीय परिवारको जीवनशैलीलाई प्रस्तुत गरिएको देखियो तर वर्ग र प्रसङ्ग जनाउने शब्द उल्लेख देखिएन् ।

'शत्रु' कथामा उच्च वर्गीय परिवारको जीवनशैलीलाई विषय बनाइएको पाइयो । 'कर्तव्य' कथामा गाउँभरिका मुखिया बा बनाएर उच्च वर्गीय परिवारको जीवनशैलीको विषय बनाइएको देखियो । 'आयाम' पाठमा डाक्टरकोमा काम गरेकी हुनाले उच्च वर्गीय जीवनशैलीलाई देखाइएको देखियो । समग्रमा वर्ग सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) सामान्यतः मध्यम पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

'शत्रु' कथामा मध्यम वर्ग बुझाउने मास्टर शब्द प्रस्तुत गरिएको देखियो । मुख्य पात्र उच्च वर्गको भए पनि सहायक पात्रलाई मध्यम वर्गको बनाइएको पाइयो । 'कर्तव्य' कथामा साहु बिर्तावालहरूको लरलहना हडप्ने प्रसङ्ग प्रस्तुत गरी मध्यम वर्गीय परिवारको प्रतिनिधित्व गरेको पाइयो । 'आयाम' कथामा कार्यालयमा सहायक व्यवस्थापकको कार्य समहालेकी हुनाले मध्यम वर्गको जीवनशैली माथि प्रस्तुत भएको पाइयो । समग्रमा वर्ग सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) सामान्यतः सबल पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

'शत्रु' कथामा उच्च वर्गीय व्यक्तिको जीवनशैलीलाई विषय बनाइएको भए पनि उच्च वर्गका मानिसले अकारण नोकर र गरिबलाई शत्रु हो कि भन्ने कुरा सोच्न समेत पछि प्रर्दैनन् भन्ने विषयले उच्च वर्ग र निम्न वर्गको जीवनशैलीलाई सङ्केत गरेको देखियो । प्रस्तुत पाठमा उच्च वर्गको व्यक्तिले निम्न वर्गको मानिसलाई हेपेको देखाइएको पाइयो । कर्तव्य कथा पाठमा मुखिया बाले दीनहीन र गरिबलाई सहयोग गरेको हुनाले उच्च वर्ग र निम्न वर्गको सम्मान गरेको देखाइएको पाइयो । 'आयाम' पाठमा ज्यामी काम गरेर पनि आफ्नो पेट पाल्ने निम्न वर्गीय पात्रको दयनीय अवस्थाको चित्रण गरिएको देखियो । समग्रमा वर्ग सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) सामान्यतः मध्यम पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

तालिका ४४

*जीवनी विधामा वर्ग प्रतिनिधित्वको अवस्था*

| पाठ | उच्च वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| लक्ष्मीप्रसाद देवकोटा | राणाहरू, चिकित्सक | देवकोटाको महासागर जस्तो प्रतिभा राणाहरूको निरङ्कुशताको साँघुरो सुरुङभित्रकसरी बग्न सक्थ्यो र ?(पृ.५४ अनु.७)। |
| पाब्लो पिकासो | सम्पन्न | यस्ता चित्र सम्पन्न वर्गले भने त्यति रुचाएनन् (पृ.१६१ अनु.५)। |
| पाठ | मध्यम वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| लक्ष्मीप्रसाद देवकोटा | शिक्षक, प्रध्यापक, जागिरे | दरबार हाइस्कुल पढ्दादेखि नै कविता लेख्न सुरु गरेका देवकोटाले त्यसै वेला अङ्ग्रेजीमा कविता लेखेर समस्त शिक्षक र सहपाठी साथीलाई चकित पारिदिएका थिए (पृ.५२ अनु.३)। |
| पाब्लो पिकासो | शिक्षक | पिकासोका आमाबुबाको नाम मारियो पिकासो लोपेज र जोसो रुइज ब्लास्को थियो । पिकासोका बुबा जोसो रुइज एक स्थानीय विद्यालयमा कलाका कुशल शिक्षक थिए (पृ. १४३ अनु.७)। |
| पाठ | निम्न वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| लक्ष्मीप्रसाद देवकोटा | दीन दुःखी<br>गरिब, दीनहीन | युवा अवस्थामा देवकोटा बाल्यकालका झैँ दयालु, उदार र अति शिष्ट व्यक्तिका रूपमा चिनिन्थे । दीनदुःखी मानिसलाई भेटे भने सर्वस्व दिनसमेत पछि नपर्ने उनको हृदय अत्यन्तै कोमल थियो (पृ.५२ अनु.२)। |
| पाब्लो पिकासो | गरिब, अभाव | एक्लोपन, गरिबी र चरम अभाव उनका चित्रकलाका विषयवस्तु बने (पृ.१६१ अनु.५)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ४४ अनुसार 'लक्ष्मीप्रसाद देवकोटा' पाठमा देवकोटाको प्रतिभालाई राणहरूको निरङ्कुशताले गर्दा बाहिर आउन नदिएको विषय उल्लेख गरेर

उच्च वर्गीय परिवारको सङ्केत गरेको देखियो । 'पाब्लो पिकासो' पाठमा पिकासोको बाल्यकाल मध्यमवर्गमा बितेपनि पछि उनी सम्पन्न भएका थिए । सुरुमा उनले बनाएका चित्र सम्पन्न वर्गले नरुचाएको प्रसङ्ग उल्लेख गरिएको पाइयो । समग्रमा वर्गका दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः निम्न पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

'लक्ष्मीप्रसाद देवकोटा' पाठमा देवकोटाको नाम लक्ष्मी भए पनि उनलाई लक्ष्मीको अभाव सधैँ रहेर पढ्दा पढ्दै जागिर गनुपर्ने बाध्यता आएको हुनाले पाठले मध्यम वर्गीय परिवारको सङ्केत गरेको देखियो । 'पाब्लो पिकासो' पाठमा पिकासोको पछि सम्पन्न बने पनि बाल्यकाल मध्यमवर्गमा बितेको र उनी सम्पन्न भए पनि साधारण जीवन बाचेका हुनाले पाठले मध्यम वर्गको प्रतिनिधित्व गरेको पाइयो । समग्रमा वर्ग  दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः निम्न पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

'लक्ष्मीप्रसाद देवकोटा' पाठमा देवकोटाको नाम लक्ष्मी भए पनि उनलाई लक्ष्मीको अभाव सधैँ रहेर पढ्दा पढ्दै जागिर गनुपर्ने बाध्यता आएको र आफूसँग भएको पनि कोही दीनहीन व्यक्ति भेटेमा सबै दिन पनि पछि नपर्ने स्वभावको भएको र क्यान्सरको उपचारको लागि पैसा नपुगेर घर फर्काउनु परेको प्रसङ्गले निम्न परिवारको सङ्केत गरेको देखियो । 'पाब्लो पिकासो' पाठमा पिकासोको पछि सम्पन्न बने पनि बाल्यकाल निम्नवर्गमा बितेको र उनी सम्पन्न भए पनि साधारण जीवन बाचेका हुनाले पाठले निम्न वर्गको प्रतिनिधित्व गरेको पाइयो । समग्रमा वर्ग सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः मध्यम पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको पुष्टि हुन्छ ।

तालिका ४५

*निबन्ध विधामा वर्ग प्रतिनिधित्वको अवस्था*

| पाठ | उच्च वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा | चिकित्सक, डाक्टर | छिटो सन्चो हुनु, विशेषज्ञ अर्थात् डाक्टर र औषधी सजिलै उपलब्ध हुनु, मेडिकल काउन्सिल र औषधी व्यवस्था विभागबाट स्वीकृति लिएर मात्र उपचार गर्न पाइनु यसका विशेषता हुन् (पृ.२९ अनु.११)। |
| पख्नोस् | जमिनदार, डाक्टर, मालिक | सम्पादक जस्तो मान्छेले पनि जमिनदारकहाँ ऋण माग्न गएको जैरे काहिँलो झैँ पटकैपिच्छे लुत्रे कान लगाएर फर्कनुपर्दा जङ चल्नु स्वाभाविकै हो (पृ. १७६ अनु.२)। |
| पाठ | मध्यम वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| पख्नोस् | सम्पादक | सम्पादक जस्तो मान्छेले पनि जमिनदारकहाँ ऋण माग्न गएको जैरे काहिँलो झैँ पटकैपिच्छे लुत्रे कान लगाएर फर्कनुपर्दा जङ चल्नु स्वाभाविकै हो (पृ.१४३ अनु.७)। |
| पाठ | निम्न वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा | गरिब | यो उपचारमा दक्ष जनशक्तिको अभाव हुनु, औषधीका नकारात्मक असर देखिन सक्नु, औषधी महँगो पर्ने हुँदा गरिबको पहुँचभन्दा बाहिर हुनु र यी औषधीको दुरूपयोग हुँदा घातक हुनु जस्ता कुरा एलोप्याथी औषधीका सीमा हुन् (पृ.३० अनु.११)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ४५ अनुसार 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' पाठमा उच्च वर्गीय परिवारिक अवस्थालाई मात्र उजागर गरेको देखियो । 'पख्नोस्' पाठमा उच्च वर्गीय

परिवारको जीवनशैली प्रस्तुत गरिएको पाइयो । समग्रमा वर्ग सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

'पख्नोस्' पाठमा उच्च घरानीया व्यक्तित्वको जीनवशैली देखाए पनि सम्पादकलाई प्रसङ्गमा ल्याएर मध्यम वर्गीय परिवारको सङ्केत गरेको देखियो । समग्रमा वर्ग सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक सामान्य रहेको पुष्टि हुन्छ ।

'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' पाठमा उच्च वर्गीय जीवनशैलीलाई विषयवस्तु बनाए पनि गरिबहरूलाई उपचार महङ्गो पर्ने प्रसङ्ग आएको हुनाले पाठले निम्न वर्गलाई पनि सङ्केत गरेको पाइयो । समग्रमा वर्ग सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक सान्दर्भिक रहेको पुष्टि हुन्छ ।

तालिका ४६

*एकाङ्की विधामा वर्ग प्रतिनिधित्वको अवस्था*

| पाठ | वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| घरको माया | कुल्ली, कमारो | अब नोकरीसोकरी खोजौँला, दरबानमा तँ अलि सानो छस्, लिदैँनन्, सके हामी जस्तै कुल्ली होलास्, मोटर धुनेमा कसो होला, केही नभए पनि होटेलमा त पक्का (पृ. १९३ अनु.५२)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ४६ अनुसार 'घरको माया' पाठमा अशिक्षित, गरिबीको मारमा परेका व्यक्ति जो सुकैको कुरामा विश्वास गरेर पैसाको लोभमा प्रदेश पस्न बाध्य हुनुपर्ने, श्रम शोषित हुने, मजदुर बन्नुपर्ने जस्ता कुरा उल्लेख गरी वर्गीयताको समस्यालाई मूल रूपमा उठाइएको देखियो । यसर्थ निम्न वर्गीयताको चित्रणमा पाठ सफल रहेको पाइयो । समग्रमा वर्ग

सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (एकाङ्की विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा एकाङ्की विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको पुष्टि हुन्छ ।

तालिका ४७

*वादविवाद विधामा वर्ग प्रतिनिधित्वको अवस्था*

| पाठ | वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अधिकार ठुलो कि कर्तव्य ठुलो ? | किसान | किसानलाई पनि राज्यबाट बिउबिजन र मल जस्ता वस्तुमा सहुलियत पाउने अधिकार छ। अधिकार नै नभएमा मानिसले कसरी कर्तव्य पूरा गर्न सक्छन् (पृ. ७३ अनु.१५)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ४७ अनुसार 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' पाठमा मध्यम वर्गीय परिवारको विषय नभए पनि कर्तव्य पूरा गर्ने शिलशिलामा किसान शब्दको प्रयोग भएको देखियो । पाठमा कुनै वर्गले शोषण गरेको वा शोषित भएको घटना उल्लेख गरिएको पाइएन् । समग्रमा वर्गको दृष्टिले पाठ्यपुस्तक (वादविवाद विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा वादविवाद विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

तालिका ४८

*चिठी विधामा वर्ग प्रतिनिधित्वको अवस्था*

| पाठ | वर्ग बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| व्यावसायिक चिठी | किसान | दामन, टिस्टुङ र पालुङ क्षेत्रका उच्च पहाडी भेकका किसानले मार्फा बागवानी केन्द्रमा उत्पादन हुने त्यहाँको मार्फा रायोको सागको बिउ र अन्य बिउबिजनको माग गरिरहेका छन् (पृ.१२९ अनु.१)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ४८ अनुसार 'व्यावसायिक चिठी' पाठमा मध्यम वर्गीय परिवारको विषय नभए पनि बिउबिजन पठाउने शिलशिलामा किसान शब्दको प्रयोग भएको देखियो । पाठमा कुनै वर्गले शोषण गरेको वा शोषित भएको घटना उल्लेख गरिएको पाइएन् । समग्रमा वर्ग सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (चिठी विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा वर्ग सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा चिठी विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको पुष्टि हुन्छ ।

पाठ्यपुस्तकका १६ ओटा पाठमा वर्गीयता छुट्टिने प्रसङ्गको प्रस्तुति छैन । शत्रु, कर्तव्य र आयाम पाठमा उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्गका क्रियाकलापको प्रस्तुति रहेको छ । लक्ष्मीप्रसाद देवकोटा र पाब्लो पिकासो पाठमा पनि उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्गका क्रियाकलापको प्रस्तुति रहेको छ । चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा, पाठमा उच्च र निम्न वर्ग जनाउने क्रियाकलापको प्रस्तुति रहेको छ । पख्नोस् पाठमा मध्यम वर्ग जनाउने क्रियाकलापको प्रस्तुति रहेको छ । घरको माया पाठमा निम्न वर्ग जनाउने क्रियाकलापको प्रस्तुति रहेको छ । अधिकार ठुलो कि कर्तव्य ठुलो ? र व्यावसायिक चिठी पाठमा मध्य वर्ग जनाउने क्रियाकलापको प्रस्तुति रहेको छ । पाब्लो पिकासो पछि आफ्नो प्रतिभाले पैसा कमाएका थिए तर उनले सामान्य जीवन नै विताएका थिए । नेपाली समाजमा विद्यमान अत्युच्च, उच्च, मध्यम र निम्न वर्गको प्रतिनिधित्व पाठ्यपुस्तकले गरेको छ भने पाठ्यपुस्तकमा निम्न र मध्यम वर्गीय प्रस्तुतिले प्राथमिकता पाएका छन् ।

**भूगोल** : पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त भूगोल परिवेश बुझाउने नाम शब्द र केही प्रसङ्ग अनुसारका वाक्यलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४९

*कथा विधामा भूगोलको अवस्था*

| पाठ | पहाडी परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| --- | --- | --- |
| घरझगडा | नुवाकोट, छहरा, पहरा, पर्वत, लमजुङ, तनहुँ, गोरखा | डोरीले हात्तीलाई हलचल गर्न दिदैंन भन्ने तपाईंलाई थाहा छैन ? कम्मर कस्यौं भने छहरा, पहरा, ढाल, तरबार अनि हिउँ र ज्वाला पनि बन्न सक्छौं (पृ.१५ अनु.८)। |
| शत्रु | गाउँ | ४५ वर्षका कृष्ण राय गाउँका सबभन्दा भद्र मानिस थिए (पृ.८९ अनु.१)। |
| कर्तव्य | झुपडी, आँगन, खोला, बाली, झाराखेताला, खोलापैरा, दलान, फलैंचा, बेँसी, पँधेरा, चौतारा | गाउँका दीनहीन गरिब बिरामी परेको सुन्नासाथ ओखतीमूलो लिएर उसका भत्केका झुपडीमा पुग्थे (पृ.१४१ अनु.१)।<br>साँझ पर्ने वेलामा बरियात गाउँनेर पुग्यो । पँधेरामाथिको चौतारामा रमिता हेर्ने मानिसको घुइँचो थियो (पृ.१४८ अनु.३५)। |
| पाठ | तराई परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| शत्रु | रेलको डब्बा, हाट | विचार गर्दागर्दै कृष्ण रायले रेलको डब्बामा भएको झगडा सम्झे, हाटमा तिनीद्वारा धक्का खाई लडेको एउटा मान्छेलाई सम्झेँ, तिनले निकालिदिएका नोकरहरूलाई सम्झे, गरिब तर इर्ष्यालु दाजुभाइलाई सम्झे जो तिनको उन्नति देखिसहँदैनथे (पृ.९२ अनु.८)। |
| कर्तव्य | मधेस | कुटुम्ब धनीमानी थिए । जिल्लामा उनको ठुलो ख्याति थियो । मधेसतिर तीनचार मौजा जिमिदारी छ भन्थे ( पृ.१४४ अनु.१४)। |
| आयाम | भवन, भान्छा, बाथरुम, कौसी, | भान्छामा, बाथरुममा, कौसीमा जताततै चल्ने छरिता पैतालाको आवश्यकता थियो (पृ.२२२ अनु.२४)। |
| पाठ | विविध परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| घरझगडा | नुवाकोट, पर्वत, लमजुङ, तनहुँ, गोरखा,पाल्पा, पूर्व | उता पर्वत, लमजुङ, तनहुँ मिलेर गोरखामा हमला गर्न लागेको खबर आइरहेछ । पाल्पा पनि आफ्नो हात नपारिएको छैन । पूर्वतिर पनि उस्तै हालत छ (पृ.१६ अनु.१४)। |
| कर्तव्य | गोरखपुर, वीरगन्ज | वीरगन्जको अधिवेशनमा जाँदा गोरखपुरमा 'केलनर' को होटलभित्र पसेर के के खाए भनी उनका साथी भन्थे (पृ.१४२ अनु.६)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ४९ अनुसार 'घरझगडा' पाठमा राजनीतिक परिवेशको चित्रण रहेको देखियो । गोरखामा हमला गर्न लागेको खबर आउनु, चौबिसीहरूले सङ्गठन गर्न थालेको गुप्ती खबर सुन्नु, पुत्रस्नेहलाई सजीव तुल्याउनु, पर्वत, लमजुङ, तनहुँ, गोरखामा हमला गर्ने खबर आउनुले नेपालको पहाडी परिवेशको चित्रण गरेको पाइयो । 'शत्रु' कथामा ग्रामीण परिवेशको चित्रण गरिएको देखियो । गाउँलेको सहायतामा लाग्नु, झगडा परेको ठाउँमा मिलाउन जानुले पनि गाउँको झल्को दिएको पाइयो । 'कर्तव्य' कथा पाठमा जीवन जिउने शिलशिलामा झुपडी, आँगन, खोला, पँधेरा जस्ता शब्दले गाउँको परिवेशको चित्रण गरेको देखियो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

'शत्रु' कथा पाठमा पूरै कथामा गाउँको परिवेश भए पनि कृष्ण रायलाई लट्ठी प्रहार भएपछि रेलको डब्बामा भएको घटना सम्झिने क्रममा तराई परिवेशको चित्रण भएको देखियो । 'कर्तव्य' कथामा पूरै कथामा गाउँले परिवेशको चित्रण रहेको पाइयो । छोराको बिहेको कुरा आएको प्रसङ्गमा मधेसमा जिमीन जग्गा रहेको कुरा उल्लेख भएकोले तराई परिवेशको चित्रण भएको देखियो । 'आयाम' पाठमा भवन, भान्छा, बाथरुम, कौसीले शब्दले तराई परिवेशको सङ्केत गरेको पाइयो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

'घरझगडा' कथा पाठमा प्रस्तुत भएका नेपालका जिल्लाहरू नुवाकोट, पर्वत, लमजुङ, तनहुँ, गोरखा,पाल्पा देखि पूर्वसम्मका विभिन्न परिवेश बुझाउने नाम शब्दहरू आएका देखियो । यी नाम शब्दले नेपालको भूगोल विविधता प्रस्तुत गर्न सफल भएको पाइयो । 'कर्तव्य' पाठमा गोरखपुर, वीरगन्जको नाम आएकोले केही तराई परिवेशको चित्रण गरेको देखियो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक सान्दर्भिक रहेको पुष्टि हुन्छ ।

तालिका ५०

*कविता विधामा भूगोलको अवस्था*

| पाठ | विविध परिवेश बुझाउने नाम शब्दहरू |
|---|---|
| नेपाली हाम्रो श्रम र सिप | पहाड, तराई, पूर्व |
| गाउँमाथि एउटा कविता | ढुङ्गे छाना, उब्जाउ, सुदुर पूर्व, सुदुर पश्चिम, गोठमा, वस्तुभाउ, पर्म, छाउनु, धामी, भकारो, अनौ, अर्जाप्ने, ढिकी |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ५० अनुसार 'नेपाली हाम्रो श्रम र सिप' पाठमा पहाड, तराई, पूर्व गरि विभिन्न परिवेश बुझाउने नाम शब्द आएको देखियो । यी नाम शब्दले नेपालको भूगोल विविधता प्रस्तुत गर्न सफल भएको पाइयो । 'गाउँमाथि एउटा कविता' पाठले विभिन्न स्थान र प्रदेशको नाम उल्लेख गरेको देखियो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (कविता विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कविता विधामा पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

तालिका ५१

*जीवनी विधामा भूगोलको अवस्था*

| पाठ | उपत्यकाको परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| लक्ष्मीप्रसाद देवकोटा | डिल्लीबजार, काठमाडौँ, मैतीदेवी | काठमाडौँको मैतीदेवी स्थित देवकोटाको निवासलाई नेपाल सरकारले देवकोटा सङ्ग्रहालय बनाएर वि.सं. २०७९ असोज १४ देखि कार्यान्वयनमा ल्याइसकेको छ (पृ.५७ अनु.११)। |
| पाठ | अन्तर्राष्ट्रिय परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| पाब्लो पिकासो | युरोप, स्पेन, जर्मनी | कलाका जादुले विश्व जगत्मा नयाँ नयाँ कीर्तिमान स्थापित गरेसँगै उन्नाइसौँ शताब्दीको उत्तरार्धतिर युरोपको स्पेनमा एउटा अद्भुत प्रतिभाशाली बालकको जन्म भयो (पृ.१५९ अनु.१)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ५१ अनुसार 'लक्ष्मीप्रसाद देवकोटा' पाठमा देवकोटाको जन्म, शिक्षा लिने ठाउँ उल्लेख गर्ने क्रममा उपत्यकाको परिवेश बुझाउने स्थानका नाम आएका देखियो । पाठमा प्रसङ्ग अनुसार उपत्यकाका विभिन्न स्थान उल्लेख भएका कारण पाठले उपत्यकाको परिवेश समेटेको देखियो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको पुष्टि हुन्छ ।

'पाब्लो पिकासो' पिकासोको जन्म, शिक्षा, सङ्घर्ष गर्ने शिलशिलामा पिकासो पुगेका स्थानहरू अन्तर्राष्ट्रिय परिवेशको रूपमा आएका देखियो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको पुष्टि हुन्छ ।

तालिका ५२

*निबन्ध विधामा भूगोलको अवस्था*

| पाठ | पहाडी परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मेरो देशको शिक्षा | सिन्धुली,कर्णाली, धनकुटा, सिन्धुली, गोरखा, डोल्पा, ढोरपाटन | कर्णालीका किसानलाई जडीबुटी पहिचान र प्रशोधनको शिक्षा दिनु सान्दर्भिक हुन्छ (पृ.११६ अनु.४)। |
| पाठ | तराई परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| मेरो देशको शिक्षा | झापा,सुनसरी, सिराहा, चितवन, रूपन्देही | त्यस्तै झापा, सुनसरी, सिराहा, चितवन, रूपन्देही, बाँके, कैलाली जस्ता समथर भूभागमा भएका जिल्लामा अन्नबाली र तरकारी उत्पादनको प्राविधिक शिक्षा दिन सान्दर्भिक हुन्छ (पृ.११६ अनु.४)। |
| पाठ | उपत्यकाको परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| पख्नोस् | जैसीदेवल, गौशाला,भद्रकाली | गेरुसिङ्गे 'ञ' जस्तो लट्ठक ञचाको नाति सिद्रा बेच्न देउपाटन गएको वनकालीमा बाँदर देखेर फरक्क फर्की गौशालाको बस पर्खदो हो (पृ.१७७ अनु.३)। |

| पाठ | अन्तर्राष्ट्रिय परिवेश बुझ्फाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा | अरब, भारत, इरानी | युनानी चिकित्सा पद्धति अरबमा प्रचतिल प्राचीन चिकित्सा पद्धति हो । अरब मूलका मानिस र इरानीद्वारा ११ औँ शताब्दीतिर यो पद्धति भारतमा प्रचलनमा ल्याइएको थियो (पृ.२६ अनु.३)। |
| पख्नोस् | भियतनाम, थाइल्यान्ड, अमेरिकी, मास्को | थाइल्यान्ड पुगेका थाकखोलाका थकाली अमेरकिी सैनिकको अड्डामा रिहाइको आदेश पर्खदा हुन् (पृ.१७७ अनु.४)। |
| पाठ | विविध परिवेश बुझ्फाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा | कीर्तिपुर | हाल किर्तिपुरस्थित राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्रसँगको समन्वयमा विभिन्न जडीबुटीका लागि औषधीय अनुसन्धान कार्यक्रम अगाडि बढिरहेको छ (पृ.२९ अनु.८)। |
| मेरो देशको शिक्षा | लुम्बिनी | ढोरपाटन, खप्तड र लुम्बिनीका विद्यार्थीलाई पर्यटकीय ज्ञान, सिपका साथै होटल व्यवस्थापनको शिक्षा दिएर स्वरोजगारका अनन्त सम्भावना खोज्न सकिन्छ (पृ.११६ अनु.४)। |
| पाठ | हिमाली परिवेश बुझ्फाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| मेरो देशको शिक्षा | जुम्ला, मुस्ताङ, डोल्पा | जुम्ला, मुस्ताङ, डोल्पा जस्ता जिल्लामा स्याउ खेती, धनकुटा, सिन्धुली, गोरखा जस्ता जिल्लामा जुनार तथा सुन्तला खेतीको प्राविधिक र व्यावसायिक शिक्षा विद्यालय तहमै समावेश गर्न उपयुक्त देख्छु (पृ.११६ अनु.४)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ५२ अनुसार ‘मेरो देशको शिक्षा’ पाठमा शिक्षामा लगानी गर्ने र पहुँच पुऱ्याउनु पर्छ भन्ने शिलशिलामा पहाडी परिवेशको चित्रण गरिएको पाइयो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

'मेरो देशको शिक्षा' पाठमा समथर भूभागमा प्राविधिक शिक्षाको पहुँच पुऱ्याउनु पर्छ भन्ने शिलशिलामा तराई परिवेशको चित्रण गरिएको देखियो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

'पख्नोस्' पाठमा कसैलाई पर्खने क्रममा उपत्यकाको परिवेश बुझाउने स्थानका नाम आएको देखियो । पाठमा प्रसङ्ग अनुसार उपत्यकाका विभिन्न स्थान उल्लेख भएका कारण पाठले उपत्यकाको परिवेश समेटेको देखियो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' पाठमा चिकित्सा पद्धतिको व्याख्या गर्ने शिलशिलामा अन्तर्राष्ट्रिय परिवेश बुझाउने नाम शब्दहरू प्रयोग भएको देखियो । 'पख्नोस्' पाठमा प्रदेशनै पुगेपनि मानिसको पर्खने र पर्खाउने क्रम सधैँ चलिरहने कुरालाई उल्लेख गरिएको पाइयो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल सन्तुलनको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक सान्दर्भिक रहेको पुष्टि हुन्छ ।

'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' पाठमा काठमाडौँ जिल्लामा रहेको एक नगरपालिकामा अनुसन्धान केन्द्र रहेको कुरा प्रस्तुत गरिएको देखियो । मेरो देशको शिक्षा पाठमा नेपालको एउटा अञ्चल, रूपन्देही निल्लामा पर्ने गौतम बुद्धको जन्मस्थल लुम्बिनीको बारेमा प्रसङ्ग उठाइएको पाइयो । पर्यटकीय क्षेत्रलाई विस्तार गर्ने क्रममा लुम्बिनी शब्द आएको हुनाले त्यही वरिपरिको परिवेश उल्लेख गरिएको देखियो । समग्रमा भूगोल दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको पुष्टि हुन्छ ।

'मेरो देशको शिक्षा' पाठमा विद्यार्थीलाई खेतीको प्राविधिक र व्यावसायिक शिक्षा विद्यालय तहमै समावेश गर्नुपर्छ भन्ने शिलशिलामा हिमाली परिवेश बुझाउने शब्दहरू आएको देखियो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक ( निबन्ध विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

तालिका ५३

*मनोवाद विधामा भूगोलको अवस्था*

| पाठ | उपत्यकाको परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| यस्तो कहिल्यै नहोस् | बोहोराटार, काठमाडौँ | आफूलाई हङकङको लाहुरे हुँ, काठमाडौँमा बिहे गर्न आएको भनी गुड्डी हाँकेछ (पृ.४१ अनु.६)। |
| पाठ | अन्तर्राष्ट्रिय परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| यस्तो कहिल्यै नहोस् | हङकङ, अरब | उसले सुनौलीको नाका पास गराउन खोजेका बेला एक सामाजिक संस्थाका कर्मचारीले देखेछन् (पृ. ४१अनु.६)। |
| पाठ | तराई परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| यस्तो कहिल्यै नहोस् | सुनौली | उसले सुनौलीको नाका पास गराउन खोजेका बेला एक सामाजिक संस्थाका कर्मचारीले देखेछन् (पृ. ४१ अनु.६)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ५३ अनुसार 'यस्तो कहिल्यै नहोस्' पाठमा पात्रको स्थान बोहोराटार, काठमाडौँमा रहेको देखियो । साइबर अपराध बढेका कारण आफू र थुप्रै मानिसले दुःख पाएको सम्झेर उनी खिन्न भएको पाइयो । समग्रमा भूगोले दृष्टिले पाठ्यपुस्तक (मनोवाद विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा मनोवाद विधामा पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

'यस्तो कहिल्यै नहोस्' पाठमा उपत्यकाको परिवेश भए पनि हङकङको लाहुरे हुँ भनी ठगेको प्रसङ्ग रहेको देखियो । कसैले कतै लैजान्छु भन्दैमा विश्वास नगरिहाल्ने सन्देश दिएको

यस पाठमा अन्तर्राष्ट्रिय परिवेश बुझाउने नाम शब्द रहेको पाइयो । समग्रमा भूगोल दृष्टिले पाठ्यपुस्तक (मनोवाद विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा मनोवाद विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको पुष्टि हुन्छ ।

'यस्तो कहिल्यै नहोस्' पाठमा रूपन्देही जिल्लाको भारतीय सिमानाको बजार रहेको सुनौली नाका तराई परिवेश बुझाउने शब्द प्रयोग भएको देखियो । धेरै नेपाली चेलीहरूलाई सुनौली नाका पास गराउन खोज्दा पक्रिने गरेका छन् भन्ने कुरा उल्लेख गरिएको पाइयो । समग्रमा भूगोल दृष्टिले पाठ्यपुस्तक (मनोवाद विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा मनोवाद विधामा पाठ्यपुस्तक सामान्य रहेको पुष्टि हुन्छ ।

तालिका ५४

*एकाङ्की विधामा भूगोल अवस्था*

| पाठ | पहाडी परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| घरको माया | पहाड, भकारो, पाखो, जाँता, अगेना, मेला, गुन्द्री, पिँढी, आँगन,कुवा, ढुङ्गेधारा, पँधेरा,गुन्द्रुक र ढिडो, चौतारी, छहरा | छोटो कछाड कस्यो, फाटेको ठुटे र भोटो लायो, भैँसीको भकारो सोहोऱ्यो, बस्यो (पृ.१८८ अनु.१)।<br>हो त नि मितज्यू, खुबै सोख गरियो भने झुत्रो गुन्द्री, पिँढीमा बसेर पिच्चपिच्च सुर्तीको थुक आँगनमा थुक्नु, त्यत्ति न हो (पृ.१८९ अनु.२)। |
| पाठ | अन्तर्राष्ट्रिय परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| घरको माया | रेल, देश | मलाई त यहाँ जे पनि गन्हाउने पो हुन लाग्यो । खान थाल्यो भुटुन गनाउने, पिउन थाल्यो पानी गनाउने, पिउन थाल्यो पानी गनाउने, रेल गनाउने, यो त ठाउँ नै गनाउने पो रहेछ (पृ.१९७ अनु.८६)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ५४ अनुसार 'घरको माया' पाठमा विषयवस्तु दरभङ्गा बिहारको परिवेशमा भए पनि पात्रहरूले जतिबेला पनि पहाड, भकारो, कुवा, पँधेरोको प्रसङ्ग ल्याएर

पहाडी परिवेशको चित्रण गरेको देखियो । पाठमा गाउँमा हुँदा त कुवाको पानी मिठो, भकारो नजिकै सुत्दा पनि नगनाउने, चौतारीमा शितल हावा आउने जस्ता गाउँले परिवेश आएका हुनाले नेपाली ग्रामीण पहाडी परिवेशलाई उजागर गरेको पाइयो । समग्रमा भूगोल दृष्टिले पाठ्यपुस्तक (एकाङ्की विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा एकाङ्की विधामा पाठ्यपुस्तक सान्दर्भिक रहेको पुष्टि हुन्छ ।

'घरको माया' पाठमा आफ्नो देश छोडेर धनको लोभमा प्रदेश गएका पात्रलाई रेल गनाउने प्रसङ्गले अन्तर्राष्ट्रिय परिवेश सिर्जना गरेको देखियो । समग्रमा भूगोल दृष्टिले पाठ्यपुस्तक (एकाङ्की विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा एकाङ्की विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

तालिका ५५

*वादविवाद विधामा भूगोल अवस्था*

| पाठ | विविध परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अधिकार ठुलो कि कर्तव्य ठुलो ? | लुम्बिनी, कपिलवस्तु, चन्द्रौटा, गोरूसिङ्गे, तौलिहवा, भेलाइ | लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लास्थित श्री राष्ट्रिय मा.वि. बरकुलपुरमा जिल्ला स्तरीय वादविवाद प्रतियोगिता आयोजना गरिएको छ (पृ. ६८ अनु.१)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ५५ अनुसार 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' पाठमा लुम्बिनी प्रदेश वरिपरि रहेका विभिन्न परिवेश बुझाउने स्थानको नाम आएको देखियो । यी नाम शब्द नेपालको भूगोल विविधता प्रस्तुत गर्न सफल भएको पाइयो । समग्रमा भूगोल सन्तुलनको दृष्टिले पाठ्यपुस्तक (वादविवाद विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा वादविवाद विधामा पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

तालिका ५६

*चिठी विधामा भूगोल अवस्था*

| पाठ | पहाडी परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| व्यावसायिक चिठी | मकवानपुर, दामन, टिस्टुङ, पालुङ | दामन, टिस्टुङ र पालुङ क्षेत्रका उच्च पहाडी भेकका किसानले मार्फा बागवानी केन्द्रमा उत्पादन हुने त्यहाँको मार्फा रायोको सागको बिउ र अन्य बिउबिजनको माग गरिरहेका छन् (पृ.१२९अनु.१)। |
| पाठ | हिमाली परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| व्यावसायिक चिठी | मुस्ताङ | श्री शीतोष्ण बागवानी केन्द्र घरपझौँङ गाउँपालिका २, मुस्ताङ, गण्डकी प्रदेश (पृ.१२९अनु.१)। |
| पाठ | उपत्यका परिवेश बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
| व्यावसायिक चिठी | काठमाडौँ | नेपालको सङ्घीय राजधानी काठमाडौँ उपत्यकामा यस क्षेत्रको उत्पादन अत्यधिक मात्रामा खपत हुने गरेको छ (पृ.१२९अनु.१)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ५६ अनुसार 'व्यावसायिक चिठी' पाठमा ग्रामीण पहाडी परिवेशको चित्रण भएको देखियो । पाठमा ग्रामीण पहाडी परिवेशमा किसानले उत्पादन गर्नको लागि विभिन्न बिउबिजनहरू माग गरेको परिवेश आएको पाइयो । समग्रमा भूगोल दृष्टिले पाठ्यपुस्तक (चिठी विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा चिठी विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ ।

'व्यावसायिक चिठी' पाठमा हिमाली परिवेशको चित्रण देखियो । पाठमा किसानले उत्पादन गर्नको लागि विभिन्न बिउबिजनहरू माग गरेको परिवेश आएको पाइयो । समग्रमा भूगोल दृष्टिले पाठ्यपुस्तक (चिठी विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा चिठी विधामा पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

'व्यावसायिक चिठी' पाठमा उपत्यकाको परिवेशको चित्रण भएको देखियो । पाठमा किसानले नेपालको सङ्घीय राजधानी काठमाडौं उपत्यकामा यस क्षेत्रको उत्पाद अत्यधिक मात्रामा खपत हुने गरेको प्रसङ्ग ल्याइएको पाइयो । समग्रमा भूगोल दृष्टिले पाठ्यपुस्तक (चिठी विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा भूगोल अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा चिठी विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

उज्यालो यात्रा कविता विधा हो । यस पाठमा भूगोलसँग सम्बन्धित प्रसङ्ग उल्लेख छैनन् । अन्य १५ ओटा पाठमा नेपालका विभिन्न नदी, ताल, गाउँ, छहरा, चौतारा, पँधेरो, जिल्लाका नाम र प्रसङ्गअनुसार आएका छन् । पाठ्यपुस्तकमा पहाड, तराई, हिमाल, उपत्यका, हिमाली, अर्न्तराष्ट्रि र विविध परिवेशको चित्रण छ । नेपालीहरू रोजगारका लागि गएका राष्ट्रका नाम र जीवनीमा रहेका व्यक्तिको नाम उल्लेख छन् । यी विविध कुराले पाठ्यपुस्तक भूगोल परिवेशका आधारमा समाजसापेक्ष बनेको छ ।

**सूचना, सञ्चार र प्रविधि :** पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त सूचना, सञ्चार र प्रविधि बुझाउने नाम शब्द र केही प्रसङ्ग अनुसारका वाक्यलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५७

*कविता विधामा सूचना, सञ्चार र प्रविधि*

| पाठ | विज्ञानप्रविध बुझाउने नाम शब्दहरू |
|---|---|
| नेपाली हाम्रो श्रम र सिप | विज्ञान |
| गाउँमाथि एउटा कविता | विज्ञान, अन्तरिक्षयान |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ५७ अनुसार 'नेपाली हाम्रो श्रम र सिप' कविता पाठमा विज्ञान शब्दको प्रयोग गरिएको देखियो । त्यस्तै गाउँमाथि एउटा कविता पाठमा विज्ञान र अन्तरक्षियान शब्द प्रयोग भएको पाइयो तर वाक्यगत प्रसङ्ग आएको पाइएन् । समग्रमा विज्ञान र प्रविधिको दृष्टिले पाठ्यपुस्तक (कविता विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा विज्ञान र प्रविधिको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कविता विधामा पाठ्यपुस्तक सामान्य रहेको पुष्टि हुन्छ ।

तालिका ५८

*कथा विधामा सूचना, सञ्चार र प्रविधि*

| पाठ | विज्ञानप्रविधि बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| घरझगडा | विस्फोट | उनीहरू तिललाई पहाड बनाइदिन्छन् त्यसैले थिचिएका हुँदा घाममा बसेर धोइफोई हामी गर्दैनौ अनि त्यही नै विस्फोट बनेर निस्कन्छ (पृ.१४ अनु.५)। |
| आयाम | कम्प्युटर, डाटा, टिभी, रिमोट | म तिनीहरूको व्यक्तिगत विवरण लिन्थैँ । कम्प्युटरमा डाटा राख्थैँ, डकुमेन्ट बनाउँथे र सुरज सरलाई जानकारी गराउँथैँ (पृ.२२१अनु.२१)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ५८ अनुसार 'घरझगडा' कथा पाठमा घरायसी आन्तरिक झगडा पर्दा पहिला नबोल्ने तर पछि विस्फोटको रूप लिने प्रसङ्गमा विस्फोट शब्दको प्रयोग भएको देखियो । 'आयाम' कथामा कम्प्युटर, डाटा, टिभी, रिमोट आदि शब्दले विज्ञानप्रविधिलाई समेटेको पाइयो । समग्रमा विज्ञान र प्रविधिको दृष्टिले पाठ्यपुस्तक (कथा विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा विज्ञान र प्रविधिको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधामा पाठ्यपुस्तक सामान्य रहेको पुष्टि हुन्छ ।

**तालिका ५९**

*जीवनी विधामा सूचना, सञ्चार र प्रविधि*

| पाठ | विज्ञानप्रविधि बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| लक्ष्मीप्रसाद देवकोटा | रकेट | जुन कुरा उनी दिवङ्गत हुनुभन्दा केही समयअगि रुसको रकेट चन्द्रलोक पुगेपछि प्रमाणित भयो (पृ. ५५ अनु.८)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ५९ अनुसार 'लक्ष्मीप्रसाद देवकोटा' पाठमा देवकोटाले उद्देश्य के लिनु ? उडी छुनु चन्द्र एक कविता लेख्दा लेख्दा धेरैले उनलाई तरङ्गी र लहडी भने तर त्यो लहड नभई दूरदर्शिता थियो । जुन कुरा उनी दिवङ्गत हुनुभन्दा केही समयअगि रुसको रकेट चन्द्रलोक पुगेपछि प्रमाणित भयो । देवकोटाले जीवनभोगाइका क्रममा जे देखे, जे भोगे र जे अनुभूत गर्ने

क्रममा विज्ञानप्रविधिलाई समेटेको देखियो । समग्रमा विज्ञान र प्रविधिको दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा विज्ञान र प्रविधिको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधामा पाठ्यपुस्तक सामान्य रहेको पुष्टि हुन्छ ।

तालिका ६०

*निबन्ध विधामा सूचना, सञ्चार र प्रविधि*

| पाठ | विज्ञानप्रविधि बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा | विज्ञान, एलोप्याथिक, एपेन्डिसाइटिस, शल्यक्रिया, खोप | दुर्घटनामा परी अङ्गभङ्ग भएको साथै एपेन्डिसाइटिस ह्दयाघात आदि रोगबाट पीडित बिरामी, शल्यक्रियाबाट गरिने उपचार, सघन उपचार आदिमा राखेर गरिने उपचारमा एलोप्याथीको सहयोग लिनुपर्ने अवस्था छ (पृ.२९ अनु.९)। |
| मेरो देशको शिक्षा | सूचना र प्रविधि, विज्ञान, मोबाइल, एप्स, अनलाइन, विद्युतीय, इन्टरनेट, कम्प्युटर, आधुनिक | आज हामी मोबाइल एप्सबाट गाडी रोक्न, चढ्न र भाडा तिर्न सक्छौँ (पृ.११७अनु.५)।<br>व्यापार व्यवसाय अनलाइनकाटै गरिन्छन् (पृ.११७ अनु.५)। |
| पर्खनोस् | मनिटर, रेडियो, वैज्ञानिक | मास्कोमा वैज्ञानिकहरू उडिरहेको स्पुतनिक मरुभूमिमा खस्ने भो भनी आँखा तानेर पर्खिरहेका होलान् (पृ.१७८अनु.५)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ६० अनुसार 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' पाठमा औषधी विज्ञानसँग सम्बन्धित विषय आएको देखियो । प्रस्तुत पाठमा विज्ञान, एलोप्याथिक, एपेन्डिसाइटिस, शल्यक्रिया, खोप आदि शब्दले विज्ञानप्रविधिलाई समेटेको पाइयो । 'मेरो देशको शिक्षा' पाठमा प्राचिन शिक्षा देखि अहिलेको समय सम्म आइपुग्दा शिक्षाले मारेको फड्कोसँग सम्बन्धित विषयमा पाठले विज्ञानप्रविधिलाई समेटेको देखियो । 'पर्खनोस्' पाठमा मनिटर, रेडियो, वैज्ञानिक जस्ता शब्द पर्खिने र पर्खाउने शिलशिलामा विज्ञानप्रविधिलाई जोड्को देखियो समग्रमा विज्ञान र प्रविधिको दृष्टिले पाठ्यपुस्तक (निबन्ध विधामा) सामान्यतः सन्तुलित पाइयो । यस आधारमा विज्ञान र प्रविधिको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधामा पाठ्यपुस्तक सामान्य रहेको पुष्टि हुन्छ ।

तालिका ६१

*मनोवाद विधामा सूचना, सञ्चार र प्रविधि*

| पाठ | विज्ञानप्रविधि बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| यस्तो कहिल्यै नहोस् | साइबर, सामाजिक सञ्जाल, मोबाइल, म्यासेज, प्रोफाइल, प्रविधि, बैङ्क, आइडी, सिम, वाइफाइ, लिङ्क, साइनआउट, लगआउट, कम्प्युटर, ल्यापटप, इमेल, पासर्वड | यो मोबाइलभित्रको साइबर संसारमा पस्दा त खुबै विचार पुऱ्याउनु पो पर्दोरहेछ(पृ.३९अनु.१)। साइबर अपराधको सिकारबाट जोगिन, आफ्नो कम्प्युटर, ल्यापटप र मोबाइलमा चलाइने सामाजिक सञ्जाललगायतका पासवर्ड कसैलाई दिनुहुँदैन (पृ.४२अनु.७)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ६१ अनुसार 'यस्तो कहिल्यै नहोस्' पाठ अहिलेको जल्दो बल्दो समस्या साइबर अपराधसँग सम्बन्धित रहेको देखियो । यो पाठ नै विज्ञानप्रविधिमा आधारित विषय रहेको पाइयो । सामाजिक सञ्जाल चलाउँदा बिचार नपुऱ्याउनु, पासवर्ड सही तरिकाले नराख्नु, मोवाइलमा आएका म्यासेज हेर्दा बिचारै नगरी विश्वास गर्दा लोभले लाभ नभइ विलापै विलाप हुन्छ भनि पाठलाई विज्ञानप्रविधिसँग जोडेको देखियो । समग्रमा विज्ञान र प्रविधिको दृष्टिले पाठ्यपुस्तक (मनोवाद विधामा) सामान्यतः उत्तम पाइयो । यस आधारमा विज्ञान र प्रविधिको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा मनोवाद विधामा पाठ्यपुस्तक उत्तम रहेको पुष्टि हुन्छ ।

तालिका ६२

*चिठी विधामा सूचना, सञ्चार र प्रविधि*

| पाठ | विज्ञानप्रविधि बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| व्यावसायिक चिठी | वेबसाइट | शीतोष्ण बागवानी केन्द्रबाट उपलब्ध हुने फलफूल तथा सागपातका बिउबिजनको मूल्यसूची केन्द्रको वेबसाइटबाट प्राप्त भयो (पृ.१२९अनु.१)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ६२ अनुसार 'व्यावसायिक चिठी' पाठमा कृषिविज्ञानसँग सम्बन्धित विषय आएको देखियो । प्रस्तुत पाठमा आवश्यक कागजातहरू केन्द्रको वेबसाइटबाट प्राप्त भएको जानकारी दिएको शब्दले पाठलाई विज्ञानप्रविधसँग जोडेको पाइयो । समग्रमा विज्ञान र प्रविधिको दृष्टिले पाठ्यपुस्तक (चिठी विधामा) सामान्यतः निम्न पाइयो । यस आधारमा विज्ञान र प्रविधिको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा चिठी विधामा पाठ्यपुस्तक सबल रहेको पुष्टि हुन्छ ।

१६ ओटा पाठमध्ये नेपाली हाम्रो श्रम र सिप, गाउँमाथि एउटा कविता, घरझगडा, आयाम, लक्ष्मीप्रसाद देवकोटा, चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा, मेरो देशको शिक्षा, पख्नोस्, यस्तो कहिल्यै नहोस्, व्यावसायिक चिठी पाठमा मात्र विज्ञानप्रविधि विषयले प्रविष्टि पाएको छ । यस्तो कहिल्यै नहोस् पाठमा युवा साइबर अपराधमा कसरी फसेका छन, प्रविधिको गलत प्रयोगले कसरी लोभले लाभ नभइ विलापै विलाप हुन्छ त्यसैले मोबाइलको पासवर्ड कसैलाई दिनुहुँदैन भन्ने जानकारी समेत रहेको हुनाले विज्ञानप्रविधि प्रयोगका दृष्टिले उत्कृष्ट पाठ बनेको छ । व्यावसायिक चिठी पाठमा प्राविधिक शब्द मात्र प्रयोग गरिएको छ । विज्ञानप्रविधि प्रयोगका दृष्टिले पाठ्यपुस्तक समाजसापेक्ष रहेको छ ।

**लोकतान्त्रिक मूल्यमान्यता :** पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त लोकतान्त्रिक मूल्यमान्यता बुझाउने नाम शब्द र केही प्रसङ्ग अनुसारका वाक्यलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६३

*जीवनी विधामा लोकतान्त्रिक मूल्यमान्यताको अवस्था*

| पाठ | लोकतान्त्रिक मूल्यमान्यता बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| लक्ष्मीप्रसाद देवकोटा | शिक्षामन्त्री, मन्त्रिमण्डल, नेपाल सकार | काठमाडौँको मैतीदेवी स्थित देवकोटाको निवासलाई नेपाल सरकारले देवकोटा सङ्ग्रहालय बनाएर वि.सं. २०७९ असोज १४ देखि कार्यान्वयनमा ल्याइसकेको छ (पृ.५७अनु.११)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ६३ अनुसार 'लक्ष्मीप्रसाद देवकोटा' पाठमा देवकोटा शिक्षामन्त्री भएर शिक्षाको लागि योगदान दिएको, नेपालसरकारको कर्मचारी भइ काम गरेको, नेपाल सरकारले देवकोटा सङ्ग्रहालय बनाएर वि.सं. २०७९ असोज १४ देखि कार्यान्वयनमा ल्याइसकेको प्रस्तुतिमा लोकतान्त्रिक मूल्यमान्यताको समर्थन गरिएको देखियो। समग्रमा लोकतान्त्रिक मूल्यमान्यताको दृष्टिले पाठ्यपुस्तक (जीवनी विधामा) सामान्यतः न्युनतम पाइयो। यस आधारमा लोकतान्त्रिक मूल्यमान्यताको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा चिठी विधामा पाठ्यपुस्तक शिक्षणीय रहेको पुष्टि हुन्छ।

तालिका ६४

*वादविवाद विधामा लोकतान्त्रिक मूल्यमान्यताको अवस्था*

| पाठ | लोकतान्त्रिक मूल्यमान्यता बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अधिकार ठुलो कि कर्तव्य ठुलो ? | लोकतन्त्र | वि.सं. २००७, २०४७,२०६२/६३ मा प्रजातन्त्र र लोकतन्त्र प्राप्तिका लागि भएका सङ्घर्ष अधिकार प्राप्तिका लागि भएका होइनन् र ? (पृ.७२ अनु.१३)। |

*(स्रोत : कक्षा १० को नेपाली पाठ्यपुस्तक, २०८०)*

उपर्युक्त तालिका ६४ अनुसार अधिकार ठुलो कि कर्तव्य ठुलो ? पाठमा पात्रले आफ्नो विचार राख्ने क्रममा प्रजातन्त्र र लोकतन्त्र प्राप्तिका लागि भएका सङ्घर्ष अधिकार प्राप्तिका लागि भएका होइनन् र ? भन्ने सन्दर्भमा यस पाठले लोकतान्त्रिक मूल्यमान्यताको भाव बोकेको देखियो। समग्रमा लोकतान्त्रिक मूल्यमान्यताको दृष्टिले पाठ्यपुस्तक (वादविवाद विधामा) सामान्यतः न्युनतम पाइयो। यस आधारमा लोकतान्त्रिक मूल्यमान्यताको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा वादविवादमा विधामा पाठ्यपुस्तक व्यावहारिक रहेको पुष्टि हुन्छ।

लक्ष्मीप्रसाद देवकोटा जीवनीमा नेपाली राजनीतिमा शिक्षामन्त्री भएर शिक्षाको लागि ठुलो योगदान दिएको र अहिले सम्म पनि त्यसको प्रभाव रहिरहेको हुनाले यस पाठले

लोकतान्त्रिक मूल्यमान्ताको भाव बोकेको छ । अधिकार ठुलो कि कर्तव्य ठुलो ? वादविवाद पाठमा वक्ताले बोल्ने क्रममा लोकतन्त्रको कुरा आएको छ ।

यी बाहेक अन्य पाठमा प्रजातान्त्रिक मूल्य र मनन्यतालाई प्रत्यक्ष विषयका रूपमा प्रस्तुत गरिएको छैन तर नेपालको संविधानले निर्देश गरेबमोजिम र माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रम अनुरूप पाठहरूलाई सकेसम्म लैङ्गिक, जातीय, भूगोल आदि सबै क्षेत्रको समावेशीतालाई प्रस्तुत गर्नु पनि प्रजातान्त्रिक मूल्य र मान्यतालाई प्रस्तुत गर्न सफल भएका छन् ।

# अध्याय पाँच

## उपसंहार

प्रस्तुत अध्यायमा उपसंहार, शैक्षणिक उपादेयता, निष्कर्ष र भावी अधययनका सम्भाव्य शीर्षक जस्ता विषयहरू समेटिएका छन् ।

**प्राप्ति**

समाजसापेक्षताका दृष्टिले कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकलाई लैङ्गिक सन्तुलनका दृष्टिबाट हेर्दा कविता, कथा, निबन्ध, मनोवाद, वादविवाद, जीवनी, चिठी, एकाङ्की विधामा लिङ्ग बुझाउने नाम शब्द, वाक्यगत प्रसङ्ग र पात्रका क्रियाकलापले समाजसापेक्षता प्रस्तुत गरेका छन् । 'घरझगडा', 'शत्रु' र 'आयाम' कथा विधामा ५ प्रतिशत पुलिङ्गी र ४ प्रतिशत स्त्रीलिङ्गी पात्र उल्लेख गरिएका छन् । 'चिकित्सा विज्ञान र आयुर्वेद' 'मेरो देशको शिक्षा' र 'पख्नोस्' निबन्ध विधामा १० प्रतिशत पुलिङ्गी र ५ प्रतिशत स्त्रीलिङ्गी पात्र उल्लेख भएका छन् ।

समाजसापेक्षताका दृष्टिले कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकलाई उमेरगत प्रतिनिधित्वका आधारमा हेर्दा 'उज्यालो यात्रा', (कविता विधा) 'नेपाली हाम्रो श्रम र सिप', (कविता विधा) 'गाउँमाथि एउटा कविता'(कविता विधा) क्रमशः कविता, निबन्ध विधाका पाठ भएका कारण उमेरगत प्रतिनिधित्व भएको छैन । अन्य दश ओटा पाठमा क्रमशः वृद्ध १० प्रतिशत, युवा र वयस्क ६५ प्रतिशत, किशोर १५ प्रतिशत, केटाकेटी १० प्रतिशत र अन्य ५ प्रतिशत नाम शब्द प्रयोग भएका छन् । युवा र वयस्कलाई बुझाउने शब्द तथा वाक्यगत प्रसङ्ग अत्यधिक उल्लेख गरिएका छन् । किशोरका प्रसङ्ग मध्यम प्रकारको देखिएको छ । 'यस्तो कहिल्यै नहोस्'(मनोवाद विधा)र 'घरको माया' (एकाङ्की विधा) पाठमा किशोरका सक्रिय क्रियाकलापको गरिएको छ ।

समाजसापेक्ष दृष्टिले कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकलाई पेसागतगत पात्रको दृष्टिबाट हेर्दा घरझगडा कथा, उज्यालो यात्रा, नेपाली हाम्रो श्रम र सिप, गाउँमाथि एउटा कविता पाठमा पेसागत पात्रको उल्लेख छैन । अन्य १२ ओटा पाठमा कृषि, पण्डित, डाक्टर पेसामा संलग्न रहेका छन् । वयस्क पात्र श्रमिक, मजदुर, शिक्षकका रूपमा प्रस्तुत गरिएको छ ।

समाजमा प्रचलित सबैजसो पेसाका नाम शब्द र वयस्क तथा युवापुस्ताको पेसामा सक्रिय सहभागिताको प्रसङ्गले पाठ्यपुस्तक समाजसापेक्ष बनेको देखियो ।

समाजसापेक्ष दृष्टिले कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकलाई जातिगत दृष्टिबाट हेर्दासबै पाठमा जातजाति प्रस्ट छुट्टिने पात्र, नाम शब्द तथा क्रियाकलापको प्रस्तुति छैन । १६ ओटा पाठमध्ये उज्यालो यात्रा, नेपाली हाम्रो श्रम र सिप, गाउँमाथि एउटा कविता, यस्तो कहिल्यै नहोस् मनोवाद, मेरो देशको शिक्षा निबन्ध गरी ५ ओटा पाठमा जातजाति छुट्टिने पात्र छैनन् । पात्र र शब्द प्रयोगका दृष्टिले सबै जातजाति समेटिएको छ । कुनै पाठमा दलित, क्षेत्री, ब्राह्मण भनेर छुट्याइएको छैन् । सबै जात पात्रगत सन्दर्भमा आएका छन् । जातजातिका आधारमा हेर्दा जनजाति, दलित, ब्राह्मण, क्षेत्रीलाई बुझाउने नाम शब्द, वाक्यगत प्रसङ्गको उल्लेख भएका कारण पाठ्यपुस्तक जातिगत आधारमा नेपाली समाजअनुकूल बनेको देखियो ।

समाजसापेक्ष दृष्टिले कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकलाई धर्मगत दृष्टिबाट हेर्दा पाठ्यपुस्तकका १६ ओटा पाठमध्ये घरझगडा, कर्तव्य कथा, यस्तो कहिल्यै नहोस् मनोवाद, घरको माया एकाङ्की, अधिकार ठुलो कि कर्तव्य ठुलो ? वादविवाद, मेरो देशको शिक्षा र पख्नोस् निबन्ध, लक्ष्मीप्रसाद देवकोटा जीवनी पाठमा धर्मसँग सम्बन्धित नाम शब्द प्रयोग भएका छन् । घरझगडा, कर्तव्य, लक्ष्मीप्रसाद देवकोटा, मेरो देशको शिक्षा, पख्नोस्, यस्तो कहिल्यै नहोस्, घरको माया, अधिकार ठुलो कि कर्तव्य ठुलो ? पाठमा हिन्दु धर्मसँग सम्बन्धित क्रियाकलापको प्रस्तुति छ । मेरो देशको शिक्षा, पख्नोस्, अधिकार ठुलो कि कर्तव्य ठुलो ? पाठमा बुद्ध धर्मसँग सम्बन्धित क्रियाकलापको प्रस्तुति छ । मेरो देशको शिक्षा पाठमा किराँत धर्मसँग सम्बन्धित क्रियाकलापको प्रस्तुति छ । पाठ्यपुस्तक ८० प्रतिशत हिन्दु धर्म संस्कृतिसापेक्ष क्रियाकलाप, १० प्रतिशत बौद्ध धर्म संस्कृतिसापेक्ष क्रियाकलाप र १० प्रतिशत अन्य धर्म संस्कृतिसापेक्ष क्रियाकलापको प्रस्तुति छ । पाठ्यपुस्तकमा स्थानीय संस्कृतिको प्रस्तुतिले पनि प्राथमिकता पाएको छ । यद्यपि कुनै धर्मको पक्षपोषण नगरेका कारण पाठ्यपुस्तक धर्म निरपेक्ष र समाजसापेक्ष बन्न सफल रहेको देखियो ।

समाजसापेक्ष दृष्टिले कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकलाई वर्गगत दृष्टिबाट हेर्दा पाठ्यपुस्तकका १६ ओटा पाठमा वर्गीयता छुट्टिने प्रसङ्गको प्रस्तुति छैन । शत्रु, कर्तव्य र आयाम पाठमा उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्गका क्रियाकलापको प्रस्तुति रहेको छ । लक्ष्मीप्रसाद देवकोटा र पाब्लो पिकासो पाठमा पनि उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्गका

क्रियाकलापको प्रस्तुति रहेको छ । चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा, पाठमा उच्च र निम्न वर्ग जनाउने क्रियाकलापको प्रस्तुति रहेको छ । पख्नोस् पाठमा मध्यम वर्ग जनाउने क्रियाकलापको प्रस्तुति रहेको छ । घरको माया पाठमा निम्न वर्ग जनाउने क्रियाकलापको प्रस्तुति रहेको छ । अधिकार ठुलो कि कर्तव्य ठुलो ? र व्यावसायिक चिठी पाठमा मध्य वर्ग जनाउने क्रियाकलापको प्रस्तुति रहेको छ । पाब्लो पिकासो पछि आफ्नो प्रतिभाले पैसा कमाएका थिए तर उनले सामान्य जीवन नै बिताएका थिए । नेपाली समाजमा विद्यमान अत्युच्च, उच्च, मध्यम र निम्न वर्गको प्रतिनिधित्व पाठ्यपुस्तकले गरेको छ भने पाठ्यपुस्तकमा निम्न र मध्यम वर्गीय प्रस्तुतिले प्राथमिकता पाएका छन् । यसकारण पाठ्यपुस्तक समाजसापेक्ष बनेको देखियो ।

समाजसापेक्ष दृष्टिले कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकलाई भूगोल दृष्टिबाट हेर्दा उज्यालो यात्रा कविता विधा हो । यस पाठमा भूगोलसँग सम्बन्धित प्रसङ्ग उल्लेख छैनन् । अन्य १५ ओटा पाठमा नेपालका विभिन्न नदी, ताल, गाउँ, छहरा, चौतारा, पँधेरो, जिल्लाका नाम र प्रसङ्गअनुसार आएका छन् । पाठ्यपुस्तकमा पहाड, तराई, हिमाल, उपत्यका, हिमाली, अन्तर्राष्ट्रि र विविध परिवेशको चित्रण छ । नेपालीहरू रोजगारका लागि गएका राष्ट्रका नाम र जीवनीमा रहेका व्यक्तिको नाम उल्लेख छन् । यी विविध कारणले पाठ्यपुस्तक भूगोल परिवेशका आधारमा समाजसापेक्ष बनेको देखियो ।

समाजसापेक्ष दृष्टिले कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकलाई विज्ञानप्रविधि दृष्टिबाट हेर्दा १६ ओटा पाठमध्ये नेपाली हाम्रो श्रम र सिप, गाउँमाथि एउटा कविता, घरझगडा, आयाम, लक्ष्मीप्रसाद देवकोटा, चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा, मेरो देशको शिक्षा, पख्नोस्, यस्तो कहिल्यै नहोस्, व्यावसायिक चिठी पाठमा मात्र विज्ञानप्रविधि विषयले प्रविष्टि पाएको छ । यस्तो कहिल्यै नहोस् पाठमा युवा साइबर अपराधमा कसरी फसेका छन, प्रविधिको गलत प्रयोगले कसरी लोभले लाभ नभइ विलापै विलाप हुन्छ त्यसैले मोबाइलको पासवर्ड कसैलाई दिनुहुँदैन भन्ने जानकारी समेत रहेको हुनाले विज्ञानप्रविधि प्रयोगका दृष्टिले उत्कृष्ट पाठ बनेको छ । व्यावसायिक चिठी पाठमा प्राविधिक शब्द मात्र प्रयोग गरिएको छ । विज्ञानप्रविधि प्रयोगका कारण पाठ्यपुस्तक समाजसापेक्ष रहेको देखियो ।

**निष्कर्ष**

कक्षा दशका लागि भनेर सिफारिस गरिएको नेपाली पाठ्यपुस्तक (२०८०) को समग्र अध्ययनबाट पाठ्यपुस्तक समाजसापेक्षता देखिन्छ । केही अपवादलाई छाडेर यसमा रहेका पाठहरूमा लिङ्ग, उमेर, पेसा, जातजाति आदिको सन्तुलन मिलाइएको पाइन्छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकका अधिकांश विधाका पाठहरूमा लिङ्ग बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग तथा पुरुष र महिला पात्रका क्रियाकलापहरूको प्रस्तुतिले लैङ्गिक सन्तुलन कायम गर्न खोजिएको र यस दृष्टिले पाठ्यपुस्तक समाजसापेक्ष छ भन्ने कुराको पुष्टि हुन्छ ।

कक्षा दशको लागि भनेर सिफारिस नेपाली पाठ्यपुस्तक (२०८०) को समग्र अध्ययनबाट पाठ्यपुस्तक समाजसापेक्ष देखिन्छ । केही अपवादलाई छाडेर यसमा रहेका पाठहरूमा केटाकेटी, वृद्ध, किशोर, युवा तथा वयस्क आदिको सन्तुलन मिलाइएको पाइन्छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकका अधिकांश विधाका पाठहरूमा उमेर बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग तथा केटाकेटी, वृद्ध, किशोर, युवा तथा वयस्क पात्रका क्रियाकलापहरूको प्रस्तुतिले उमेर सन्तुलन कायम गर्न खोजिएको र यस दृष्टिले पाठ्यपुस्तक समाजसापेक्ष छ भन्ने कुराको पुष्टि हुन्छ ।

कक्षा दशको लागि भनेर सिफारिस नेपाली पाठ्यपुस्तक (२०८०) को समग्र अध्ययनबाट पाठ्यपुस्तक समाजसापेक्ष देखिन्छ । केही अपवादलाई छाडेर यसमा रहेका पाठहरूमा उच्च, मध्यम, निम्न र अतिनिम्न वर्गको सन्तुलन मिलाइएको पाइन्छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकका अधिकांश विधाका पाठहरूमा वर्ग बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग तथा पुरुष र महिला पात्रका क्रियाकलापहरूको प्रस्तुतिले वर्ग सन्तुलन कायम गर्न खोजिएको र यस दृष्टिले पाठ्यपुस्तक समाजसापेक्ष छ भन्ने कुराको पुष्टि हुन्छ ।

कक्षा दशको लागि भनेर सिफारिस नेपाली पाठ्यपुस्तक (२०८०) को समग्र अध्ययनबाट पाठ्यपुस्तक समाजसापेक्ष देखिन्छ । केही अपवादलाई छाडेर यसमा रहेका पाठहरूमा लोकतान्त्रिक मूल्यमान्ताका आधारमा सन्तुलन मिलाइएको पाइन्छ । लोकतान्त्रिक मूल्यमान्ताका आधारमा लक्ष्मीप्रसाद देवकोटा जीवनी विधा र अधिकार ठुलो कि कर्तव्य ठुलो ? वादविवाद रूपक विधामा मात्र उल्लेख भएको पाइयो । अन्य पाठमा लिङ्गगत, जातिगत, वर्गगत, धर्मगत, क्षेत्रगत, समावेशिता भएकाले लोकतान्त्रिक मूल्यमान्तालाई स्थान दिइएको पाइएन् । घरको माया, आयाम र यस्तो कहिल्यै नहोस् पाठ समावेशिताका दृष्टिले उत्कृष्ट

पाइयो । समाजमा विद्यमान साइबर अपराधका संस्कृतिलाई प्रोत्साहन गर्ने खालका पाठहरू पाठ्यपुस्तकमा समावेश गरेको पाइयो । साइबर अपराध, पैसाको लोभमा परेर विदेशिनु वर्तमान समाजका जल्दाबल्दा समस्या र त्यसको समाधानार्थ चेतनामूलक शिक्षामा जोड दिइएको पाइयो । यस पाठ्यपुस्तकका विभिन्न विधामा अशिक्षित व्यक्तिहरूले बोल्ने भाषाका तुलनामा शिक्षित व्यक्तिहरूले बोल्ने शब्द वा वाक्य बढी पाइयो । समाज शिक्षित समुदायमा लक्षित भएकाले शिक्षाका आधारमा नेपाली पाठ्यपुस्तक समाजसापेक्ष देखिन्छ । हाम्रो समाज जातिय दलदलबाट माथि उठ्ने प्रयासमा रहेको हुँदा उक्त पाठ्यपुस्तकले कुनै जात विशेष नभई शिष्ट र सभ्य मानव जातिलाई चिनाउने प्रयास गरेको छ । नेपाल हिन्दु राष्ट्र भएकाले अधिकांश पाठहरूले हिन्दु धर्म संस्कृतिलाई वहन गरेकाले धर्म र संस्कृतिका आधारमा पाठ्यपुस्तक समाजसापेक्ष नै देखिन्छ । लिङ्ग, उमेर, पेसा, धर्म संस्कृति, जातजाति, वर्ग, भूगोल, विज्ञानप्रविधि र मूल्यमान्यताका दृष्टिले पुस्तक उपयुक्त भएको पाइन्छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकका केही विधाका पाठहरूमा लोकतान्त्रिक मूल्यमान्ताका बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्गका क्रियाकलापहरूको प्रस्तुतिले लोकतान्त्रिक मूल्यमान्ताका कायम गर्न खोजिएको र यस दृष्टिले पाठ्यपुस्तक समाजसापेक्ष छ भन्ने कुराको पुष्टि हुन्छ ।

**अध्ययनको शैक्षणिक उपादेयता**

प्रस्तुत अध्ययन शैक्षणिक उपादेयताका दृष्टिले प्रयोग गर्ने निकाय, निर्माण गर्ने निकाय र नियम बनाउने निकाय गरी तीन क्षेत्रका लागि सहयोगी हुने देखिन्छ । उपादेयतालाई देहायबमोजिम छुट्टा छुट्टै उल्लेख गरिएको छ :

**कार्यान्वयन क्षेत्र (उपयोग गर्ने र गराउने निकाय)** : यस शोधकार्यको मूल उद्देश्य स्नातकोत्तर तहको पाठ्यांश पूरा गर्नको लागि तयार गरिएको भएतापनि सैद्धान्तिक र व्यावहारिक दुबै दृष्टिले यसका विभिन्न शैक्षणिक उपादेयताहरू रहेका छन् । यस शोधकार्यबाट प्रथमतः माध्यमिक तह कक्षा दशमा पढ्ने विद्यार्थीहरू, पढाउने शिक्षकहरू, विद्यालय प्रशासन र अभिभावक गरी प्रयोग गर्ने र गराउने क्षेत्र लाभान्वित हुने अपेक्षा गरिएको छ । यसबाट भाषा पाठ्यपुस्तकको प्रयोग क्षेत्र र आवश्यकता थाहा पाई सैद्धान्तिक तथा व्यवहारिक ज्ञानबाट नेपाली भाषा शिक्षण सिकाइको योजना बनाउन, योजनाबद्ध पठनपाठन गर्न, सिकाइ उपलब्धि वृद्धि गर्न र पठनपाठनको उपयुक्त वातावरण निर्माण गर्न सरोकारवाला सबैलाई उपयोगी हुने

विश्वास गरिएको छ । त्यस्तै समाजसापेक्ष दृष्टिले पाठ्यपुस्तकमा अध्ययन अनुसन्धान गर्न चाहने शिक्षक तथा विद्यार्थीका लागि यो शोधपत्र महत्त्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा आउन सक्छ भन्ने अपेक्षा गरिएको छ ।

**निर्माण गर्ने निकाय (बनाउने र लागु गराउने निकाय)** : प्रस्तुत शोधअध्ययनले समाजसापेक्ष शैक्षिक योजनाकार, पाठ्यक्रम निर्माता, पाठ्यक्रम विकास केन्द्र, पाठ्यपुस्तकका लेखक आदिलाई सहयोगी बन्न मदत पुग्न सक्छ भन्ने अपेक्षा गरिएको छ । यसबाट पाठ्यक्रममा के कस्तो सुधार गर्ने, पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक लेख्ने तयारी कसरी गर्ने पाठ्यपुस्तककमा के कस्तो सुधार गर्ने सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्राप्त हुने अपेक्षा गरिएको छ ।

**नियामक निकाय** : प्रस्तुत शोधअध्ययनले शिक्षा मन्त्रालय, जिल्लाशिक्षा समन्वय समिति, गापा र नपामा रहेका शिक्षा समितिहरू, पाठ्यक्रम विकास केन्द्र, परीक्षा बोर्ड आदि नियमन निकायलाई सहयोगी हुन सक्छ भन्ने अपेक्षा गरिएको छ । यसबाट पाठ्यक्रम कसरी निर्माण गर्ने, पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक कसरी तयारी गर्ने, पाठ्यक्रम तयार गर्नका लागि कस्ता विज्ञहरू राख्ने, प्रश्नपत्र निर्माणको तयारी कसरी गर्ने भन्ने कुरामा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्राप्त हुने अपेक्षा गरिएको छ ।

**भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू**

भावी अध्ययनका लागि देहायबमोजिमका शीर्षकहरू प्रस्ताव गरिएका छन् :

१) कक्षा दशको नेपाली पाठ्यपुस्तकमा लैङ्गिक सन्तुलनको अवस्था,

२) समाजसापेक्षताका दृष्टिले कक्षा आठको नेपाली पाठ्यपुस्तक,

३) विभिन्न जातजातिका भाषिक विविधताका कारण नेपाली भाषा सिकाइमा परेको प्रभाव,

४) दैनिक पत्रिकामा प्रकाशित बालसाहित्यको भाषिक अध्ययन,

५) नेपाली शिक्षण सिकाइमा कक्षा दशको नेपाली पाठ्यपुस्तकको सान्दर्भिकता,

६) जीवनोपयोगी सिपका दृष्टिले कक्षा ११ को नेपाली पाठ्यपुस्तक ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, सपना, पौडेल, गोविन्द प्रसाद र जोशी, रमेशचन्द्र (२०७३), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि ।

अधिकारी, हेमाङ्ग राज (२०७४), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अर्याल, भोजेन्द्र (२०६५), *समाजशास्त्र तथा मानवशास्त्रको परिचय,* काठमाडौँ : दीक्षान्त प्रकाशन ।

के.सी., राम बहादुर र अन्य (२०६५), *सामाजिक विविधता र असमानता,* काठमाडौँ : एकेडेमिक बुक सेन्टर ।

के.सी., राजकुमार (२०६५), कक्षा *नौको नेपाली पाठ्यपुस्तकको अध्ययन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ : महेन्द्ररत्न क्याम्पस ।

खत्रि, मेनुका (२०७३), *माध्यमिक तह कक्षा नौ को नयाँ नेपाली (२०७१) र पुरानो (२०७४) पाठ्यपुस्तकको तुलनात्मक अध्ययन* (अप्रकाशित शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

गौतम, नवीन (२०७०), *ग्रामीण सामुदायिक विकास,* काठमाडौँ : क्षितिज प्रकाशन ।

घिमिरे, चारुभा (२०७४), *कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन,* (अप्रकाशित शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

ज्ञवाली, गोकर्णप्रसाद (२०७९), *समाजशास्त्रको आधारभूत परिचय,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि ।

ढकाल, माधव (२०७३), *शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधारहरू,* (द्वितिय संस्करण), काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०७७), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि ।

ढुङगेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७६), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

देवकोटा, यादव 'सापेक्ष र निरपेक्षको बहस' (२०७९) https://gorkhapatraonline.com/news/55580, फेब्रुअरी २६, २०२३ ।

पराजुली, सङ्गीता (२०७०), *कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समाजसापेक्षका दृष्टिले कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तकको अध्ययन,* (अप्रकाशित शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

पाविके (२०७८), माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), भक्तपुर : लेखक ।

पोखरेल, केशवराज र उमेश, काफ्ले (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन प्रा.लि ।

पोखरेल, हरिप्रसाद (२०८०), 'सामाजिक तथा सांस्कृतिक विकासका लागि कस्तो शिक्षा ?', सेतोपाटी, मंसिर, ९ पृ. १० ।

पौडेल, टंकमणि (२०७६), *जात र वर्ग,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

पौडेल, माधव प्रसाद (२०७९), *भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, राजेन्द्र 'नेपाली समाज र शिक्षा' (२०७८) https://pokharapatra.com.np/, p.2720, मे १२, २०२१ ।


मिश्र, चैतन्य (२०६७), *बदलिँदो नेपाली समाज,* काठमाडौँ : फाइनप्रिन्ट बुक्स ।

लोहनी, राम '*लिङ्गव्यवस्था र नेपालीसमाज*' (२०७३) https://shukrabar.nagariknetwork. com/news/1311, नोभेम्बर १०, २०१६ ।

शर्मा, जनकलाल (२०७७), *हाम्रो समाज एक अध्ययन,* काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

परिशिष्ट १

कक्षा दशको नेपाली (२०८०) पाठ्यपुस्तकको आवरण पृष्ठ



## परिशिष्ट २

## कक्षा दश नेपाली (२०८०) पाठ्यपुस्तकको विषय सूची

### विषयसूची


| क्र.स. | शीर्षक | विधा | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| १. | उज्यालो यात्रा | कविता | १ |
| २. | घरझगडा | कथा | १२ |
| ३. | चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा | निबन्ध | २५ |
| ४. | यस्तो कहिल्यै नहोस् | मनोवाद | ३९ |
| ५. | लक्ष्मीप्रसाद देवकोटा | जीवनी | ५१ |
| ६. | अधिकार ठुलो कि कर्तव्य ठुलो ? | वादविवाद | ६८ |
| ७. | शत्रु | कथा | ८९ |
| ८. | नेपाली हाम्रो श्रम र सिप | कविता | १०३ |
| ९. | मेरो देशको शिक्षा | निबन्ध | ११४ |
| १०. | व्यावसायिक चिठी | चिठी | १२९ |
| ११. | कर्तव्य | कथा | १४१ |
| १२. | पाब्लो पिकासो | जीवनी | १५९ |
| १३. | पख्नोस् | निबन्ध | १७६ |
| १४. | घरको माया | एकाङ्की | १८८ |
| १५. | गाउँमाथि एउटा कविता | कविता | २०७ |
| १६. | आयाम | कथा | २१८ |
| १७. | सुनाइ पाठ | | २३५ |

## व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | मिना भुसाल |
| जन्म मिति | : | २०४९/११/२५ |
| स्थायी ठेगाना | : | भूमिकास्थान नगरपालिका ६, अर्घाखाँची |
| पिताको नाम | : | झविलाल भुसाल |
| माताको नाम | : | शसिकला भुसाल |
| नागरिक | : | नेपाली |
| धर्म | : | हिन्दु |
| लिङ्ग | : | महिला |
| शैक्षिक योग्यता | : | स्नातकोत्तर (अध्ययनरत) |
| सम्पर्क नं | : | ९८४३४४१२९७ |
| इमेल | : | minabhusal42@gmail.com |

| तह | शिक्षण संस्था | उत्तीर्ण साल | श्रेणी |
|---|---|---|---|
| एस.एल.सी | जनप्रिय मा.वि असुरकोट अर्धाखाँची | २०६३ | द्वितीय |
| उच्च माध्यमिक | राममणी क्याम्पस, बुटवल | २०६६ | द्वितीय |
| स्नातक | महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं | २०७६ | द्वितीय |
| स्नातकोत्तर | महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौं | २०८० | शोधवर्ष |